क्यूबाको पक्षमा अन्तराष्ट्रिय एक्यबद्धता सम्मेलनको विस्तृत रिपोर्ट


# मूल्याङ्कन

मूल्य रु: १५ ।-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णांक २५, माघ, २०५१




आफ्नै छोरा बुहारीको आँखामा माओ त्सेतुङ्ग

शुक्रराज शास्त्री कसरी मारिनु भयो ?

"हाम्रो पार्टीको मुसा पनि हात्ती जत्रो"

एमालेको सरकार: भारतीय पत्रकारको आँखामा

## नेपालले पश्चिम बंगालबाट के सिक्नु पर्छ ?

वाम-मोर्चाको १७ वर्षे शासन:

- ★ आफ्नै पार्टी नेता र मन्त्रीको आँखामा
- ★ भा.क.पा. (माले) र एस.यु.सि.आई. को आँखामा

इण्डोनेशिया: जहाँ मानव अधिकारको नाममा पनि मान्छे मारिन्छ

हिन्दी फिल्म 'डर' को समीक्षा



# GET THE PANTHER PROTECTION

Panther; the modern contraceptive for responsible men. Made in U.S.A. Electronically tested. Lubricated, strong and reliable.

Panther protects from unwanted burden, STDs and AIDS.

Now, in a new attractive pack. Easy to keep, easy to carry. Available whenever and wherever you need it.

Panther; the first choice of men who understand that family planning is also a male responsibility and takes responsibility for protecting his family.

Get yourself the Panther Protection.





*Panther for protection.*
*Panther for family planning.*

Marketed by:

Nepal CRS Company Pvt. Ltd.

DAEWOO
COLOR TV





CLEAR PICTURE
CLEAR SOUND
CLEAR *CHOICE*

**DAEWOO**
**HIGH TECHNOLOGY COLOR TV**

- Only TV in Nepal with **SUPERVISION - S** technology to give you crystal clear picture.
- Multisystem
- 24 - months guarantee
- New Total Control (including auto search) remote control
- Woofer - type double speakers
- Automatic switch - off if no programme / telecast
- plus many more additional features.

**Him Electronics P. Ltd.**



# नेपालको वाम सरकारले पश्चिम बंगालबाट के सिक्नु पर्छ ?

## पश्चिम बंगालको १७ वर्षे शासनका सकारात्मक र नकारात्मक शिक्षा के के हुन् ?

*कलकत्ताबाट 'मूल्यांकन' ले पश्चिम बंगाल सरकारका शिक्षा मन्त्री र पार्टी नेतासँग एवं सत्तामा नरहेका अन्य भारतीय कम्युनिष्ट पार्टीसँग लिएको विस्तृत अन्तर्वार्तासहित पश्चिम बंगालको वाम-मोर्चा सरकारबारे धारणा बनाउन जरूरी अन्य सामग्रीहरू* ५

# क्यूबाको पक्षमा सम्पन्न विशाल अन्तर्राष्ट्रिय ऐक्यबद्धता सम्मेलनको

## विस्तृत विवरण २०



*विभिन्न देशका व्यक्तित्वहरूका उद्गारहरू र सम्मेलनको घोषणा-पत्र र आगामी कार्यक्रम सहित जीवन्त चित्रण*

- ✯ इण्डोनेशिया, जहाँ मानव अधिकारका नाममा पनि मान्छे मारिन्छन् २५
- ✯ क. माओ : आफ्ना छोरा र बुहारीको आँखामा २८
- ✯ शहीद शुक्रराज शास्त्रीको आखिरी क्षणको झलक ३१
- ✯ हिन्दी फिल्म 'डर' को समीक्षा ३४





**हाम्रो मूल्यांकन**
नेपाल-भारत सम्बन्ध ४
**घटना र प्रवृत्ति**
चेचेन्याको संघर्षको वास्तविक कारण - क. गेस हल ४३
क. स्लोभोको मृत्यु ४३
दलित जातीय मुक्ति समाजका अध्यक्षसँग अन्तर्वार्ता ४४
प्रगतिशील लेखक संघको सक्रियता ४४
क. सीतारम्मैया रिहा ४२
**विचार-मञ्च**
एमाले सरकारबारे भा.क.पा. मालेपक्षीय पत्रकारको विश्लेषण १७
**नीति/संस्कृति**
"हाम्रो पार्टी र गूटको मुसा हात्ती जत्रो छ" - चन्द्रदेव नेपाली ३२
**पर्दा/रंगमंच**
"देऊमाइको किनारमा" को प्रिमियर- शो सम्पन्न ३६
**अनुभूति**
विजय सुब्बाका अनुभूतिहरू १९
**साहित्य**
गोबिन्द बर्तमानका दुई कविताहरू ३७
**विज्ञान/प्रविधि**
आफ्नो ब्लड ग्रुप थाहा पाउनु राम्रो ४२
**पाठकको प्रश्नः नेताको जवाफ**
क. दीनानाथ शर्मा र क. दीपक शर्माको जवाफ ४५
**पाठकको कुरो** ४६


**हार्दिक बधाइ**

*हाम्रा सल्लाहकारहरू क. पद्मरत्न तुलाधरले श्रम तथा स्वास्थ्य मन्त्रीको पदभार सम्हाल्नु भएकोमा र डा. कमलकृष्ण जोशीले त्रि.वि.को उप-कुलपतिको, प्रा. हर्षनारायण धौभडेलले भारतका निम्ति नेपालका राजदूतको र डा. चैतन्य मिश्रले राष्ट्रिय योजना आयोगको सदस्यको पदभार सम्हाल्नु भएकोमा उहाँहरूप्रति हाम्रो हार्दिक बधाइ र शुभकामना !*

आवरण फोटो : क.फिडेल क्यास्त्रो र क. ज्योति बसु/ कलर स्क्यानिङ :- प्रिज्म कलर स्क्यानिङ, कुलेश्वर/ फोटोः उषा

**मूल्याङ्कन**

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १३, पूर्णाङ्क २५
२०५१, माघ

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

**व्यवस्थापन सहयोगी**
बेखबहादुर महर्जन

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**

"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, भोछें, ख- २,२३७
काठमाडौं- २३
फोन २१३६९४
पोब नं. ३०२६, काठमाडौं


# अब नेपाल-भारत सम्बन्धलाई फेरि परिभाषित गर्ने बेला आएको छ

वाम सरकार सत्तामा आएको दुई महिना बितेको छ । सरकारका सामु विद्यमान चुनौतिहरूमध्ये एउटा निकै गम्भीर चुनौति हो- नेपाल-भारत सम्बन्ध ।

विगतका प्रतिक्रियावादी शासकहरूले नेपाललाई स्वतन्त्र, समान र सार्वभौम राष्ट्रका रूपमा उभ्याउने गरी नेपाल-भारत सम्बन्धलाई विकसित गर्ने जमर्को कहिल्यै गरेनन् । पटक-पटक असमान सन्धि र आत्म-समर्पणवादी व्यवहारद्वारा नेपालको अस्मितालाई बलात्कार गर्ने कार्य इतिहासमा भइरहृयो । यही घुँडाटेकुवा नीतिका कारणले भारतीय शासक वर्गले नेपाललाई आफ्नो एउटा राज्यभन्दा पनि तल ठान्ने स्थिति ज्यूँ का त्यूँ रहिरहृयो । अब इतिहासका ती सबै भूलहरूलाई सच्याउने बेला आएको छ । समानता, स्वतन्त्रता र पारस्परिक लाभका आधारमा नेपाल-भारतबीचका सारा सम्बन्धहरूलाई फेरि परिभाषित गर्ने बेला आएको छ । नेपालका हात खुट्टामा भुण्डिरहेका राष्ट्रिय पराधीनताका सारा साङलाहरूलाई चुंडाउने बेला आएको छ ।

२०५१ सालको स्वतन्त्र नेपाललाई मोहन समशेरको पालामा भएको असमान शान्ति तथा मैत्री सन्धिको माखे-साङलोले बेरिराख्नु निकै ठूलो राष्ट्रिय अन्याय हो । कोशी तथा गण्डक सम्झौताले नेपालको राष्ट्रिय स्वाधीनतामा लगाएको घाउलाई अहिले पनि आलै लिएर हिंडिराख्नु पर्ने कुनै कारण छैन । नेपालले हतियार किन्दा भारतको अनुमति लिनुपर्ने जस्तो दासताजन्य बूँदा भएको १९६५ को सम्झौतालाई लिएर हामी कसरी यो दावी गर्न सक्छौं कि हामी सार्वभौम राष्ट्र हौं ? जनआन्दोलनपछि पनि नेपालको राष्ट्रिय हित विपरीत भएको टनकपुर तथा अन्य जलस्रोत सम्बन्धी सम्झौतालाई चुपचाप स्वीकार गरेर हामी कसरी टाउको उठाएर हिंडन सक्छौं कि हामी स्वतन्त्र र समान राष्ट्र हौं ?

राष्ट्रिय स्वाधीनतामा बञ्चरो हान्ने यी सबै सन्धि-सम्झौताहरूका विरूद्ध बुलन्द आवाज उठाउने काम नेपालको वामपन्थी शक्तिले नै गर्दै आएको हो । वामपन्थी शक्तिले अगुवाइ गरेको सशक्त जनविरोधको आवाजले गर्दा नै नेपाल अहिलेको हदसम्म थोरै भए पनि स्वतन्त्र र सार्वभौम बन्न सकेको हो ।

अहिले त्यही वामपन्थी शक्तिमध्येको सबैभन्दा ठूलो पार्टी नेपालको सरकारमा आएको छ । हिजो सडक र सदनबाट जे माग गरिन्थ्यो, त्यसलाई आफैंले, आफ्नै तजवीजमा व्यवहारमा लागू गर्ने स्थिति अहिले उपलब्ध भएको छ । यो बेलामा पनि विगतका ऐतिहासिक भूलहरूलाई सच्याउने काम भएन भने यो कहिले हुने र कसबाट हुने ?

त्यसैले, नेपालका जनताले एमालेको सरकारबाट यतिखेर ठूलो आशा राखेका छन् कि यो सरकारले नेपाल-भारत सम्बन्धमा रहेका विगतका त्यस्ता सबै अन्यायपूर्ण र असमान भोटे-सांग्लाहरूलाई चुंडाल्नेछ, यो वा त्यो निहुंमा नेपालको राष्ट्रिय स्वाधीनतामा नोक्सानी पुऱ्याउने कुनै पनि सम्बन्धहरूलाई ज्यूँ का त्यूँ बाँकी राख्ने छैन । यो एमालेको आफ्नै चुनावी प्रतिज्ञा पनि हो ।

अहिले प्रधानमन्त्री र उपप्रधानमन्त्रीको भारत भ्रमणको मेलो चलेको छ । आफ्नो प्रतिज्ञालाई कार्यान्वयन गर्न थाल्ने यो एउटा अत्यन्त अनुकूल अवसर हो । अहिले आम नेपालीको भावना के छ भने, वाम सरकारले नेपाल-भारत सम्बन्धलाई सुमधुर पार्ने कार्य गरोस् । तर यो सुमधुरता कुनै पनि हालतमा हाम्रो राष्ट्रिय स्वाधीनताको मूल्यमा नहोस् । नेपाली जनता हमेशा भारतीय जनता र भारत राष्ट्रसित सुसम्बन्ध चाहन्छ, तर कुनै सुन्दर वस्त्रमा पनि भारतीय शासक वर्गको गुलामी चाहँदैन ।

स्वतन्त्रता, समानता र पारस्परिक लाभमा आधारित नयाँ मैत्री तथा शान्ति सन्धि नेपालको अहिलेको पहिलो खाँचो हो । सरकारले प्रतिबद्धताका साथ प्रयत्न गऱ्यो भने यस्तो सन्धि गर्न सक्ने स्थिति विद्यमान छ । विगतका सारा असमान सन्धिहरूको खोरेजी योसँग नै जोडिएको अर्को महत्वपूर्ण आवश्यकता हो । टनकपुरको सवालमा अहिले परियोजना बनी नै सकेको छ । यसमा नेपालले अब गर्न सक्ने कुरो हो- त्यसमा नेपाली भूमि र नेपालको सार्वभौम सत्ताको स्पष्ट स्वीकारोक्ति र समानताको आधारमा नेपालले त्यस आयोजनाबाट प्राप्त गर्ने पानी र बिजुलीको स्पष्ट उल्लेख ।

नेपालमा स्वतन्त्र अर्थतन्त्रको विकास गर्ने हो भने- अर्को महत्वपूर्ण आवश्यकता हो- नेपाल-भारत सीमा नियन्त्रण । यी अहिलेको वाम सरकारले गर्न सक्ने सीमाभित्रका कदमहरू हुन् । मात्र आवश्यकता छ- राजनीतिक प्रतिबद्धताको । हामी आशा गर्छौं- नेपालको पहिलो वाम सरकारले यो प्रतिबद्धता देखाउने छ । ❑❑

आवरण कला : आइडियल डिजाइनर्स/ कम्प्युटर : **नेप्युटर,** बागबजार / मुद्रक : इन्द्रेणी अफसेट प्रेस, बागबजार, फोन नं. २२५१५४

# नेपालको वाम सरकारले पश्चिम बंगालबाट के सिक्नु पर्छ ?



*पश्चिम बगालका मुख्य मन्त्री तथा भा.क.पा. (मार्क्सवादी) नेता क. ज्योति बसु*

नेपालमा एमालेको सरकार बनेपछि हाम्रो छिमेकी देश भारतको एक चर्चित राज्य पश्चिम बंगालमा विगत १७ वर्ष अघिदेखि भा.क.पा. (मार्क्सवादी) को नेतृत्वमा राज्य गर्दै आएको "वाम-मोर्चा" सरकारका गतिविधिहरू जान्ने-बुझ्ने चाख हाम्रा पाठक वर्गमा बढ्नु स्वाभाविकै हो । देशको केन्द्रीय स्तरमा नभए पनि र एउटा राज्य स्तरमै भए पनि १७ वर्षदेखि मर्क्सवादको नाममा शासन हुँदै आएको पश्चिम बंगालबाट हुन पनि हामीले सिक्नुपर्ने कुराहरू थुप्रै हुनसक्छन् । हाम्रो देशको सीमासँगै जोडिएको ठाउँ भएर पनि त्यहाँको काम-कारवाहीबारे हामीलाई कम कुराहरू मात्र थाहा छ ।

यही कारणलाई मध्यनजर राखेर "मूल्यांकन" का तर्फबाट हाम्रा प्रधान सम्पादक श्याम श्रेष्ठ र सह-सम्पादक राजेन्द्र महर्जन पश्चिम बंगालका उपलब्धि र कमी-कमजोरीहरूबारे छोटो अध्ययन गर्न गत महिनाको अन्ततिर एक हप्ताको निम्ति कलकत्ता गएर आउनु भएको छ ।

कलकत्तामा क. ज्योति बसुसँग भेटघाट गर्ने र अन्तरवार्ता लिने हाम्रो योजना क. बसुको अत्यन्त व्यस्तताको कारण संभव भएन । पश्चिम बंगाल राज्य सरकारका माध्यमिक शिक्षा मामलाका मन्त्री क. कान्ति विश्वास, जो भा.क.पा. मार्क्सवादीका पश्चिम बंगाल राज्य कमिटीका सदस्य पनि हुनुहुन्छ, सँग गरिएको भेटघाट र लिइएको अन्तरवार्ताबाट पनि उहाँहरूका काम-कारवाहीहरूबारे थुप्रै जानकारीहरू हासिल भए ।

यस अंकमा हामीले सो अन्तर्वार्ताका मुख्य अंशहरू पाठकहरू सामु प्रस्तुत गरेका छौं । त्यस पार्टीका पोलिटब्यूरो सदस्य तथा राज्य कमिटीका सेक्रेटरी क. शैलेन दास गुप्तासँग मूलतः सैद्धान्तिक सवालमा लिइएको अन्तर्वार्ता पनि यसैसाथ प्रस्तुत गरिएको छ ।

अन्य वामपन्थी पार्टीहरूको साथ लिएर भा.क.पा. (मार्क्सवादी) को नेतृत्वमा बनेको पश्चिम बंगालको वाम-मोर्चा सरकारका काम कारवाहीबारे सरकारमा नरहेको तर भारतमा प्रभावकारी भूमिका भएको क. विनोद मिश्रको नेतृत्वको भा.क.पा. (माले) लिबरेशनका राज्य सेक्रेटरी र पोलिटब्यूरो सदस्य क. कार्तिक पाल र राज्य सदस्य क. पार्थ घोषसँग लिइएको अन्तर्वार्ता पनि हामीले यहाँ प्रस्तुत गरेका छौं । भारतको अर्को प्रभावकारी कम्युनिष्ट पार्टी एस.यू.सी.आई. का पश्चिम बंगाल राज्य-सेक्रेटरी क. प्रभाष घोषसँग पनि भेट र कुराकानी भएको तर उहाँसँग अन्तर्वार्ता लिन नसकिएकोले त्यस पार्टीका प्रकाशनहरूबाट उद्धृत गरी उहाँहरूको धारणा यसैसाथ प्रस्तुत गरिएको छ । पश्चिम बंगालको वाममोर्चा सरकारबारे समग्रमा धारणा बनाउन यी सामग्रीहरूले पाठकवर्गलाई सहायोग पुऱ्याउने आशा हामीले लिएका छौं- मूल्यांकन । ☞



# पं. बंगालको १७ वर्षे वाम-मोर्चा शासनका सकारात्मक र नकारात्मक शिक्षा के-के हुन् ?

**वाम-मोर्चा सरकारका प्रतिज्ञाहरू र व्यवहारहरू, भूमिसुधार, रोजगारी, बजार भाउ, औद्योगिक उत्पादन र सांस्कृतिक नीतिको विश्लेषण**

पूर्वी भारतीय राज्य पश्चिम बंगाल त्यस्तो राज्य हो- जहाँ भारत देश सिंगैमा पूँजीवादी राज्यसत्ता हुँदाहुँदै पनि र केन्द्रीय सरकार पूँजीवादी कांग्रेस (आई) को हातमा हुँदाहुँदै पनि एउटा राज्यमा चाहिं वाम-मोर्चाको सरकार छ। साइजमा नेपाल भन्दा झण्डै आधा जति सानो तर जनसंख्याको हिसाबले नेपालभन्दा झण्डै साँढे तीन गुना बेसी जनसंख्या भएको यस राज्यमा पहिलो वाम वापमन्थी संयुक्त मोर्चाको सरकार १९६७ मा आएको हो। त्यो संयुक्त मोर्चाको सरकार छोटो समयसम्म मात्र टिक्यो। त्यसपछि फेरि १९६९ मा आयो र दुई वर्ष गुजार्‍यो। तर १९७७ पछि भने वाम-मोर्चाले लगातार चार पटक विधान सभाको बहुमत जितिरहेछ र सरकार चलाइरहेछ। २९५ सीटको विधान सभामा अहिले वाम-मोर्चाको २५३ सीट छ। त्यसमध्ये पनि भाकपा (मार्क्सवादी) को मात्र १८१ सीट छ।

पश्चिम बंगालको १७ वर्षे वाम शासनको अनुभवमा त्यस्ता के राम्रा नराम्रा कुराहरू छन्, जसबाट नेपालको पहिलो वाम सरकारले सिक्न जरुरी छ ? भारतको कुल खेतीयोग्य भूमिको तीन प्रतिशत भूमि मात्र आफूसित भएर पनि कुल जनसंख्याको आठ प्रतिशतलाई धानिरहेको पश्चिम बंगालमा वाम सरकारले त्यस्ता के कुराहरू गरिरहेछ, जसबाट हामीले पाठ सिक्न सक्छौं ?

यही जिज्ञासा मेट्न हामी गएको महिना कलकत्ता गयौं, कलकत्ता जहाँ पश्चिम बंगालको अर्थतन्त्र र राजनीतिकै स्नायु-केन्द्र छ, जहाँ पश्चिम बंगालका मुख्य-मुख्य नीति निर्माताहरू रहेका छन्। यो लेख हाम्रो त्यही भ्रमणको उपज हो।

पश्चिम बंगाल र नेपालकाबीच केही भिन्नताहरू नरहेका होइनन्। नेपालमा केन्द्रीय सरकार नै वामपन्थीको हातमा छ। त्यसैले यसले केन्द्रीय नीति निर्णयहरू नै गर्न सक्छ। पश्चिम बंगालको वाम सरकारको लागि त्यो सुविधा उपलब्ध छैन। बंगाल पूँजीवादी अर्थतन्त्रको विकास, राजनीतिक-सांस्कृतिक आन्दोलनको विकासको हिसाबले भारतकै अग्रणी राज्य हो। नेपाल ती क्षेत्रमा धेरै पछौटे र भरखरै वामे-सर्न थालेको मुलुक हो। यी र यस्ता भिन्नताहरू छन् नै, तथापि एउटा पूँजीवादी राज्यसत्ता र संविधानको सीमाअन्तर्गत पनि एउटा वामपन्थी शक्ति चुनावद्वारा सरकारमा आउन समर्थ भयो भने के गर्ने ? यो सवाल दुवै ठाउँको लागि उत्तिकै पेचिलो र चुनौतिपूर्ण सवाल हो। त्यही सीमाअन्तर्गत १७ वर्षसम्म एउटा वामपन्थी शक्तिले सरकार चलाएको अनुभव नेपालको लागि निकै सान्दर्भिक र उपयोगी हुन सक्छ। यही विचारले हामी गएको महीना पश्चिम बंगालको राजधानी गयौं, जहाँ एउटै शहरमा नेपालको आधाभन्दा बेसी जनसंख्या अटाएको छ।

## प्रतिज्ञाहरू र व्यवहारहरू

वाम-मोर्चाको सरकार पहिलो चोटि सत्तारुढ हुँदा त्यसले त्यहाँ जनतासामु निकै राम्रा र प्रगतिशील प्रतिज्ञाहरू गरेको रहेछ। केही उल्लेखनीय प्रतिज्ञाहरू यस्ता रहेछन्-

❑ *जनताको प्रजातान्त्रिक आन्दोलनमाथि र वर्ग संघर्षमाथि दमन गर्न वाममोर्चाको सरकारले प्रहरीहरू पठाएर हस्तक्षेप गर्ने छैन*

❑ *सरकारले भूमिसुधार गर्नेछ, सामन्ती स्वामित्व उन्मूलन गर्नेछ, अधियाँमा जग्गा कमाउने मोही अर्थात् "वर्गदार" हरूलाई वर्गदारको रुपमा दर्ता गरेर हक दिलाउने छ र हदबन्दीभन्दा बढी जमीन मुफतमा भूमिहीनहरूलाई बाँडिने छ*

❑ *काम गर्न सक्षम सबै मानिसलाई रोजगारी दिलाइने छ*

❑ *बेरोजगारहरूलाई बेरोजगार-भत्ता दिलाइने छ*

❑ *जनताका आवश्यकताका बस्तुहरूको भाउ तोकिने छ र जथाभावी भाउ बढाउने एकाधिकार पूँजीपति वर्गलाई, काला बजारियाहरूलाई कानूनी कार्वाही गरिनेछ*

*पूँजीपतिहरूले जथाभावी बन्द गरेका उद्योगहरूलाई सरकारले खोल्ने छ। निश्काशित मजदूरहरूलाई पुनर्वहाली गर्नेछ।*

यी प्रतिज्ञाहरू नेपालको लागि पनि सान्दर्भिक छन्। नेपालको वाम सरकारले पनि जनतासामु यिनै प्रतिज्ञाहरू गर्नु नेपालको क्रान्तिकारी आन्दोलनको विकासमा निकै ठूलो फड्को हुनेछ। सबभन्दा महत्वपूर्ण र क्रान्तिकारी प्रतिज्ञा त यो हो कि वाम सरकारले जनताको न्यायपूर्ण प्रजातान्त्रिक आन्दोलनलाई र वर्ग संघर्षलाई दबाउन प्रहरी र प्रशासनयन्त्र प्रयोग गर्न दिने छैन। सरकारले जनताको न्यायपूर्ण प्रजातान्त्रिक आन्दोलन र वर्ग संघर्षमा ढालको रुपमा काम गर्नेछ। यो एउटा क्रान्तिकारी वाम सरकारले मात्र गर्न सक्ने प्रगतिशील प्रतिज्ञा हो। नेपालको पहिलो वाम सरकारले पनि यही प्रतिज्ञा जनतासमक्ष गर्नु जरुरी छ र यसलाई व्यवहारमा उतार्नु जरुरी छ।

तर पश्चिम बंगालको विडम्बना के देखियो भने, त्यहाँ वाम मोर्चाको सरकारले यति महत्वपूर्ण प्रतिज्ञाहरू गरेर पनि तिनलाई व्यवहारमा उतार्न सतत संघर्ष र प्रयत्न गरेको भने देखिएन। सरकारका व्यवहारहरू प्रतिज्ञाको ठीक विपरीत भइरहेको पाइयो।

आफ्नै प्रतिज्ञाको विपरीत वाम मोर्चाको सरकारले जनताको न्यायपूर्ण र बैधानिक आन्दोलनमाथि पनि नृशंस रुपले प्रहरी हस्तक्षेप गरेको पाइयो। १९८४ देखि ८८ को बीचमा मात्र वाम मोर्चा सरकारका प्रहरीहरूले जनताको आन्दोलनमाथि १२५४ पटक गोली चलाएको र ४६३ जना मानिस मारेको देखियो।

CPI (ML) का पश्चिम बंगाल राज्य कमिटीका सेक्रेटरी क. कार्तिक पालका अनुसार उनीहरूले हालसालै मात्र पनि आफ्ना पार्टीका ५ जना कार्यकर्ता मारिदिएका छन्। प्रहरीहरूले मजदूर आन्दोलनमाथि, किसान आन्दोलनमाथि र जनताका न्यायपूर्ण आन्दोलनमाथि दमन गर्नु त पश्चिम बंगालामा सामान्य कुरा भइरहेछ।

अर्को वामपन्थी पार्टी SUCI का अनुसार पश्चिम बंगालमा अहिले पुलिस-राज छ। उनीहरूको मुख पत्र Proletarian Era डिसेम्बर १, १९९२ का अनुसार महंगी र सवारी भाडा बृद्धिका विरुद्ध वैध आन्दोलन गर्दा पनि हरिहरपाडामा प्रहरीहरूले गोली हानेर ७ जना मानिस मारेका छन्, जसमा ३ जना त SUCI का कार्यकर्ता छन्। "सबै तानाशाहहरू जस्तै CPI (M) पनि आफ्ना काला करतुतहरूले गर्दा गएको १५ वर्षमा जनताबाट अलगिँदै गएको छ र आफ्नो अस्तित्वको लागि ती पुलिसमाथि पूरापूर भर पर्दैछ, जो जनताको सानोतिनो विरोधमा पनि उनीहरूलाई कुल्चिनका निम्ति ठीकठाक पारिएका र तालिम प्राप्त छन्।"

मजदूरहरूको हलताल तोड्न प्रहरीहरू र CPI (M) को मजदूर संगठन CITU एकताबद्ध भएर लाग्ने घटना पश्चिम बंगालमा आम बनीसकेको रहेछ। त्यस्तै जोताहा किसानहरूको संघर्षमा CPI (M) का मानिसहरू र प्रहरीहरू त्यहाँका धनी किसान "जोतेदार" र जमीन्दारसँग मिलेर दमन गरेका घटनाहरू पनि त्यहाँ बग्रेल्ती रहेछन्। अचेल वाम मोर्चाका मुख्य मन्त्री क. ज्योति बसु स्वयंले मजदूरहरूलाई हडताल नगर्न आह्वान गर्न थालेका रहेछन्, किनकि यसो गर्दा लगानीकर्ताहरू, बहुराष्ट्रिय कंपनीहरू डराउँछन् र पश्चिम बंगालबाट भाग्छन्।

यी सबै घटनाहरूले के इंगित गरेका छन् भने, पश्चिम बंगालको वाममोर्चाको सरकारले आफ्ना क्रान्तिकारी प्रतिज्ञाहरू पूरै बिर्सेको छ। जुन मजदूर वर्गको स्वार्थको प्रतिनिधित्व गर्छु भनेर यो १९७७ मा सरकारमा आएको थियो, त्यो वर्गको प्रतिनिधित्व गर्न उसले अब छोडेको छ। उसले अब हाक्काहाक्की पूँजीपति वर्गको स्वार्थको प्रतिनिधित्व गर्न थालेको छ।

## भूमिसुधार

पश्चिम बंगालको सरकारले आफ्नो सबैभन्दा उल्लेखनीय काम त्यहाँ गरिएको भूमिसुधारलाई ठान्दोरहेछ। अधियाँ वा बटैयामा जग्गा कमाउनुलाई उनीहरू "वर्गा" (Share Cropping) भन्दा रहेछन्। तिनीहरूलाई बर्गदार अर्थात् मोहीको हक दिलाएर सरकारी रेकर्डमा चढाउनुलाई उनीहरू "अपरेशन वर्गा" भन्दा रहेछन्।

जम्मा करीब ३५ लाख त्यस्ता वर्गदारहरू पश्चिम बंगालमा भएकोमा १९९१ सम्ममा खालि १४ लाख ३९ हजारले मात्र आफ्नो नाम सरकारी रेकर्डमा दर्ता गर्न सकेका रहेछन्। जमीन्दार र जोतेदारहरूले भूमिसुधार कर्मचारीहरूलाई घुस ख्वाएर वा मोहीलाई तर्साएर आफ्नो नाम सरकारी खातामा दर्ता गर्न नै दिएनछन्। नाम ती ठाउँमा मात्र राम्ररी दर्ता हुन सकेछ, जहाँ किसान आन्दोलन बलियो स्थितिमा थियो। त्यसमाथि थप, "अपरेशन वर्गा" लाई राज्यको उच्चतम अदालतले कानूनी मान्यता दिन इन्कार गरेछ।

पश्चिम बंगालमा गरिएको अर्को उल्लेखनीय काम- हदबन्दीभन्दा बढी जमीन राज्यले पैसा तिरेर लिएर भूमिहीन किसानमा तिनको निःशुल्क वितरण हो (१८ एकडलाई त्यहाँ हदबन्दी तोकिएको

सबभन्दा महत्वपूर्ण र क्रान्तिकारी प्रतिज्ञा त यो हो कि वाम सरकारले जनताको न्यायपूर्ण प्रजातान्त्रिक आन्दोलनलाई र वर्ग संघर्षलाई दबाउन प्रहरी र प्रशासनयन्त्र प्रयोग गर्न दिने छैन।



कलकत्ताको सडकमा मान्छेले तानेर चलाउने यी टांगा-रिक्साहरूको सही समाधान के ?.

# क. ज्योति बसु के भन्नु हुन्छ ?

**वाम-मोर्चा सरकारको उपलब्धिबारे**

*हाम्रो सरकार वामपन्थी सरकार हो । तर हामीले सीमित सत्ताधिकार मात्र लिएर काम गर्नु परेको छ । हामीले के गरेका छौं भने- कार्यक्रम बनाइएको छ, जनताबीच लगिएको छ र उनीहरूलाई भनिएको छ- कति हामी गर्न सक्छौं र के हामी गर्न सक्दैनौं । यही व्यवस्थाअन्तर्गत पनि हामीले के देखाउन चाहन्छौं भने हामी (अरु राजनीतिक पार्टीहरू भन्दा) राम्रो काम गर्न सक्छौं । यसका निम्ति हामी भूमिसुधारमा निकै ठूलो जोड दिन्छौं । हामीले भूमिहीन जनतालाई जमीन बाँडेका छौं उनीहरूलाई, सिंचाई सुविधा उपलब्ध गराएका छौं र उनीहरूलाई, हाम्रो बैंकसित संबद्ध गराएका छौं । हामीले पञ्चायतहरूलाई (गाउँ तहका र स्थानीय स्वायत्त सरकारलाई) पनि अधिकार प्रत्यायोजन गरेका छौं । गाउँले क्षेत्रमा रोजगारी सिर्जना गरेर हामीले उनीहरूलाई शहरमा ठूलो संख्यामा ओइरिनबाट रोक्न सकेका छौं । संक्षिप्तमा हामीले विकेन्द्रीकरणद्वारा जनतालाई शक्तिसम्पन्न पार्ने प्रयत्न गरेका छौं । केन्द्रीय सरकारलाई पनि हामी यही गर्न भन्छौं ।*

**बहुराष्ट्रिय कम्पनीहरूबारे**

*राम्रा बहुराष्ट्रिय कम्पनीहरू पनि छन्, नराम्रा पनि । जसरी होस्, हामी प्रविधि चाहन्छौं । तर हामीले याद राख्नु पर्छ- हामीसित ठूलो श्रम शक्ति छ । हामी सबै किसिमको पूँजी-सघन प्रविधिलाई खुला छोड्न सक्दैनौं ।*

*स्रोत : Newsweek, अगस्त २६, १९९१ को अन्तर्वार्ताबाट*

**मजदूर वर्ग र मजदूर आन्दोलनबारे**

*... हामीले गर्न सक्ने कुरा हो- विवाद र हडतालहरूलाई सकेसम्म कम गर्नु । ...हडताल गर्ने अधिकार निश्चय नै मजदूर वर्गको मौलिक अधिकार हो । तथापि हामी मजदूरहरूलाई के सुझाव दिन्छौं भने- यसलाई उनीहरूले अन्तिम अस्त्रका रुपमा मात्र प्रयोग गरुन्, जब समस्या हल गर्ने अरू उपायहरू फेल खान्छन् । ...ट्रेड यूनियन आन्दोलनमा हिंसाको लागि कुनै ठाउँ छैन । जब केही यस्ता केशहरू घटित हुन्छन्, प्रहरी कार्यवाही र फौज्दारी मुद्दा पनि हुने गरेका छन् ।*

**वाम मोर्चा सरकारको उद्देश्यबारे**

*... दुबै पक्षको सहयोगी प्रयत्नहरूद्वारा उत्पादनशील क्रियाकलापहरूको बृद्धिका लागि हामी जोडका साथ वकालत गर्छौं । व्यवस्थापन र मजदूर वर्गबीच समझदारी र सन्तोषजनक संबन्ध निश्चितै रुपमा हाम्रो उद्देश्य हो ।*

**कृषि क्षेत्रमा वाम मोर्चा सरकारको उपलब्धिबारे**

*...१९६९-७० देखि १९७९-८० बीचको अवधिमा बंगालमा खाद्यान्न उत्पादनको वार्षिक बृद्धि दर १.७ प्रतिशत थियो, जब कि भारतभरिको बृद्धि दर चाहिं २.५ प्रतिशत थियो । तर ८० को दशकमा आएर स्थिति उल्लेखनीय रुपमा बदलिएको छ ।१९७९-८० देखि१९८८-८९ को बीचमा भारतभरिको वार्षिक खाद्यान्न उत्पादन बृद्धिदर २.४ प्रतिशतमा झर्न पुगेको छ, तर पश्चिम बंगालमा भने वार्षिक बृद्धिदर उल्लेखनीय रुपमा बढेर ३.० प्रतिशत हुन पुगेको छ । यसको साथसाथै ग्रामीण क्षेत्रमा जनताको क्रय शक्ति पनि बढेको छ... ।*

**वाममोर्चाले गरेको भूमिसुधारबारे**

*... राष्ट्रिय नमूना सर्वेक्षणको तथ्यांकअनुसार राष्ट्रिय स्तरमा साना र सीमान्त किसानहरूले कुल जमीनको २९ प्रतिशत ओगटेका छन् । तर पश्चिम बंगालमा भने भूमिसुधारपछि साना र सीमान्त किसानहरूले कुल जमीनको करीब ६० प्रतिशत ओगट्न पुगेका छन् । यदि रेकर्ड गरिएका मोहीहरूले ओगटेको जमीन पनि जोड्ने हो भने गरीब कृषक कामदारहरूले ओगटेको जग्गाको अनुपात ७० प्रतिशतभन्दा पनि बेसी पुगेको छ, जुन भारतभरिको रेकर्ड हो ।*


**उद्योगहरूलाई संरक्षणबारे**

*हामी देशभित्रका उद्योगहरूको अति संरक्षणको अथवा संरक्षित अर्थतन्त्रको विरुद्धमा छौं ।*

*साभार : Jyoti Basu Speaks बाट, Department of Information and Cultural Affeirs, Government of West Bengal 1991*

रहेछ) र यसो गर्दा १२ लाख ३९ हजार ८८७ एकड जमीन हदबन्दीभन्दा बेसी निक्लियो । तर त्यसमध्ये ८ लाख ३६ हजार ८७५ एकड जमीन वितरण गरिएछ ।किसान आन्दोलनको अभावमा बाँकी जमीन अहिले पनि वितरण गर्न सकिएको छैन । वितरण गरिएको जमीनमध्ये पनि, CPI (ML) को दावी छ, ६३ प्रतिशत जमीन नक्सलवादी किसान आन्दोलनको बेला किसान आन्दोलनको दबावमा वितरण गरिएको थियो । वाममोर्चाको सरकारले त खालि २७ प्रतिशत जमीन मात्र वितरण गरेको हो । अझ १४.७ प्रतिशत अतिरिक्त जमीन त उच्चतम अदालतले वितरण गर्न रोक्का गरिराखेको छ ।

पश्चिम बंगालको यो घटनाले भूमिसुधार गर्न उद्यत नेपालको वाम सरकारलाई एउटा गतिलो पाठ सिकाएको छ । त्यो शिक्षा हो- जस्तोसुकै राम्रो कानून पास गरे पनि जनताको सशक्त आन्दोलनको दवाव सिर्जना नगरिकन प्रगतिशील भूमिसुधार वा कुनै पनि सुधार व्यवहारमा कार्यान्वयन गर्नु सम्भव छैन । फगत प्रशासनिक यन्त्रमा भर परेर कुनै पनि क्रान्तिकारी सुधार संभव छैन । सम्पन्न र चलाख चुसाहा वर्गले कर्मचारी यन्त्रलाई हमेशा भ्रष्ट पार्नु र किन्नु संभव छ वा गरीबहरूलाई त्रसित पारेर कर्तव्य विमुख पार्नु संभव छ ।



वाम-मोर्चा सरकारका "सुधार" हरूले बंगालका गाउँहरूमा अहिले अत्यधिक मात्रामा खेतीहर मजदूर जन्माएको छ । ५० लाख किसानहरू त अहिले त्यहाँ खेतीहर मजदूरका रुपमा देखिन्छन् । यसले "जोतेदार" र साना जमीन्दारहरूलाई जमीनका नयाँ पूँजीवादी मालिकका रुपमा बदलिदिएको छ । साना र मध्यम किसानहरू त्यहाँ अहिले अत्यधिक संख्यामा देखिएका छन् । राज्यको ६८ प्रतिशतभन्दा बेसी जमीन उनीहरूसित छ तर ती टुक्रिँदै गएर यति साना बनेका छन् कि खेती गर्नु अब पर्ता नपर्ने भएकाले ती घुमिफिरी जोतेदारहरूकै हातमा पर्न थालिरहेछन् । वाम-मोर्चा सरकारको भूमिसम्बन्धी नीति यस प्रकार जोतेदारमुखी बनेको छ । नेपालमा भूमिसुधार गर्दा यो दोषबाट मुक्त हुन सकियोस्, बंगालबाट नेपालले सिक्नु पर्ने पाठ यो पनि हो ।

त्यसो त बंगालको खाद्यान्न उत्पादन र उत्पादन बृद्धिदर अहिले पनि भारतभरिमा सबैभन्दा बेसी छ । चामल उत्पादनमा यो अहिले पनि पहिलो स्थानमा छ । देशको कुल आलुमध्ये २८ प्रतिशत यहींबाट उत्पादन हुन्छ । र, कोरा जुट मध्ये ६० प्रतिशत बंगालकै उपज हुन्छ । तथापि यो उत्पादन बृद्धिदरबाट फाइदा कसले लिइरहेछ ? वास्तविक जोताहा किसानले ? खेतीहर

**महंगी विरोधी जनताको आन्दोलन सशक्त हुनाले पश्चिम बंगाल अहिले पनि त्यो राज्यको रूपमा चर्चित छ, जहाँ मानिसहरू ५ रूपियाँमा अघोजी माछा-भात खान पाउँछन् ।**



प.बंगालका महल र झुपडीको यो फासला तोड्ने कसरी

मजदूरले ? कि धनी किसान र व्यापारीहरूले ? फाइदा त्यहाँ मूलतः पछिल्लो तप्काले नै धुतिरहेछ ।

## रोजगारी

काम गर्न सक्षम सबै मानिसलाई रोजगारी दिने वाम-मोर्चा सरकरको प्रतिज्ञा विपरीत पश्चिम बंगाल नै अहिले त्यस्तो राज्य भएको छ, जहाँ देशभरिमा सबभन्दा बेसी बेरोजगारी छ । करीब ४५ लाख मानिसहरू त्यहाँ अहिले रजिष्टर्ड बेरोजगार छन् ।

त्यसमाथि थप, त्यहाँ अहिले ४५ हजार उद्योगहरू या त बन्द या रुग्ण अवस्थामा छन् । यो कारणले रोजगारीबाट हात धुनुपरेका मजदूरहरू ५ लाख पुगेका छन् । १९७८ मा अर्थात वाम-मोर्चाले शासन सम्हालेको पहिलो वर्षमा यो संख्या ७९ हजार मात्र थियो ।

पूँजीवादी राज्य सत्ताअन्तर्गत अकेन्द्रीकृत र अयोजनावद्ध अर्थतन्त्रमा काम गर्न सक्षम सबै मानिसले रोजगारी पाउनु विश्वमा कहीं पनि संभव भएको छैन । त्यसैले रोजगारीको प्रतिज्ञा लागु गर्न नसक्नुमा दोष यसको गलत प्रतिज्ञामै देखिन्छ । अझ, उदार अर्थतन्त्रमा त बेरोजगारीको समस्या हल गर्नु अरु धेरै असंभव हुन जान्छ । किनभने उदार अर्थतन्त्रमा उदारता मुख्य गरी पूँजीपतिको लागि मात्र हुन्छ र राज्यले पूँजीपतिको क्रियालापप्रति उदार भएर आँखा चिम्लिनु पर्ने हुन्छ । त्यसैले, उदार अर्थतन्त्र अप्नाउन लागिएको पश्चिम बंगालमा बेरोजगारी घट्ने होइन, त्यो अरु कैयन् गुना बढ्नेवाला छ ।

यो घटनाबाट नेपालको वाम सरकारले पनि सिक्नु जरुरी छ । बेरोजगारी दृढतापूर्वक प्रयत्न गरियो भने केही घटाउन सकिन्छ । तर पूँजीवादी राज्यसत्ताअन्तर्गत काम गरिरहेको कुनै वाम सरकारले यो पूरै हटाउँछु र हरेकलाई रोजगारी दिन्छु भन्ने जस्ता झुठ प्रतिज्ञा जनतासमक्ष कदापि नगरोस् । यस्तो गर्नु योजनावद्ध र केन्द्रिकृत अर्थतन्त्र भएको समाजवादमा मात्र संभव हुन्छ । अझ, उदार अर्थतन्त्र अप्नाउन खोज्नेले त बेरोजगारी हटाउनु बिल्कूलै असंभव हुन्छ ।

वाम-मोर्चा सरकारले प्रयत्न गरेको भए उसले सक्ने कुरो थियो- तालाबन्दीका कारणले रोजगारी गुमाएका मजदूरलाई रोजगारी दिनु । जथाभावी पूँजीपतिले बन्द गरेका कारखानालाई राज्यले हस्तक्षेप गरेर वा आफ्नो कब्जामा लिएर मजदूरहरूको सहभागितामा चलाउनु असंभव हुँदैन । जब यही संभव कुरा नै वाम-मोर्चा सरकारले गरिरहेको देखिएन भने बेरोजगारी हटाउने अरु कुरा गर्नु फगत बकवास मात्रै हुन्छ ।

बेरोजगारीको समस्या हल गर्न नसक्ने हुनाले बेरोगारहरूलाई चुप लगाउन हरेक पूँजीवादी सत्ताले अप्नाउने एउटा उपाय हो- बेरोजगार भत्ता । पश्चिम बंगालमा पनि वाम मोर्चा सरकारले चुनावी प्रतिज्ञा अनुरुप यो दिन थालेको रहेछ- मासिक ३०० भा.रु. । जम्मा तीन वर्षसम्म त्यो दिइँदो रहेछ । पूँजीवादी अर्थतन्त्र नै अप्नाउन लागिएको नेपालको निम्ति बेरोजगार- भत्ता एउटा सान्दर्भिक शिक्षा हुनसक्छ ।

## बजार भाउ

जनताका अपरिहार्य आवश्यकताका वस्तुहरूको भाउ तोक्ने र जथाभावी भाउ बढाउने एकाधिकार पूँजीपतिहरू र काला बजारियाहरूलाई कानूनी कार्वाही गर्ने प्रतिज्ञा सरकार प्रतिबद्ध भयो भने राम्ररी कार्यान्वयन गर्न सकिने प्रतिज्ञा हो । तर पश्चिम बंगालमा यो प्रतिज्ञा पनि प्रभावकारी रुपले कार्यान्वयन गरेको पाइएन । जनताका अपरिहार्य आवश्यकताका वस्तुहरूको भाउ जथाभावी बढ्ने प्रक्रिया त्यहाँ अहिले पनि जारी नै रहेछ । र यसको विरुद्ध त्यहाँ लगातार सशक्त आन्दोलन उठेको पनि रहेछ । तर वाम मोर्चाको सरकार भने काला बजारिया र एकाधिकार पूँजीपतिहरूलाई कार्वाही गर्नुको सट्टा महंगीको दोष केन्द्र सरकारलाई सुम्पेर यो अभिभाराबाट पंछिन प्रयत्नशील रहेछ ।

जनताका अपरिहार्य वस्तुहरूको भाउ जथाभावी बढ्न नदिने हो भने तिनीहरूको आपूर्तिको जिम्मेवारी राज्यले लिनु पर्छ र यसो गर्न संभव पनि छ । तिनीहरूको बिक्री वितरण गर्ने जिम्मा राज्यले लिने हो भने तिनीहरूको भाउ नियन्त्रित सीमाभित्र राख्न मात्र संभव हुने होइन, हजारौं बेरोजगारहरूले काम पनि पाउँछन् । पश्चिम बंगालमा अन्य वामपन्थी पार्टीहरूले यही माग गरेका रहेछन् । तर वाम-मोर्चा सरकार भने यसो गर्न अस्वीकार गर्दोरहेछ ।

यो समस्या नेपलमा पनि छ । पश्चिम बंगालको यो अनुभव नेपालको लागि नकारात्मक गुरु हुन सक्छ । महंगी विरोधी जनताको आन्दोलन सशक्त हुनाले पश्चिम बंगाल अहिले पनि त्यो राज्यको रुपमा चर्चित छ, जहाँ मानिसहरू ५ रुपियाँमा अघोजी माछा-भात खान पाउँछन् । भाउ वृद्धि छ, तर मूल्य सूची त्यहाँ अहिले पनि देशभरिमा सबभन्दा कम छ । यो सकारात्मक कुरा हो ।

## औद्योगिक उत्पादन

औद्योगिक उत्पादनमा पश्चिम बंगाल अेरोलो लगिरहेको राज्यको रुपमा देखिएको छ । ६० को दशकसम्म औद्योगिक उत्पादनमा पहिलो नम्बरमा आउने यो राज्य अहिले तेह्रौ स्थानमा झर्न पुगेको छ । बाटोघाटो बिजुली जस्ता सारा पूर्वाधारहरू पनि यहाँ छन् । फलाम, स्टील, कोइला जस्ता आधारभूत उद्योगहरू यहाँ छन् । समुद्री बन्दरगाह यहीं छ । दक्ष जनशक्तिको पनि कमी छैन । तर उपयुक्त औद्योगिक नीति र बजारको अभावमा यहाँ भएका उद्योगहरू पनि बन्द हुँदै जाँदैछन् । वाम-मोर्चाको सरकार भने यो समस्याको जरो खोज्नुको सट्टा उदार अर्थतन्त्र र निजीकरणमा यो समस्याको तदर्थवादी हल खोजिरहेछ । केन्द्रमा CPI (M) ले GATT महासन्धिमा भारतले हस्ताक्षर गरेकोमा तीव्र विरोध जनाए पनि बंगालमा राज्य सरकारले GATT कै प्रावधानहरूलाई अक्षरशः कार्यान्वयन गर्न खोजिरहेको देखिन्छ ।

## सांस्कृतिक अधपतन

सांस्कृतिक रुपले पनि वाम-मोर्चाको सरकारअन्तर्गत पश्चिम बंगाल प्रगतिको मार्गमा उक्लिरहेको पाइएन । निकै उन्नत सांस्कृतिक विरासत बोकेको पश्चिम बंगालमा अहिले विकृत पूँजीवादी

(बाँकी पेज ४२ मा)

## पश्चिम बंगालः सर्सती हेर्दा

| | |
|---|---|
| जनसंख्या | ६,७९,८२,७३२ (१९९१ को जनगणना) (नेपाल : १,८४,९१,०९७) |
| क्षेत्रफल | ८८,७५२ वर्ग कि.मी. (नेपालः १,४७,१८१ वर्ग कि.मी.) |
| जनसंख्या | पुरुष- ५२.२ प्रतिशत<br>महिला- ४७.८ प्रतिशत |
| शहरी जनसंख्या- | २७.४ प्रतिशत (भारतको औसत २८%) |
| मुख्य भाषा- | बंगाली (८६.३%), हिन्दी (५.९%), सन्थाली (२.९%), उर्दू (२.२%), नेपाली (१.३%) र अन्य (१.४%) |
| साक्षरता- | ५७.७२%<br>पुरुष- ६७.२%<br>महिला- ४७.२% |
| कृषि योग्य भूमि- | देशको कूल कृषियोग्य भूमिको ३ प्रतिशत |
| कृषि योग्य भूमिले धान्नुपर्ने- | देशको कूल जनसंख्याको ८ प्रतिशत |
| खाद्यान्न उत्पादन- | देशको कूल खाद्यान्न उत्पादनको ८ प्रतिशतभन्दा बेसी |
| कूल किसानहरू- | ५८,३५,१७२ |
| खेतीहर मजदूरहरू- | ५०,३७,०७५ |
| कूल रजिष्टर्ड मोहीहरू (वर्गदारहरू)- | १४.३९ लाख (किसानहरूमध्ये २४.६६ प्रतिशत) |
| कूल जमीनको ६० प्रतिशत- | मझौला र साना किसानहरूको हातमा |
| जमीनको औसत आकार- | १ हेक्टरभन्दा सानो |
| मुख्य बालीहरू- | चामल, गहुँ, जूट, चिया, उखु, दलहन, तेलहन, फलफूल |
| मुख्य उद्योगहरू- | रसायनहरू, कोइला, सूती-टेक्सटाइल, गह्रौं र हल्का इञ्जिनियरिङ, फलाम, स्टील, जूट, छाला, जुत्ता, पेय, सवारी साधन, कागज, ओखती, चिया |
| रजिष्टर्ड बेरोजगार जनसंख्या- | ४५ लाख |
| मुख्य खनिज पदार्थहरू- | कोइला, फलाम, म्यांगानिज, सिलिका, लाइमस्टोन |
| विद्युत उत्पन्न- | ४००८ मेघावाट |
| सडकहरू- | पीच २५,९८४ कि.मी. |
| पीच नगरिएको | ३२,०१६ कि.मी. |
| राजमार्ग | १६३१ कि.मी. |
| रेल्वे- | ३८६७ कि.मी. |
| विमानस्थल- | बाग्डोग्रा, कलकत्ता, कूचविहार |
| जन्मदर- | प्रति हजार जनसंख्यामा २६.७ (भारतको २९) |
| मृत्युदर- | प्रति हजार जनसंख्यामा ८.१ (भारतको १०) |
| शिशु मृत्युदर- | प्रति हजार जनसंख्यामा ७०. (भारतको ८७) |
| डाक्टर जनसंख्या अनुपात- | एक डाक्टर बराबर २३०७ जनसंख्या (भारतको २४७१) |

*स्रोत पश्चिम बंगाल सरकार* Introducing West Bengal, West Bangal at a Glanc, The World Almanac, 1993, USA

सी.पी.आई. (एम.) का शिक्षा मन्त्रीसँगको विशेष अन्तर्वार्ता

# वाम मोर्चाको सरकार समाजवादी सरकार होइन

**कान्ति विश्वास, *शिक्षा मन्त्री, माध्यमिक शिक्षा तथा पश्चिम बंगाल राज्य कमिटी सदस्य (भाकपा मार्क्सवादी)***



*❑ तपाईहरूले आफूलाई श्रमिक वर्गको प्रतिनिधिहरूको सरकार भन्नुभएको छ । के तपाई यो प्रकाश पारिदिन सक्नु होला कि गएको सत्र वर्षमा पश्चिम बंगालको वाम मोर्चाको सरकारले श्रमिक वर्गको अधिकार र जीवनस्तर वृद्धिको लागि के-के ठोस कदम चालेको छ, जुन अरू कुनै राज्यमा चालेको पाइँदैन ?*

- पहिलो कुरा त, हामीले यो घोषणा गऱ्यौं कि हाम्रा पुलिसहरू आइन्दा श्रमिक वर्गका कुनै पनि आन्दोलनमाथि दमन गर्न जाने छैनन् । हामी कारखाना मालिकहरूका लागि श्रमिक वर्गको हडताल तोड्न प्रहरी पठाउने छैनौं । दोस्रो, हामीले के घोषणा गऱ्यौं भने- राज्यको मातहतमा चलेका राजकीय उद्योगहरू अराष्ट्रियकरण गरिने छैनन् । तेस्रो, हामीले के पनि घोषणा गऱ्यौं भने- जब-जब श्रमिक वर्ग ज्याला वृद्धिको, बोनस वृद्धिको माग राखेर संघर्षमा उत्रने छन्, हाम्रो सरकारले श्रमिक वर्गको पक्ष लिनेछ । हामी कारखाना मालिकहरूलाई के अनुरोध गर्नेछौं भने- उनीहरूले श्रमिक वर्गको मागलाई ध्यान दिउन् । निश्चय नै हामी श्रमिकहरूको नाजायज मागलाई समर्थन गर्ने छैनौं । तर यो सरकार श्रमिक वर्गको पक्षधर सरकार हो । यसले श्रमिक वर्गको पक्ष लिनेछ ।

यही कारण हो- जसले गर्दा गएको १७ वर्षमा हाम्रा प्रहरीहरू कुनै पनि फ्याक्ट्रीमा चलेको श्रमिक वर्गको हडताललाई तोड्न गएनन्, आन्दोलनलाई दवाउन गएनन् । यस्तो उदाहरण भारतको अर्को कुनै राज्यमा भेटिन्न । पश्चिम बंगालमा अन्यत्र कहींभन्दा मजदूरहरूको मोलतोल क्षमता सबभन्दा बेसी छ ।

*❑ तर हामीले यहाँका मजदूरहरूबाटै के सुन्यौं भने, कारखानामा हडताल हुँदा तपाईका प्रहरीहरू मजदूर नेताहरूलाई पक्राउ गर्न गएका छन् । उनीहरूले हडताल तोड्न बाध्य गरेका छन्, कैयन मजदूरहरूलाई मारेका छन्, १७ वर्षमा २०० जना जति मजदूरहरू मारिइसके । पत्रिकाहरूमा पनि हामीले यस्तै पढ्न पायौं । यो के त ? के यी कुराहरू सत्य हैनन् ?*

- यो पत्रिकाहरूले फिंजाएको हल्ला हो । भारतमा र विशेषत: पश्चिम बंगालमा पत्रिकाहरू धेरैजसो ठूला व्यापारी र उद्योगपतिहरूको हातमा छन् । यी ठूला उद्योगपति र व्यापारी- घरहरू वाम मोर्चाको सरकारका कट्टर विरोधी छन् । त्यसैले उनीहरू यस्ता हल्ला फिँजाउँछन् । समस्या नभएको होइन । उनीहरूले अघि सार्ने घटना कनौडियाको जूट मीलको घटना हो । त्यहाँ हाम्रो यूनियन पनि छ, नक्सलाइटहरूको पनि । त्यहाँ

**पश्चिम बंगालमा देशभरिका मजदूरहरू सुरक्षाको अनुभूति गर्छन्**

नक्सलाइट पक्षधर मजदूरहरूले कारखानाको स्वामित्व नै आफ्नो हातमा लिन खोजे । हामीले उनीहरूलाई भन्यौं- कारखानाको स्वामित्व नै जबर्जस्ती मजदूरहरूले लिनु हुँदैन । सारा उत्पादन प्रक्रिया नै मजदूरहरूले आफ्नो हातमा लिन खोज्नु हुँदैन । त्यसो गरियो भने अरू कारखानाका मालिकहरू सबै डराएर पश्चिम बंगालबाट भाग्नेछन् । हाम्रो मजदूर यूनियन CITU ले यही भन्यो । तर उनीहरूले मानेनन् । पूँजीपतिहरू यहाँ High Court मा गए । हाइकोर्टले पुलिसलाई अर्डर दियो- प्रहरीहरू, तिमीहरू कारखानामा जाऊ, र त्यहाँ उत्पादित सामग्रीहरू बजारमा पठाउन मद्दत गर । मजदूरको घेराबन्दी तोड । हाम्रा प्रहरीहरू हाइकोर्टको आदेशलाई नमान्न सक्दैनन् । यसो गरियो भने उनीहरूलाई अदालतको अपहेलना गरेको आरोप लाग्न सक्छ । त्यसैले, यही आदेशअनुसार मात्र प्रहरीहरू मजदूरहरूको आन्दोलन तोड्न गएका हुन् । हाम्रो आदेशले प्रहरीहरू गएको त्यस्तो कुनै उदाहरण छैन ।

*❑ १७ वर्षमा करीब २०० जना मजदूर तपाईका प्रहरीद्वारा मारिए भन्ने समाचारमा के कुनै सत्यता छैन त त्यसो भए ? के यो हल्ला मात्रै हो त ?*

- विधान सभामा यही प्रश्न उठेको थियो- अहिलेसम्ममा कति मजदूर प्रहरीद्वारा मारिए भनेर । हाम्रा मुख्य मन्त्री गृह मन्त्री पनि हुनुहुन्छ । उहाँले जवाफ दिनुभएको थियो- अहिलेसम्म कुनै मजदूर पनि प्रहरीको गोलीले मरेको छैन ।

*❑ मजदूरहरूको जीवनस्तरलाई माथि उठाउनको लागि के-के कार्य गरेको छ- तपाईहरूको वाम-मोर्चा सरकारले, जुन अरू राज्यमा गरिएका छैनन् ?*

- हाम्रो अर्थतन्त्र केन्द्रीय अर्थतन्त्रकै एउटा भाग हो । त्यसैले यसले केन्द्रीय अर्थतन्त्रबाट अलग्गै त्यस्तो केही कुरा गर्न सक्दैन । त्यो हाम्रो सीमा हो । तैपनि, यही सीमाअन्तर्गत पनि हामीले केही कुरा गरेका छौं, जुन अरू राज्यमा पाइन्नन् । पहिलो कुरा हो, पश्चिम बंगालको मजदूरहरूले किन्ने उपभोग्य वस्तुहरूका मूल्य देशभरिमै सबभन्दा कम छ । त्यस्तै किसानहरूले किन्ने उपभोग्य वस्तुहरूको मूल्य पनि । यसरी स्वभावत: यहाँका श्रमिक वर्गको जीवनस्तर अन्यत्रभन्दा माथि उठाउने कार्य भएको छ ।

दोस्रो कुरा, अन्य कुनै राज्यमा

# मूल्यांकनको प्रश्न : सी.पी.आई. (एम.) का शिक्षा मन्त्रीको जवाफ

भन्दा बेसी पश्चिम बंगालमा मजदूरहरूको संचय कोष वास्तविक रूपमै बैंकमा दाखिला र जम्मा गरिन्छ। तर समस्या यहाँ पनि नभएको होइन। मजदूरहरूको संचय कोष बैंकमा जम्मा नगरी आफैंले चट् पारिदिने पूँजीपतिहरू यहाँ पनि छन्। यी सबका बावजूद, मजदूरहरूको संचय कोष बैंकमा जम्मा हुने राज्यहरुमा पश्चिम बंगाल सबभन्दा माथि छ।


> सरकारको नीति पुलीस पठाएर किसानहरूलाई दवाउनु रहेको छैन। बरू उनीहरूलाई आफ्नो आन्दोलन जारी राख्न प्रोत्साहित गर्नु रहेको छ।

तेस्रो, तपाई-हरूलाई थाहा छ कि छैन कुन्नि, उद्योगमा हाम्रो देशमा सबभन्दा माथि रहेको राज्य महाराष्ट्र हो। त्यहाँ कर्नाटक, केरला, तामिलनाडू जस्ता छिमेकी राज्यहरूबाट हजारौं मजदूरहरू काम गर्न आएका थिए। त्यहाँ शिव-सेना जस्ता साम्प्रदायिक संगठनहरूले महाराष्ट्रदेखि बाहिरका मजदूरहरूको आवास गृहमा हमला गरे र आवाज उठाए कि- महाराष्ट्रका धर्तीपुत्रदेखि बाहेक कसैले पनि महाराष्ट्रमा काम गर्न पाइने छैन। फलस्वरूप, लाखौं मजदूरहरूले त्यहाँबाट भाग्नु पऱ्यो। अन्यत्र पनि यस्तै 'धर्तीपुत्र' को आवाज उठ्यो। तर तपाई पश्चिम बंगालमा हेर्नुहोस्- यहाँ ६० प्रतिशत मजदूरहरू पश्चिम बंगालदेखि बाहिरका छन्। तर यहाँ कहिल्यै पश्चिम बंगालदेखि बाहिरका मजदूरहरू धपाउने आवाज उठेन। यद्यपि, हामीकहाँ भारतभरिमा सबैभन्दा बेसी ४५ लाख युवाहरू त रजिष्टर गरिएका बेरोजगार छन्। त्यसैले, पश्चिम बंगालमा देशभरिका मजदूरहरू सुरक्षाको अनुभूति गर्छन्।

❑ *तपाईहरूले यहाँ बेरोजगारीको समस्या कसरी हल गर्न खोज्नु भएको छ ?*

- यहाँ बेरोजगारीको समस्या छ, त्यो रहिरहनेछ। बेरोजगारीको समस्या जापानमा पनि छ, अमेरिकामा पनि र बेलायतमा पनि। यो पूँजीवादी व्यवस्था भएको कुनै पनि मुलुकमा हुन्छ। समाजवादमा मात्र यसको हल गर्न सकिन्छ।

जहाँसम्म यसलाई कम गर्ने कुरा हो, त्यो साना र मझौला उद्योगहरू विकास गरेर कम गर्न सकिन्छ। हामी यहाँ त्यही उपाय अप्नाउँदैछौं। पूँजी-सघन उद्योगहरूले बेरोजगारीको समस्या हल गर्न मद्दत गर्दैनन्। खालि श्रम-सघन उद्योगहरूले मात्र बेरोजगारीको समस्या कम गर्न मद्दत गर्छन्। साना र मझौला उद्योगहरू श्रम-सघन उद्योगहरू हुन्। हामी यहाँ पहिलो प्राथमिकता साना र मझौला उद्योगलाई नै दिन्छौं, यद्यपि इलेक्ट्रोनिक र कम्प्यूटर उत्पादन गर्ने उद्योगहरू पनि यहाँ खोलिँदैछन्।



❑ *गएको १७ वर्षमा तपाईहरूको यो नीतिको कारणले बेरोजागारहरूको संख्या घटेको छ कि बढेको छ त पश्चिम बंगालमा ?*

- हैन, त्यो त बढेको छ। वर्षेनी भारतमा २.१ प्रतिशतका दरले जनसंख्या बढिरहेछ। तर रोजगारीको अवसर त्यो अनुपातमा बढ्दै गइरहेको छैन। त्यसैले स्वभावतः वर्षेनी बेरोजगारहरूको कूल संख्या बढ्ने नै भो। अहिले पश्चिम बंगालमा त्यो संख्या ४५ लाख पुगेको छ। तर हामीले सत्तामा आउने वित्तिकै गर्न थालेको कुरा- बेरोजगारहरूले आफ्नो नाम Employment Exchange मा राजिष्टर गर्ने व्यवस्था हो। त्यो रजिष्टर गर्नेले मात्र यहाँ काम पाउँछन्, नगर्नेले पाउँदैनन्। अन्यत्र सबै ठाउँमा यो व्यवस्था छैन। १९७७ अघि यहाँ पनि थिएन।

❑ *मजदूर निष्काशन गर्ने, कारखाना तालाबन्दी गर्ने, कामबाट अनायाश छुट्टी दिने, यो समस्या कसरी हल गर्नुभएको छ ?*

- मजदूर निष्काशन गर्ने र कारखाना तालाबन्दी गर्ने समस्या यहाँ छ। किनभने, यहाँ २.५ लाख उद्योगहरू रूग्ण अवस्थामा छन्, भारतभरिमा। भारतमा घरेलु बजार बढ्दै छैन, साँघुरिँदैछ। जनताको क्रय क्षमता घट्दैछ। त्यसैले उत्पादित सामानहरू सबै बिक्री हुँदै छैनन्। हामीले पश्चिम बंगालमा गर्न सकेको कुरा के हो भने- देशभरिमा पश्चिम बंगालका जनताको प्रति- व्यक्ति क्रय क्षमता सबभन्दा बेसी छ। यो हाम्रो तथ्यांक होइन। केन्द्रीय सरकारले आर्थिक सर्वेक्षणमा दिएको ताजा तथ्यांक हो। हामीले गरेको भूमिसुधार, भूमि वितरण, रोजगारीको अवसरमा वृद्धिले गर्दा नै यस्तो हुन सकेको हो। यहाँ, त्यसैले, घरेलु बजार साँघुरिंदैछैन, अन्यत्र जस्तो। यहाँ त्यो विस्तारित हुँदैछ। यहीं कारणले गर्दा यहाँ उद्योगहरू बन्द हुने, रुग्ण हुने र तालाबन्दी गर्ने समस्या अरू राज्यमा भन्दा कम छ।

❑ *मजदूरहरूको निष्काशन र कारखानाको तालाबन्दीमा तपाईहरूले पूँजीपतिको पक्ष लिनुभएको छ भन्दैछन् त यहाँका अरू सबै वाम पार्टीहरू। यसमा तपाईहरूको भनाइ के छ ?*

- यस्तो भएको छैन। यहाँ Board of Industry and Financial Reconstruction (BIFR) छ। यो केन्द्रीय सरकारको नियन्त्रणमा छ। कुनै उद्योग नाफामा चलेन र बन्द गर्नु पऱ्यो भने यो मुद्दा BIFR मा पठाइन्छ। यसले उद्योग बन्द गर्नुपर्ने कारणलाई जायज ठहऱ्यायो भने उद्योग बन्द गर्ने अनुमति दिनसक्छ। हामी BIFR मा गएर मजदूरहरूको तर्फबाट उद्योग बन्द नगर्न वकालत मात्र गर्न सक्छौं। त्यो गरिरहेका पनि छौं। तर निर्णय गर्ने अंग हामी होइन, BIFR हो। यो प्रक्रियाबाट कैयन उद्योगहरू हाम्रो राज्यमा पनि बन्द हुँदैछन्। देशको कूल अर्थतन्त्रको एउटा भागका रूपमा यो घटना यहाँ घटित हुँदैछ।


❑ *तपाईहरूले पश्चिम बंगालमा भूमिसुधार कसरी सम्पन्न गर्नुभयो ? प्रकाश पारिदिन सक्नु हुन्छ ?*

- यस राज्यमा कूल कृषियोग्य जमीनको ३ प्रतिशत भाग मात्र छ। तर जुन जमीन हामीले जमिन्दारहरूबाट खोसेर लियौं, हदबन्दी भन्दा बढी जमिन भनेर- र जुन हामीले किसानहरूमा बाँड्यौं, त्यो देशभरिमा भूमिहीनहरूबीच बाँडिएको जमीनमध्ये २५ प्रतिशत पश्चिम बंगालमा मात्र बाँडियो। भारतभरिमा कूल कृषियोग्य जमीनमध्ये

**नेपालको वाम सरकारले विश्वमै उदाहरणीय काम गरोस् !**

# पश्चिम बंगालमा पार्टीले सरकार चलाउँछ कि सरकारले पार्टी ?

## राज्य सरकारबाट आधारभूत परिवर्तन गर्न सक्दैनौं



**शैलेन दास गुप्ता**
**पश्चिम बंगाल राज्य कमिटीका सेक्रेटरी, तथा पोलिटब्यूरो सदस्य, भाकपा (मार्क्सवादी)**

★ *कमरेड, के तपाई यो प्रकाश पारिदिन सक्नु हुन्छ कि वाम मोर्चाको सरकारले त्यस्तो के के ठोस कदम चालेको छ, जुन क्रान्तिकारी र प्रगतिशील छ र पूँजीवादी सरकार भएको अरू राज्यमा देख्न पाइन्न ?*

- हामीले गरेको एउटा आधारभूत काम भूमिसुधार हो । यसमार्फत हामीले जमिन्दारहरूको हदबन्दीभन्दा बढी जमिन खोस्यौं र मुफतमा गरीब र भूमिहीन किसानलाई बाँड्यौं । कानूनमार्फत जमीनमा वर्गदार (अधियाँमा जग्गा कमाउने मोही) को जमीनमा खेतीपाती गर्ने हक सुरक्षित पार्‍यौं र यो हक वंशानुगत रूपमा छोराछोरीमा सर्ने परिपाटी बनायौं । हामीले पञ्चायतहरू मार्फत रासायनिक मल, उन्नत बीऊ र कीटनाशक ओखती वितरण गर्‍यौं र सिंचाई सुविधामा व्यापक विस्तार गर्‍यौं । यसले गर्दा कृषि उत्पादकत्व निकै बढ्यो । कमजोर र गरीब जनताको क्रय क्षमता बढ्यो । हामीले त्यस्तो शिक्षा व्यवस्था गर्‍यौं कि बंगालमा त्यस्तो कुनै गाउँ बाँकी नरहोस्, जहाँ एउटा प्राइमरी स्कूल नहोस् । हाम्रो राजमा माध्यमिक विद्यालय र कलेजको संख्या निकै बढ्यो र जाँचमा हुने गरेको जथाभावी र अराजकता नियन्त्रित गरियो । त्यसरी नै अस्पतालहरू, कुटिर र साना उद्योगहरू बढे । बंगालमा शान्ति छाएको छ । स्थिर सरकार स्थापना भएको छ । यही कारणले जनताले हामीलाई लगातार चार पटक चुनावमा जिताएका छन् ।

★ *मजदूर वर्गका लागि तपाईको सरकारले के गर्न सकेको छ ?*

- मजदूरहरु उद्योगसित गाँसिएका छन् । पूरै भारतभरिमा अहिले ४ लाख उद्योगहरू रुग्ण वा बन्द अवस्थामा छन् । नयाँ उद्योगहरू त्यति थपिइरहेका छैनन्, तर पुराना उद्योगहरू धेरै बन्द हुँदैछन् । यसले गर्दा मजदूर निष्कासन बढेको छ, बेरोजगारी चुलिएको छ । गएको ५-१० वर्षमा मजदूर वर्ग आफ्नो अस्तित्व कायम गर्नका लागि रक्षात्मक लडाइँ लड्दैछ । त्यसमाथि थप, अहिले केन्द्रीय सरकारले देशको उद्योगधन्दा र अर्थतन्त्र साम्राज्यवादीहरूको लागि खुला छोडिरहेको छ । राज्यको मातहतका उद्योगहरू निजी क्षेत्रलाई सुम्पदैछ । यो स्थितिमा अन्यत्र प्रशासन र अदालत मजदूर वर्गप्रति निकै पूर्वाग्रही छ । पश्चिम बंगालमा चाहिँ यहाँको सरकारले प्रहरी र प्रशासनलाई कारखाना मालिकको र जमिन्दार वर्गको पक्ष लिनबाट रोकेको छ । मजदूरहरूको आन्दोलनमा हस्तक्षेप गर्नबाट रोकेको छ । सरकारले यस कारणले ढालको काम गरेको छ ता कि-मजदूरहरू स्वतन्त्रतापूर्वक वर्ग-संघर्ष उठाउन सकून् । अरू कुनै राज्य सरकारले यस्तो गरेको छैन । खालि यहाँ मात्रै यस्तो गरिएको छ ।

★ *तर यहाँका मजदूरहरू त यस्तो भन्दैनन् नि ? उनीहरू त मजदूरहरूको संघर्षमा तपाईको सरकारले प्रहरी पठाएको, दमन गरेको र पूँजीपतिको पक्ष लिएको भन्छन् नि ? अहिलेसम्म मजदूर आन्दोलनमा १८२ जना मजदूर मारिइसके रे ?*

- यो भूठ हो । कहीं कतै एउटा पनि यस्तो उदाहरण छैन । कोही कारखाना नष्ट गर्न चाहन्छन्, सरकारलाई खत्तम गर्न चाहन्छन् भने हाम्रो पनि मजदूर यूनियन छ, उनीहरू यसको विरोध गर्नेछन् । उनीहरू सरकारको रक्षा गर्नेछन् ।

★ *वर्द्धमानमा यस्तो भयो रे ! करिन्दामा यस्तो भयो रे ? कनौडिया जूट मीलमा यस्ता भयो रे ! मजदूर दमनको त यस्तो थुपै उदाहरण छन् रे त ?*

- यो त अलग्गै केस हो । त्यहाँ नक्सलाइट समर्थक मजदूर यूनियनहरूले कारखाना नै आफ्नो हातमा लिए । के तपाई यो व्यवस्थामा मजदूरहरूले कारखाना नै कब्जा गर्नु, आफैंले उत्पादन थाल्नु र बजारमा सामान बेच्नु संभव ठान्नु हुन्छ ? यो दुस्साहसवादी आन्दोलनको कारणले त्यहाँ यस्तो भएको हो ।

★ *के तपाई एक जना मार्क्सवादी हुनुका नाताले आफैंप्रति आत्मालोचक भएर भन्न सक्नुहुन्छ- तपाईको सरकारमा के-के सीमा र खोटहरू छन् ?*

- पहिलो र मुख्य सीमा त यही हो कि हामी पूँजीपति र जमिन्दारहरूको राज्य व्यवस्थाको एउटा अंग हौं । यस्तो व्यवस्थामा एउटा राज्यको सरकारमा आएर हामी कुनै आधारभूत परिवर्तन गर्न सक्दैनौं ।

★ *तपाईले यो सरकार वर्ग-संघर्षको उठान र विकासको निमित्त एउटा साधन हुन सक्छ र यसले वर्ग-संघर्षलाई प्रहरीको हस्तक्षेपबाट बचाउनेछ भनेर त्यही सीमाअन्तर्गत पनि भन्न सक्नुहुन्छ नि, सक्नु हुन्न ? केही पूँजीवादी सीमाका सुधार पनि गर्न सक्नु हुन्छ, सक्नु हुन्न ?*

- त्यस्तो घोषणा त हामीले गरेका छौं । तर मजदूरहरूले ट्रेड यूनियनको सीमाभित्रका आन्दोलन गर्नुपर्‍यो, जस्तो- ज्याला वृद्धिको लागि, उपदान-संचय कोष र वेहतर काम गर्ने स्थितिका लागि आन्दोलन । मजदूरहरूले अहिल्यै क्रान्ति गर्न खोज्ने त होइन नि ! यस्तो ट्रेड यूनियन आन्दोलनको सीमाअन्तर्गतका कुरा उठाइएमा सरकार अवश्यै सहायताका लागि आउने छ । कारखानाको स्थिति हेरेर, माग पूरा गर्नसक्ने हालत छ कि छैन, त्यो हेरेर सरकारले पूँजीपतिलाई माग पूरा गर्न दवाव दिनेछ ।

★ *मुख्यमन्त्री क. ज्योति बसुले पोहोर साल मात्र कारखानामा मजदूरहरूले हडताल नगर्नका निम्ति, शान्ति कायम गर्नका लागि आह्वान गर्नुभयो । उहाँको भनाइअनुसार हडताल गरियो भने- सारा पूँजीपतिहरू डराएर बंगालबाट बाहिर भाग्ने छन्, लगानी गर्ने छैनन् । यस्तो किन भनियो ?*

- कहाँ भन्नु भो उहाँले त्यस्तो ? हामी त मजदूरहरूलाई हडताललाई अन्तिम अस्त्रका रूपमा प्रयोग गर्न भनिरहेछौं । मजदूरहरूको कुनै माग पूरा गर्न सक्दैनौं भने हाम्रो प्रयोजन के ?

★ *उहाँले यो भनाइ यही कलकत्तामा पोहोर मार्च महिनाको पहिलो हप्तामा भन्नुभएको हो । हामीले यो कुरा यहीं कलकत्तामा एउटा अंग्रेजी दैनिक- Indian Express मा पढेका हौं ।*


- यो कुनै सन्दर्भमा भनिएको होला । कुनै खास सन्दर्भमा उहाँले त्यस्तो भन्न पनि सक्नु हुन्छ ।

★ *अब हामी तपाईलाई एउटा सैद्धान्तिक प्रश्न सोध्न चाहन्छौं । तपाईहरू अहिले एउटा पूँजीवादी संविधान र राज्यअन्तर्गत एउटा राज्य सरकार चलाइरहनु भएको छ । यो बिन्दूबाट क्रान्तिको बिन्दूसम्म तपाईहरू कसरी जानु हुन्छ ? अहिलेको बिन्दू र क्रान्तिलाई जोड्ने पूल के ?*

- हामी यो सरकारमा बसेर जनआन्दोलनको विकास गर्छौं, पार्टीलाई विस्तार गर्छौं । यो बढ्दै गएर एउटा फड्को मार्ने बिन्दूमा पुगेपछि क्रान्ति हुन्छ । जब यहाँ जस्तै देशका अरू भागमा पनि हाम्रो कब्जा हुन सक्छ, हामी

(बाँकी ३९ पेजमा

# पश्चिम बंगाल नेपालको वाम सरकारको लागि नकारात्मक गुरु हो



क. कार्तिक पाल



## हामी त यसलाई वाम मोर्चा सरकारको पतन भन्न रुचाउँछौं

**– क. कार्तिक पाल**

**राज्य सेक्रेटरी तथा पोलिटब्यूरो सदस्य, भा.क.पा. (माले) लिबरेशन पश्चिम बंगाल**

**साथमा क. पार्थ घोष**

**(पश्चिम बंगाल राज्य कमिटी सदस्य)**

*o वाम मोर्चाको १७ वर्षे शासन काललाई मूल्यांकन गर्नु पर्दा तपाईं यसले गरेका कुन कुन कदमहरू सकारात्मक ठान्नुहुन्छ ?*

- शुरुमा यसले केही राजबन्दीहरू छोड्यो । केही प्रजातान्त्रिक सुधारहरू गऱ्यो । गाउँ गाउँमा पंचायत-राज ल्याइयो । कांग्रेसकै नीति मुताबिक भए पनि भूमिसुधार थालियो । तर सरकार स्थिर हुन थाल्ने बित्तिकै यसले उल्टा कामहरू गर्न थाल्यो । जनतामा 'अब त केही हुन्छ' भनेर पैदा भएको उभार र उत्साहलाई यसले आफ्नो जनाधार सुदृढ गर्न प्रयोग गऱ्यो ।

*o यो १७ वर्षमा जनताको प्रजातान्त्रिक अधिकारमा केही अभिवृद्धि भयो ?*

- त्यस्तो केही भएन । प्रजातन्त्रको मुख्य गुदी जनताको शक्ति हो । तर यो १७ वर्षमा यहाँ जनताको शक्तिको ठाउँमा पुलीसको शक्ति बढेको छ । पहिले जनताले आन्दोलन गरेर ल्याएको जुन शक्ति थियो, त्यो पनि खोसिएको छ ।

*o अनि मजदूरहरूको बारेमा नि ? वाम मोर्चाको सरकारले मजदूरहरूको हक र हितको विकासको लागि के के काम गरेको छ ?*

- यसले अहिले यहाँ जुन औद्योगिक नीति लिएको छ, त्यो कांग्रेस सरकारको भन्दा केही फरक छैन । GATT लाई उसले यहाँ त्यसरी नै स्वीकारिरहेछ, जसरी विश्व बैंक र IMF को निर्देशनअनुसार केन्द्रीय सरकारले दिल्लीमा स्वीकारेको छ । वाम मोर्चाको सरकारले मजदूरहरूलाई संघर्ष गर्ने जुन ट्रेड यूनियन अधिकार दिनु पर्थ्यो, त्यो दिइरहेको छैन । वाम मोर्चाको सरकार भएपछि स्वभावतः यसले मजदूरहरूको संघर्षलाई, किसानहरूको संघर्षलाई संरक्षण र प्रोत्साहन दिनुपर्थ्यो । मजदूरहरूको चेतना जागृत गर्ने काम गर्नै पर्थ्यो । तर गरिरहेछ ठीक उल्टो । उल्टो, सरकार मजदूर आन्दोलनलाई दबाइरहेछ ।

१९७१ मा रजिष्टर्ड बेरोजगारहरूको संख्या ९ लाख थियो । १९८१ मा यो २८ लाख पुग्यो । १९९१ मा यो ५० लाख पुगेको छ । बेरोजगारहरू पश्चिम बंगालमा नै सबैभन्दा बेसी हुन गएका छन् ।

देशभरिमा अहिले ३ लाख ५० हजार जति उद्योगहरू या त रुग्ण या बन्द अवस्थामा छन् । त्यसमध्ये पश्चिम बंगालमै ५५ हजार जति उद्योगहरू त्यही हविगतमा छन् । यो कारणबाट ५ लाख मजदूरहरूले कामबाट हात धुनु परेको छ । सरकारले यी उद्योगहरूलाई पुनर्जीवित गर्न केही गरेको छैन ।

मजदूरहरूको संचय कोषलाई पूँजीपतिले बीचैमा चट् पार्ने काममा पनि पश्चिम बंगाल सबभन्दा अगाडि छ । देशभरिमा ४ अरब मजदूरहरूको संचय कोषको रुपैया पूँजीपतिहरूले बैंकमा जम्मा नगरी बीचैमा खाइदिएका छन् । त्यसमध्ये २ अरब ४० करोड रुपैया त यहीं पश्चिम बंगालमा खाइदिएका छन् । यस्तो पैसा खाइदिए वापत ११ हजार वटा मुद्दा परेका छन् । तर तिनीहरूको कुनै छिनोफानो भएको छैन । ती पेण्डिंग रहेका छन् । यसमा यहाँको वाम सरकारले मजदूरहरूको पक्षमा केही गरेको छैन ।

मजदूरहरूले ज्याला नपाएको, सुविधा नपाएको भन्ने सम्बन्धी ९ हजार वटा जति मुद्दाहरू पनि उत्ति कै रद्दीको टोकरीमा पडिरहेछन् । कारखाना बन्द हुनाले काम नपाएका मजदूरहरूमा आत्महत्याको प्रवृत्ति देखापरिरहेछ । बंगाल क्यानरीका १६ जना मजदूरहरूले त्यसै गरे । यहाँ बंगालमा ५१ वटा जूट मील छन् । ती सबमा गरी २ लाख मजदूरहरू छन् । त्यहाँ दमन र यातना निकै चर्को छ । रोटेशनमा ३०/४० लाख जति मजदूरहरू त्यहाँ हमेशा बेरोजगार भइरहेका हुन्छन् । १६ वटा जति जूट मिलहरू पालैपालो कहिले ३ महिना, कहिले ६ महिना वा वर्ष दिन बन्द भइराखेका हुन्छन् । त्यतिखेर मजदूरहरू भोकभोकै पर्छन् । सरकार त्यसमा केही गर्दैन ।

मजदूरहरू सडकमा आए भने CPI(M) कै कार्यकर्ताहरू आन्दोलनमाथि दमन गर्न आउँछन् । कनौडिया जूट मीलमा यस्तै भयो । त्यहाँ ज्याला बृद्धि, संचय कोष, सुविधाको बृद्धिको लागि मजदूरहरूले १ वर्षसम्म संघर्ष गरे । गेटमा बसेका मजदूरहरूमाथि प्रहरीहरूले त्यहाँ लाठीचार्ज गरे । भिक्टोरिया जूट




मीलमा त प्रहरीहरूले गोली नै छोडे-मजदूरहरूमाथि । भिखारी पाशवान नाम गरेका मजदूर मारिए । यस प्रकार, १७ वर्षमा झण्डै २०० जना जति मजदूरहरू मारिइसके ।

उनीहरूले ट्रेड यूनियनको परिभाषा नै बदलेका छन् । ट्रेड यूनियन भनेको मजदूरहरूको संघर्ष गर्ने र मोलतोल गर्ने औजार हो । उनीहरूले भन्न थालेका छन् कि ट्रेड यूनियन भनेको उत्पादन र उत्पादकत्व बढाउने औजार हो । ज्योति बसुको भाषण पढ्नुहोस् । उनले त्यहाँ भनेका छन्- मजदूरहरूले उत्पादन र उत्पादकत्व बढाउनमा केन्द्रित हुनु पर्छ । जोति बसु पुलिसहरूको सम्मेलनमा भन्छन्- पुलीसहरूले कारखानामा शान्ति कायम गर्न हस्तक्षेप गर्नुपर्छ ।

हामी त यसलाई वाममोर्चाको सरकारको पतन भन्न रुचाउँछौं ।

*० किसानहरूको क्षेत्रमा नि ? त्यो क्षेत्रमा वाम मोर्चाको सरकारले के के गरेको छ ? वाम मोर्चाको सरकार आएपछि कृषि उत्पादन र उत्पादकत्व त निकै बढेको देखियो नि तथ्यांकमा । यसको कारण के हो ?*

- जहाँसम्म गरीब किसानहरू छन्, उनीहरूको जीवनस्तर र प्रजातान्त्रिक अधिकारमा वाम मोर्चाको सरकार आएपछि कुनै प्रगति भएको छैन । बरु उल्टो, कृषि मजदूरको संख्या निकै बढिरहेछ । गाउँमा साना जमिन्दार र धनी किसानको शक्ति अहिले पनि उस्तै छ ।

नेपालमा वाम सरकार आउने वित्तिकै प्रगतिशील भूमिकर लागु भयो । बंगालमा १७ वर्ष भयो, प्रगतिशील भूमिकर अझै लागु भएको छैन । उत्पादन र उत्पादकत्व त बढ्यो, तर त्यो कसको लागि बढ्यो ? हेरिनु पर्ने कुरा यो हो । तेलहनको र उन्नत जातको धानको उत्पादन बढ्यो । तर जनताको दैनिक आवश्यकताका वस्तुको उत्पादन भने बढेन ।

**प्रजातन्त्रको मुख्य गुदी जनताको शक्ति हो । तर यो १७ वर्षमा यहाँ जनताको शक्तिको ठाउँमा पुलीसको शक्ति बढेको छ**

वाम मोर्चाको सरकारले भूमिसुधार गरेको र "अपरेशन वर्गदार" गरेको दावी गर्दैछ । तर भूमिसुधार वाम मोर्चाको सरकार आउनु अघि नै थालिएको थियो । कतिपय जमीन त मोहीहरूले नक्सलबादी आन्दोलनकै दौरानमा पाएका थिए । बंगालमा ३० वर्ष अघि हदबन्दी भन्दा बेसी देखिनआएको जमीन ५ लाख १३ हजार ५०० हेक्टर थियो । त्यसमध्ये गएको ३० वर्षमा सरकारले जफत गरेको जमीन ४ लाख ८६ हजार हेक्टर मात्रै हो । अझ वितरण त ३ लाख ७८ हजार ८०० हेक्टर जमीन मात्रै भयो । वितरण गरिएको कुल जमीनको ६३ प्रतिशत जमीन (अर्थात २ लाख ४४ हजार ८०० हेक्टर) त नक्सलबादी आन्दोलनकै दौरानमा वितरण गरिएको थियो । वाम मोर्चाको सरकारले त खालि १ लाख ३४ हजार हेक्टर मात्र वितरण गरेको हो । अर्थात् कुल वितरित जमीनको २७ प्रतिशत मात्र । त्यसैले वाम मोर्चाको सरकारले अपरेशन वर्गदार वा भूमिसुधारको निम्ति मुख्य जस लिने कुनै ठाउँ छैन ।

अहिले पनि १० एकडभन्दा ठूला जमीनहरूको अनुपात कुल जमीनको १८ प्रतिशत नै छ । वाम मोर्चा भर्खरै सत्तामा आउँदा पनि यो अनुपात त्यति नै थियो । त्यसैले धनी किसान र साना जमीन्दारहरू गाउँ गाउँमा ज्यू का त्यूँ छन् । वाम मोर्चाको सरकारले तिनलाई छोएको पनि छैन । भारतभरिमा कुल किसानहरू मध्ये भूमिहीन कृषि मजदूरको अनुपात १००:६७ छ । तर पश्चिम बंगालमा १००:८६ छ । यसको मतलब बंगालमा भूमिहीन कृषि मजदूरको संख्या र अनुपात दुवै भारतको औसतभन्दा बेसी छ ।

यसैले देखाउँछ- वाम मोर्चाको सरकारले किसानको कत्तिको हित गरिरहेछ ?

*० किसान आन्दोलन अहिले पनि उठिरहेको छ ? यो उठ्दा सरकारको दृष्टिकोण के हुने गरेको छ ?*

- CPI (M) का किसान संगठनहरू त अब सरकारको पिछलग्गू भएका छन् । उनीहरू अब किसान आन्दोलन उठाउँदैनन् । आन्दोलन हामी उठाइरहेछौं र अरु वाम शक्तिले उठाइरहेछन् । वर्द्धमान जिल्लामा करण्डा भन्ने ठाउँ छ । त्यहाँ हामीले पोहोर किसान आन्दोलन उठायौं । तर उनीहरूले हाम्रा ५ जना कार्यकर्ता मारिदिए । किसानहरूको आमहत्या हुने गर्छ, किसान आन्दोलन उठाउँदा । यही डिसेम्बर २०, १९९४ मा, भर्खरै मात्र वर्द्धमान जिल्लाकै नारंघाटमा हाम्रा ४ जना साथीलाई भित्तामा टाँगेर काइष्टलाई झैं यातना दिए । उनीहरूको दोष यति नै थियो- उनीहरू पहिले CPI (M) कै कृषि मजदूर थिए । चित्त नबुझेर हाम्रो पक्षमा आएका थिए । अहिलेसम्म प्रहरी हिरासतमा नै १८२ जना मानिस मारिएका छन् । सी.पी.आई. (एम) को प्रजातन्त्र भनेको यस्तै छ ।

*० महिलाहरूको समानताको निम्ति वाम मोर्चाको सरकारले के गरेको छ ?*

- महिलाहरूको बलात्कार हुन्छ । सरकार बलात्कारीलाई केही गर्दैन । त्यसैले बंगालमा हिजो आज वाम मोर्चाको सरकारविरुद्ध महिला आन्दोलन चल्दैछ । महाराष्ट्र, तमिलनाडुमा कूल काम गर्न सक्ने जनसंख्यामा ३० देखि ३३ प्रतिशत श्रमिकहरू महिला छन् । बंगालमा भने यो श्रमिकहरूमा महिलाको अनुपात १० देखि ११ प्रतिशत मात्र छ । यसमा महिलाहरू अहिले पनि असमान छन् । कृषि मजदूरलाई दिइने ज्यालामा पनि पुरुष र महिलालाई फरक गरिन्छ । दाइजोको कारणले महिलाहरूको मृत्यु वाम मोर्चाको सरकार आएपछि ५६ प्रतिशतले बढेको छ । बंगालमा प्रहरी हिरासतमा महिलाहरूको बलात्कार, सामूहिक बलात्कार जस्ता घटनाहरु १९७७ अघि सुन्न पाइन्नथ्यो । वाम मोर्चाको सरकार आएपछि त्यस्ता घटनाहरू निकै हुन थालेका छन् । मालदाको- ११ जना कृषि मजदूर महिलाहरूको सामूहिक बलात्कार काण्ड, कलकत्ताकै प्रहरी कन्स्टेबल सामूहिक बलात्कार काण्ड, वन्तोला सामूहिक बलात्कार काण्ड यसका सबूदहरू हुन् । तर सरकारले यी कुनै काण्डमा पनि बलात्कारीलाई पक्रने र सजाय दिने गरेको छैन । कुनै-कुनै काण्डमा त CPI (M) का मान्छे आफैं संलग्न देखिएका पनि छन् ।

असंख्य बेरोजगारी, अश्लील सिनेमा र अश्लील साहित्यहरूको व्यापक विस्तार, सरकारी मेडियाहरूबाटै भएको अश्लील प्रचार- यी सबले ल्याएको सांस्कृतिक अधपतनले गर्दा नै बलात्कारको घटना यसरी बढेको हो ।

यो स्थितिमा वाम मोर्चाको सरकारको शासनकालमा महिलाहरूको हक र स्थिति के छ, सजिलै लख काट्न सकिन्छ ।

*० राजनीतिमा महिलाहरूको सहभागिताको स्थिति के छ नि ?*

- यहाँ पञ्चायतमा महिलाहरूको लागि ३० प्रतिशत सीट अरक्षित राखिएको छ । यो केन्द्रीय नीति हो । यसले गर्दा स्थानीय राजनीतिमा महिलाहरूको सहभागिता देखिएको छ नै । कर्पोरेशनहरुमा पनि महिलाहरूको त्यति नै सीट आरक्षित गरिएको छ । तर यो पश्चिम बंगालको मात्र विशेषता होइन ।

*० वाम मोर्चाको सरकारको कुनै अलग्गै उन्नत सांस्कृतिक नीति देखिएको छ ?*

- त्यस्तो केही देखिएको छैन । जी.टी.भी., एम.टी.भी., सबै यहाँ पनि छन् । बिहार, मद्रास, यू.पी. मा देख्न पाइने उच्छृंखल र अश्लील हिन्दी फिल्महरू यहाँ पनि ओइरो लागेका छन् । सरकारको तर्फबाट यसमा कुनै बाधा विरोध छैन । गएको १० वर्षमा त्यस्तो कुनै सभ्य र प्रगतिशील फिल्म बनाउने काम बंगालमा भएन । रेडियो, टी.भी. बाट कुनै प्रगतिशील गीत, नाटक दिइने गरिन्न । वामपन्थी सरकार भएर पनि उसले मार्क्सवादको प्रचार सञ्चार माध्यमबाट गर्दैन । मार्क्सवादको अलग्गै व्यख्या छ, उसको ।

*० शिक्षाको क्षेत्रमा वाम मोर्चाको सरकारले के उपलब्धि हासिल गरेको छ त ?*

- शुरुमा त यसले उल्लेखनीय काम गरेको थियो । जाँचमा व्यापक

# नेपालमा वामपन्थी सरकार सावधान, जालो छ तयार !

**– चन्द्र भूषण/सहसम्पादक, समकालीन जनमत**

(क. विनोद मिश्रले नेतृत्व गर्नु भएको भा.क.पा. (माले) को पत्रिकाको विश्लेषण)



**का**ठमाडौंको नारायणहिटी दरबारमा कम्युनिष्ट सरकारलाई शपथ दिलाईसकिएको छ । केही मन्त्रीहरू र उनीहरूको मन्त्रालयको नाम देखेर एक विशेष किसिमको खुसी महशुस भइरहेको छ । दशकौं दशक लामो संघर्षको क्रममा नेपालमा मिथक जस्तै बनीसकेका नामहरूले सरकार चलाएको देख्नु आश्चर्यको कुरा भइरहेको छ !

दश दिनभित्र, सरकार बनाउने विषयमा एमाले पार्टीका नेताहरूका अचम्म-अचम्मका र परस्पर विरोधी विचारहरू प्रकटमा आए । सबैभन्दा आश्चर्यजनक कुरा थियो- पार्टी महासचिव क. माधव नेपालको विचार ! उक्त विचारअनुसार सरकार बनाउने कुरामा उनीहरू कसैलाई अछुत मान्दैनन् । उनीहरू पञ्चहरूको पार्टी "राष्ट्रिय प्रजातन्त्र पार्टी" सँग पनि यसको लागि हात मिलाउन तयार छन् ।

केवल विचार मात्रै प्रकट भएको थिएन, सुनिन्छ- यसको लागि प्रयास पनि गरियो, तर राष्ट्रिय प्रजातन्त्र पार्टीले नै यस प्रस्तावलाई इन्कार गर्‍यो ।

एमालेको तर्फबाट सरकार बनाउनका लागि यस्तो हडबडी किन भयो त ? संभवतः, यसको कारण पार्टीको शहरी राजनीतिक आन्दोलनबाट जन्मेको नयाँ अस्तित्वमा निहित छ । १९८९ देखि राजतन्त्र विरोधी आन्दोलन मार्फत, प्रचारात्मक विस्तार मार्फत तीव्र रुपले ठूलो पार्टी बन्नुभन्दा पहिलेसम्म ग्रामीण वर्ग संघर्षहरूमा आधारित भएर पार्टीले पूर्वी-मध्य पहाडी इलाकाहरूमा मात्रै ठोस् आकार लिन सकेको थियो । यस्तो प्रचारात्मक किसिमको विस्तारको एउटा अनिवार्य शर्त हुन्छ- जति सक्यो उति छिटो पार्टीलाई निर्णायक परिणतिसम्म पुर्‍याउनु । र, नेपालको राजनीतिक परिस्थितिमा यो परिणति सरकार बनाउनु नै हुन सक्दथ्यो । तापनि, त्यहाँको परिस्थिति, तपाईले आफ्नो सैद्धान्तिक स्थिति नै छोड्नु पर्छ र पञ्चहरूसित समेत मिलेर सरकार बनाउने प्रयासमा लाग्नु पर्छ भन्ने बाध्यात्मक चरणसम्म पुगेको चाहिं थिएन । भविष्यमा पार्टीले यस हडबडीको एउटा ठूलो र नराम्रो परिणाम भोग्नु पर्ने हुन सक्छ ।

आफ्नो दूरगामी रणनीतिको पहिलो लक्ष्यको रुपमा नेपाललाई एउटा स्वतन्त्र, स्वाभिमानी, प्रजातान्त्रिक राष्ट्र बनाउने जुन लक्ष्य एमालेले तय गरिराखेको छ, अहिलेलाई, त्यसका तीन निशानाहरू देखिन्छन्- सामन्ती भूमि-सम्बन्धको अन्त्य, दलाल व्यापारी चरित्रको अन्त्य र भारतसँग लगभग दासतापूर्ण सम्बन्धको अन्त्य !

यी तीन वटा लक्ष्यहरूलाई लिएर एमालेले नेपाली जनमानसलाई काफी प्रभावित पनि गरिरहेको छ, मुख्यतः तेस्रो लक्ष्यलाई लिएर ! प्रचारात्मक दृष्टिले एमालेको लागि तेस्रो लक्ष्यलाई लिएर केही न केही गरीरहनका लागि केही सजिलो पनि भइरहेको छ । बाँकी दुवै लक्ष्य भने केही गाह्रो छ र त्यसले दृढतापूर्वक आधारभूत कामहरू गर्नका लागि माग गर्दछ । पार्टीलाई जुझारु र स्थायी आधार दिलाउने काम पनि यसबाट नै हुनेछ ।

आफ्नो दुर्भाग्यपूर्ण निधनभन्दा पहिले पार्टीका पूर्व महासचिव क. मदन भण्डारी यस समस्यालाई लिएर काफी चिन्तित थिए । उनको चिन्ता थियो- पार्टीको काम काज संसदको चौघेरोमा मात्रै केन्द्रित हुँदै गइरहेको थियो, टनकपुर ब्यारेज आदिजस्ता विषयहरूमा जुन आन्दोलनहरू भइरहेका थिए, त्यसको चरित्र अति नै माथि-माथिको, सतही किसिमको मात्र थियो र आफूहरूले त्यस्ता कुनै आधारभूत हलचल पैदा गर्न सकिएको छैन, जसले गर्दा पार्टीलाई वर्ग-संघर्षहरूको दृढ आधारमाथि खडा गर्न सकियोस् ।

यस चिन्ताकै परिणामस्वरुप उनले स्वयं आफूलाई र अन्य कैयौं महत्वपूर्ण नेताहरूलाई संसदीय व्यस्तताहरूबाट केही मुक्त गर्दै आधारभूत संगठनात्मक कामहरूतिर निर्देशित पनि गरेका थिए । यो फैसला लिएको केही समयपछि सडक-दुर्घटनामा परी उनको मृत्यु भयो, जसमा सरकारी षडयन्त्रको पनि ठूलो संभावना थियो र आन्दोलनको धार यसको जाँचबुझ र कोइराला सरकारको राजीनामातिर मोडियो । आन्दोलन समाप्त हुँदा-नहुँदै नेपाली कांग्रेसको आन्तरिक विभाजन सतहमाथि देखा पर्‍यो, राजनीतिक अस्थिरताको क्रम शुरु भयो र कोइराला सरकारले आफू लडिने भयले गर्दा राजीनामा नै दियो । कम्युनिष्ट आन्दोलनलाई आधारभूत चरित्र प्रदान गर्ने यक्ष- प्रश्न नसुल्झेको नसुल्झेकै अवस्थामै रह्यो ।

यो प्रश्नले आज सरकार चलाई रहेको बेला पनि पार्टीलाई असजिलोमा पारिरहने छ । नेपालको भारतप्रतिको दासतापूर्ण सम्बन्धका पक्षधर भारतीय संचार-माध्यमहरू कम्युनिष्ट सरकारको कमजोर स्थिति देखेर राहतको श्वास लिइरहेका छन् कि कम्युनिष्टहरूले त्यहाँ आफ्ना नीतिहरू लागू गर्न सक्दैनन् !

यो कुरा सही पनि हो, किनकि यति कमजोर सरकारको लागि आफ्ना नीतिहरू लागू गर्नु कदापि संभव हुने छैन । तर यस्तो कमजोर सरकारको अगाडि

भा.क.पा. (माले) लिबरेशन समूहको १९९२ मा कलकत्तामा संपन्न सम्मेलनको अवसरमा क. विनोद मिश्र र स्व. क. मदन भण्डारी





भा.क.पा. (माले) लिबरेशन-को १९९२ राष्ट्रिय सम्मेलन उद्घाटन समारोह जसमा स्व. क. मदन भण्डारीको पनि उपस्थिति थियो।

पनि अघिबढ्नका लागि दुई वटा बाटाहरू छन्। ती दुबै बाटाहरूले पार्टी र नेपाललाई सर्वथा भिन्नभिन्न लक्ष्यतिर अगाडि लैजाने छन्।

एउटा बाटो हो- पार्टीले आफ्नो धारलाई भुत्ते पार्नु, "मेल-मिलाप" को गल्तीबाट अगाडि बढ्दै लुखुर-लुखुर जहाँसम्म जान सकिन्छ, त्यहाँसम्म सरकार चलाउँदै जानु। यसबाटोबाट अगाडि बढ्दा एमालेको सरकारलाई भारतीय शासक वर्ग र त्यसको पिछलग्गू नेपाली कांग्रेसको पनि देखावटी समर्थन प्राप्त हुँदै रहने छ।

अर्को बाटो हो- पार्टीलाई कुशलतापूर्वक नेपाली राष्ट्रको लागि नयाँ वामपन्थी एजेण्डाको रुपमा खडा गर्नु, आफ्नो पूर्ण सांगठनिक मेशिनरीलाई यस दिशातिर केन्द्रित गर्नु र यी एजेण्डाहरूलाई रक्षा गर्दै आफ्नो सरकारलाई समेत बलिदान गरीदिन पनि रत्तीभर हिचकिचाहट नदेखाउनु।

म यो कुरा जुवा-खालभन्दा बाहिर बसी दाऊ लगाइरहेको जसरी पक्कै पनि भनीरहेको छैन, बरु यस चुनावको परिणाम हेर्दै र भर्खरै नेपाली पश्चिमी सीमान्त इलाकातिरको संक्षिप्त यात्राको क्रममा बुझिएको नेपाली मानसिकतालाई ध्यानमा राखेर भनिरहेको छु। म दृढता पूर्वक भन्न सक्ने स्थितिमा छु कि- एमालेलाई सरकार बनाउने आमन्त्रण गरेर नारायणहिटी दरबारले एउटा षडयन्त्रको जाल तयार गरेको छ, जसमा यो सरकार एक पटक फँस्यो भने नेपालको कम्युनिष्ट आन्दोलन मात्रै होइन, त्यहाँको नवजात प्रजातन्त्र पनि खतरामा पर्न सक्छ।

नेपाली प्रजातन्त्रको गत तीन वर्षको इतिहास कै एउटा विडम्बना के भयो भने यस दौरानमा त्यसले नेपाली सामन्तवाद र त्यसका प्रतिनिधि राजनीतिक शक्तिहरू- राष्ट्रिय प्रजातन्त्र पार्टी र राजा वीरेन्द्र वीरविक्रम शाहदेव-लाई लगातार आफ्नो शक्ति बृद्धि गर्दै रहने मौका दिइरह्यो। नेपाली कांग्रेस स्वयं यसको प्रतिनिधित्व गर्ने होडबाजिमा लागिरह्यो र एमाले घटनाहरूको प्रवाहमा बग्दै गयो।



क. विनोद मिश्र

आज राष्ट्रिय प्रजातन्त्र पार्टीसँग संसदमा २० सीट छ र राजाको राजनीतिक र नैतिक शक्ति काफी हदसम्म माथि पुगिसकेको छ। नेपाल कुनै पनि हालतमा ब्रिटेन जस्तो संवैधानिक राजतन्त्र भएको देश होइन, जहाँ राजाको हैसियत केवल प्रतीकात्मक मात्र हुन्छ।

भर्खरै १८ नोभेम्बर (मंसीर २ गते) नेपालको पश्चिमी जिल्ला महेन्द्र नगरको सीमावर्ती गड्डा चौकीबाट महेन्द्र नगरसम्मको यात्रा गर्ने मौका पाएको थिएँ। गड्डा चौकीकै एउटा चिया पसलमा मोहन नामक नेपाली युवकसँग त्यत्तिकै कुराकानी हुन गयो। कुराकानीको क्रममा कांग्रेसको विरुद्ध बलियो रुपमा एमालेको पक्षमा ऊ कुरा गर्दै थियो।

मैले सोधें- "यस्तो किन भाइ?"

उसले भन्यो- "हेर्नुस्, मेरो अलिकति जमीन छ, बेरोजगार छु। कम्युनिष्टहरू जमीन दिने, रोजगारी दिने भन्छन्, त्यसैले हामीले पनि भन्यौं- ठीकै छ, भाइ, आऊ तिम्रो काम पनि हेरौं।"

पछि उसले भन्यो कि ऊ त राष्ट्रिय प्रजातन्त्रपार्टीसँग नजिक छ।

उसले भन्यो- "तीन वर्षमा कांग्रेसीहरूले देशलाई चौपट नै गरे। चारैतिर महंगी, भ्रष्टाचार र भाषणकै बोलवाला चल्यो। हामी चाहन्छौं- कम्युनिष्टको शासन पनि जनताले हेरोस्, त्यसपछि त राष्ट्रिय प्रजातन्त्र पार्टी मात्रै त बाँकी रहन्छ। यस देशमा राज चल्छ त हाम्रै महाराजको मात्रै, अरु कसैको पनि चल्दैन।"

चिया पसलको वरिपरि उसको विचारलाई मजबूत रुपले खण्डन गर्ने कोही पनि थिएन, जब कि ऊ दादा टाइपको कुनै मानिस जस्तो पनि देखिदैनथ्यो।

यो सत्य हो कि पश्चिममा कम्युनिष्ट आन्दोलन त्यति साह्रो मजबूत कहिले पनि भएको छैन, तर यस चुनावमा यस क्षेत्रबाट कम्युनिष्ट उम्मेदवार उर्वादत्त पन्त आफ्नो प्रतिद्वन्दी कांग्रेसी उम्मेदवारभन्दा लगभग दुई गुना मत प्राप्त गरेर विजयी भएका छन्। यस कुराकानीको चर्चा मैले महेन्द्रनगर एमाले अफिसमा क. उर्वादत्त पन्तसँग गरें र उहाँसँग सोधें- तल तल यस्तो मुखर मानसिकता देखिन्छ, माथि दरबार र दरबारी पार्टीको यति मजबूत स्थिति बनीरहेको छ। यस्तो स्थितिमा सरकार बनाउने कुरामा पार्टीभित्र कस्तो सोच विचार चलिरहेको छ त?

उहाँले भन्नुभयो- सरकार बनाएर यदि हामीले आफ्ना नीतिहरू लागू गर्न नसकिने स्थिति भयो भने सरकार बनाउनुको फाइदा नै के रह्यो र? त्यस्तो स्थितिमा विपक्षमा नै बस्नु ठीक हुन्छ।

> *"हामी चाहन्छौं- कम्युनिष्टको शासन पनि जनताले हेरोस्, त्यसपछि त राष्ट्रिय प्रजातन्त्र पार्टी मात्रै त बाँकी रहन्छ। यस देशमा राज चल्छ त हाम्रै महाराजको मात्रै, अरु कसैको पनि चल्दैन।"*

यस स्थितिका बाबजूद, एमालेले सरकार बनाएको छ, अब हेर्नको लागि त्यसले सरकारलाई आन्दोलनको हतियार कसरी बनाउँछ भन्ने कुरा मात्र बाँकी रहेको छ।

देशी उद्योग-धन्दा छैन नै भन्ने स्थितिमा छ, ठूलो व्यापारमाथि पनि भारतीय मारवाडीहरूको कब्जा छ। सस्तो विदेशी समानहरूको व्यापारी बनेर जीउने तप्का शहरमा हावी छ र राजभक्त "हिन्दूहित रक्षक" जमीन्दार गाउँमा हावी छ। यी सबका विरुद्ध लडी-भिडी नेपाललाई नयाँ रंगमा रंगाउने सामाजिक शक्तिहरू अहिलेसम्म सतहमाथि देखिन आएका छैनन्। माथिबाट वामपन्थी नीति- प्रस्ताव ल्याउने र तलबाट यी सामाजिक शक्तिहरूलाई त्यसको पक्षमा जागृत गर्ने हो भने चाहि केही काम बन्न सक्छ।

निसन्देह, अहिलेसम्म यस दिशामा अगाडि बढ्ने काम अत्यन्त कम मात्रै भएको छ। यस चुनावी परिणामबाट जनतामा काफी भ्रम फैलिन सक्छ। सबैभन्दा पहिले मतदानको प्रतिशत हेर्नुस् त। १९९१ को चुनावमा यो ६५% थियो, जबकि यस पटक ५०% को वरिपरि छ, अर्थात् राजनीतिक सकृयता पहिलेको तुलनामा काफी कम भएको छ। सीटहरूको संख्या राजनीतिक शक्तिहरूको श्रेणीकरणको लागि त्यति उपयोगी देखिदैन। महेन्द्रनगरमा उर्वादत्त पन्तलाई लगभग ११ हजार भोट प्राप्त भएको थियो, कांग्रेसी उम्मेदवारलाई ६ हजार, विद्रोही कांग्रेसी उम्मेदवारलाई लगभग ५ हजार र राष्ट्रिय प्रजातन्त्र पार्टीको उम्मेदवारलाई लगभग अढाई हजार प्राप्त भएको थियो। यस तथ्यांकबाट स्पष्ट हुन्छ- कांग्रेसीहरू नफुटेको भए यो सीट एमालेको हातमा पर्ने देखिदैन। ग्रामीण संसदीय क्षेत्रमा र दुर्गम इलाकामा अहिले पनि राजाकै मोहर चलिरहेको छ, चाहे त्यो कांग्रेसी उम्मेदवारको पक्षमा लागेको होस् या राष्ट्रिय प्रजातन्त्र पार्टीको पक्षमा। अन्यथा यत्ति विभाजन, जन घृणा र बदनामीको बावजूद पनि नेपाली कांग्रेसलाई ८३ सीट प्राप्त हुने कुनै संभावना नै देखिंदैन।

नेपाली प्रजातन्त्र अहिलेसम्म राजतन्त्रको गर्भबाट पूरै रुपमा निस्कीसकेको छैन। र नेपालको जुझारु कम्युनिष्ट आन्दोलनले मात्र यसको लागि कुशल सुँडेनीको काम गर्न सक्दछ। आशा गरौं, एमाले सरकार र पार्टीले शुरुवातको हडबडीका बावजूद यस कठीन स्थितिलाई मध्यनजर गरी पर्याप्त शाहस, दृढता र कुशलताको परिचय दिने छ।

❑ ❑

("समकालीन जनमत" बाट अनुदित)

# नेपाली कम्युनिष्ट आन्दोलनले वर्गीय इमान्दारिता देख्न पाएको छैन

**– विजय सुव्वा**

म राजनीतिक ज्ञान भएको मान्छे होइन, त्यसैले आजसम्म विशुद्ध राजनैतिक वहस र वादविवादमा म उत्रिन सकेको छैन र चाहन्न। तर यतिका वर्ष वितीसकेछ अर्थात् २२ वर्ष जति भएछ- कम्युनिष्टहरुलाई मन पराउन थालेको अथवा कम्युनिष्ट समर्थक भएको। अहिलेसम्म कम्युनिष्ट भने हुन सकेको छुइनरहेछु जस्तो लागेको छ।

जिन्दगीमा धेरै साना ठूला घटनाहरु हुन्छन्, जो सम्झन लायक हुने गर्छन्। म एउटा व्यक्ति, मेरा पनि घटनाहरु त नभनौं, केही वर्षहरु, दिनहरु अत्यन्त उत्साहबर्द्धक भएर वितेका छन्। हुन त २०२८ सालको झापा विद्रोहको ज्वाला मेरो छातीमा पसेको वर्ष स्वयं नै सिंगै छ। त्यसैवेला मभित्रको सुषुप्त कम्युनिष्ट मनस्थितिलाई उजिल्याउने भतिज कृष्ण सुव्वाको प्रयास पनि एक छेउमा छँदै छ। त्यस्तै २०२३ सालतिर को-अर्डिनेशन केन्द्र (माले) को व्यक्तिगत सम्पर्क, २०३५ अन्त्य तिरको नेकपा (माले) को सम्पर्क पाउनु पनि मेरा निम्ति मूल्यवान् घटनाहरु हुन्।

तर यी सबैभन्दा २०३८ साललाई महत्वपूर्ण मान्नाको कारण मैले नेकपा (माले) को स्थानीय कमिटीमा संगठित हुन पाउनु पनि हो। त्यसै वेलादेखि मेरो संगठित जीवन शुरु पनि भएको थियो। फेरि जेलवाहिर रहनुभएका वरिष्ठ नेताहरु प्रायः सवैलाई त्यही सालभित्र भेट्न पाएको थिएँ। क. प्रदिप नेपालसँग त संगै बस्यौं, वहाँले मलाई सांस्कृतिक र साहित्यिक क्षेत्रमा धकेल्ने काम पनि गर्नु भएको हो। वहाँप्रति म ऋणी पनि छु। अनि कमरेडहरु माधव नेपाल, सी.पी. मैनाली, जीवराज आश्रित, मदन भण्डारी, अमृत वोहरा, नेत्रलाल पौडेल, वामदेव गौतम, ईश्वर पोखरेल, मुकुन्द न्यौपाने, अशोक राई आदि संग भेट भएको वर्ष भएकैले पनि ०३८ साल मेरो प्रेरणाको वर्ष हो। भूमिगत अवस्थामा स्याहार संभार गरिएका आफ्ना नेताहरुलाई २०४६ सालको आन्दोलनपछि खुल्ला रुपमा चिन्न पाउँदा वडो रमाइलो पनि भएको थियो। जे होस् २०३८ साल मेरो प्रिय साल भएको छ।


यसरी नजनिंदो राजनीतिक आकर्षण माथि नेताहरुको थप सम्पर्क र उठ-वसले राजनीतिमा रुची बढ्दै गयो। नेताहरुको हार्दिकता र त्यागले मलाई पनि उक्सनै नसकिने गरी राजनीति भित्र घचेट्यो।

मैले नेकपाको स्थापना काल यताको फूट र विभाजन बारेका कथाहरु क. प्रदीप नेपालबाटै धेरै सुनें र पढ्न पाएँ। क. पुष्पलाललाई "गद्दार पुष्पलाल" भनेर लेखिएको पुस्तकदेखि लिएर क. माओलाई अध्यक्ष मान्नु पर्ने भावना समेत भेटें। म टुक्रा टुक्रा भएको कम्युनिष्ट आन्दोलनको एक सहभागी नेकपा (माले) को मान्छे थिएँ। मैले त्यसै भूमिमा उभिएर थुप्रै पार्टीहरुलाई "जडसूत्रवादी" भनें, थुप्रै साथीहरुलाई "उग्रवादी" भनें, संशोधनवादी, राजावादी, विसर्जनवादी आदि विशेषणका विशेषणहरु जडेर "आफ्नो पार्टी मात्र सही र क्रान्तिकारी पार्टी हो" भनें।

तर समस्या आरोप-प्रत्यारोपले मात्र टरेन। नेपाली कम्युनिष्ट आन्दोलनको यहाँसम्मको हिंडाइमा थुप्रै थुप्रै समस्याहरु रहेछन्, जसले जनतालाई शोषणबाट कहिल्यै मुक्त पार्न सकेन। म जस्ता कार्यकर्ता अरुहरुले त के सोंच्छन् कुन्नि, तर म चाहि भन्छु- नेपाली कम्युनिष्ट आन्दोलनको मूल समस्या त सृजनात्मकता नहुनु नै हो, न सही क्रान्तिको बाटो तय नहुनु नै हो, न क्रान्तिकारी सिद्धान्तको अवलम्बन नहुनु नै हो, न त विचार-संस्कृतिको विकास नहुनु नै हो।

नेपाली कम्युनिष्ट आन्दोलनको मूल समस्या त कम्युनिष्ट नेताहरु, नीति-निर्माताहरु जनताप्रति पूर्ण वफादार अर्थात् वर्गीय रुपमा इमान्दार नहुनु हो।

यसका साथै पार्टीभित्र अन्तरपार्टी संघर्ष संचालन हुन नदिनु, जनवादी केन्द्रीयताको नाम मात्र लिनु तर व्यवहारमा लागू नगर्नु, भन्ने वेलामा कम्युनिष्टहरु संसारका सबभन्दा सभ्य र प्रजातान्त्रिक भन्नु तर गर्ने वेलामा पूरै अप्रजातान्त्रिक व्यवहारमा उत्रनु आदि पनि मुख्य समस्यामै पर्ने समस्याहरु हुन्।



यदि वर्गीय इमान्दारिता भएको भए निस्वार्थतापूर्वक जनता, क्रान्ति र पार्टीका लागि के गर्दा राम्रो हुन्छ- क्रान्तिको बाटो निक्यौल गर्नको निम्ति खुला छलफल, वहस र वादविवाद गरेर टुंगो लगाउँदा के पो विग्रन्थ्यो? किन फरक विचार आउनासाथ दमन गर्न उद्यत हुनु र पार्टी फुट्ने स्थिति सृजना गराउनु?

संगठन निर्माण र संचालनका यति सुसंगठित र सुव्यवस्थित सिद्धान्तहरु हुँदाहुँदै हामी किन यो दुःख भोगिरहेका छौं? त्यसकारण, अहिलेको हाम्रो अवस्था देख्दा विचार र सिद्धान्तलाई लागु गर्ने - गराउने व्यक्ति अर्थात् नेताहरु नै पो गंभीर हुनुपर्ने अवस्था छ कि?

अर्को मुख्य समस्या कम्युनिष्ट नेतृत्वमा नगन्य संख्यामा वाहेक सम्पूर्ण नेतृत्व नै मध्यमवर्ग भन्दा माथिल्लो वर्गका मात्र छन्। वर्गीय रुपले पनि उपल्लो, जातीय रुपले पनि उपल्लो मानिसका जातिहरुको नेतृत्वमा पार्टीहरु संचालित छन्। त्यसकारण, स्वभावतः श्रमजीवीहरु नेतृत्वमा नभएपछि, गैरसर्वहारावादी चिन्तन र संस्कार फालिनसकेका मान्छेहरुले सर्वहारावर्गको हितको निम्ति केही गर्न सक्छन् भन्नु पनि अनौठो नै हो।

मलाई के लाग्दैछ भने- हामीमा भएको निम्न पूँजीवादी चिन्तन र संस्कारले इतिहासको कुनै मोडमा नराम्रो धोका दिनेछ। हाल यति अनुकूल समय आएको वेलामा पनि हामी गंभीर हुन सकेका छैनौं। पार्टी एकीकरण गर्दा कोही कसैको पछाडि लागेको अनुभव गर्ने संस्कार जीउँदो नै रहेको छ। नेकपाको स्थापना काल यता आजसम्म थुप्रै समस्या निदानका प्रयासहरु भएका हुन्, तर कुनै प्रयास राम्ररी सफल भए जस्तो लाग्दैन। फलतः पार्टीको तेस्रो महाधिवेशन यताको दुर्दान्त अवस्था हामीले देख्नुपरेको हो। माथि उठाइएको मूल समस्या वाहेक देखाउँदै आएका अन्य समस्याहरु पनि छन्, जसलाई सैद्धान्तिक र वर्गीय इमान्दारिताले ठीक गर्न सकिने भएपनि त्यो नभइन्ज्यालसम्म तत्काल हटाउनै पर्ने, समाधान गर्नै पर्ने उल्लेख्य समस्याहरु पनि छन्। तिनीहरुलाई पनि प्रष्ट्याउन जरुरी छ।

ती हुन्
- नेता नै हुनुपर्ने महत्वाकांक्षा हुनु
- वर्गीय आचरण र व्यवहार नहुनु
- वर्गीय दृष्टिकोण हराउँदै जानु
- राजनीतिक परिपक्वता नहुनु
- राजनीतिक संस्कारको विकास नहुनु
- मुख्य अन्तरविरोध को संग छ, छुट्याउनैमा विवाद हुनु
- तत्कालीन कुरालाई बढी महत्व दिइनु
- विश्व कम्युनिष्ट आन्दोलनको प्रभाव
- जडसूत्रवादी र विसर्जनवादी चिन्तन कायमै हुनु
- क्रान्तिको सही वाटोको पहिचान नहुनु
- विगतबाट पाठ लिन नसक्नु

उपरोक्त बुँदाहरु यदि वर्गीय रुपमा हामी इमान्दार भयौं भने स्वतः ननिस्कने समस्याहरु हुन जस्तो मलाई लाग्छ। यस्तो नहुने हो भने साम्यवादको परिकल्पना नगरे हुन्छ।

ती बुँदाहरु वाहेक हाले २०४६ सालको जनआन्दोलनपछि हाम्रो निम्ति नयाँ सवाल उठाइएको छ। संसदीय प्रणालीलाई उपयोग गर्ने, वहिष्कार गर्ने र यसैबाट पनि जनवादी राज्यसत्ता स्थापना गर्न सकिन्छ कि भन्ने विभिन्न विचारहरुले गर्दा पनि हामी एक हुन सकेका छैनौं। यसमा एकरुपता आउनुपर्छ भन्ने आग्रह त गर्न सकिन्छ तर हुनैपर्छ भन्ने अद्वन्दवादी सोचाइ पनि वेठीक हो। विचारहरु भिन्न भिन्न हुन सक्छन्। तर एउटै विचार निर्माण गर्नुपर्ने भएपछि सारा कुरालाई छाडेर जनतालाई शिरमा राखेर काम गर्नुपर्छ भन्ने मलाई लाग्छ।

अन्त्यमा, मेरो वारम्वारको जिकिर के हो भने - कम्युनिष्टहरु वर्गीय रुपमा र सैद्धान्तिक रुपमा इमान्दार हुन्छन् भन्ने विश्वासलाई जनताको छातीवाट ननिकालौं। हामी कम्युनिष्ट भएर कम्युनिष्टकै खिल्ली उडाइरहने काम बन्द गरौं। नेपाली कम्युनिष्ट आन्दोलनले वर्गीय र सैद्धान्तिक इमान्दारिता देख्न पाएको छैन। सिद्धान्तलाई व्यवहारमा उतार्न सबै तत्पर हुनुपर्ने आजको आवश्यकता भएको छ। त्यस निम्ति लागि परौं।

❑ ❑

***क. विजय सुव्वाः*** *पूर्व-सांसद, नेकपा (एमाले) जिल्ला कमिटी सदस्य, तेह्रथुम/गीत-संगीत र साहित्यको क्षेत्रमा पनि कृयाशील/औपचारीक शिक्षाः एम.पी.ए. र एम.ए. (राजनीति शास्त्र)*


किन फरक विचार आउनसाथ दमन गर्न उद्यत हुनु र पार्टी फुट्ने स्थिति सिर्जना गराउनु ?

# "हामी क्यूबाको पक्षमा छौं !"

## संसारभरका न्याय, स्वतन्त्रता, समानता र मुक्तिकामी शक्तिहरूको घोषणा

**क्यूबा- जिन्दावाद !**
**अमेरिकी नाकाबन्दी- मूर्दावाद !**
**फिडेल क्यास्त्रो- हामी तिम्रो पक्षमा छौं !**

**राजेन्द्र महर्जन**



यस्तै यस्तै भावपूर्ण नाराहरुका साथ क्यूबाको राजधानी हवानाको मध्य भागमा पर्ने कार्ल मार्क्स थिएटरमा हजारौं हजार विदेशी प्रतिनिधिहरूको विशाल उपस्थितिमा गत मंसीर ५ गते शुरु भएको "क्यूबाको पक्षमा अन्तर्राष्ट्रिय ऐक्यबद्धता सम्मेलन (World Conference of Solidarity with Cuba) मंसीर ९ गते अत्यन्त भव्यताका साथ सम्पन्न भएको खबर छ ।

कार्ल मार्क्स थिएटरमा मंसीर ५ र ६ गते सम्पन्न उद्घाटन सभामा जब क्यूबाका नेता, राष्ट्रपति एवं क्यूबाली कम्युनिष्ट पार्टीका महासचिव क. फिडेल क्यास्त्रो आफ्नो सुपरिचित फौजी पोशाकमा हलमा प्रवेश गर्नु भयो, तब हल देशी-विदशी प्रतिनिधिहरूको कण्ठबाट निस्केको क्यूबाली राष्ट्रिय गीतले गुन्जको थियो ।

रगत जस्तै रातो रंगको तुल, ब्यानर र कम्युनिष्ट पार्टीको हँसिया-हथौडा अंकित झण्डाहरूले सजाइएको हलको बीचबीचमा अन्तर्राष्ट्रिय ऐक्यबद्धता सम्मेलनको ब्यानर स्पेनीश भाषामा अंकित थियो । हलमा संसारभरका न्याय, स्वतन्त्रता, समानता र मुक्तिकामी जनताको प्रतिनिधित्व गर्दै ५ वटै महादेशका १०८ देशका, ५ वटा क्षेत्रीय र अन्तर्राष्ट्रिय संगठनहरूका साथै उपस्थित ७९०० भन्दा बढी लेखक, बैज्ञानिक, युवा, विद्यार्थी, मजदूर, राजनेता, मानवअधिकारवादीहरूको उपस्थिति रहेको थियो । आ-आफ्नो देशको प्रतिनिधित्व गर्दै आएका ३०३९ जना उपस्थित प्रतिनिधि व्यक्तित्वहरू मध्येमा नोवेल शान्ति पुरस्कार विजेता रिगोबेर्ता मेन्चुदेखि लिएर साहित्यको नोवेल पुरस्कार विजेता गाब्रियल गार्सिया मार्खेज एवं एडोल्फो पेरेज सस्किवेल उल्लेखनीय छन् । निकारागुवाका साण्डिनिष्टा नेता डेनियल ओर्टेगा पनि यसमा उपस्थित हुनुहुन्थ्यो । भारतबाट भारतीय कम्युनिष्ट पार्टी मार्क्सवादीका महासचिव क. हरकिशन सिंह सुरजित र सोसलिष्ट युनिटी सेन्टर (एस.यू. सी.आई.) पार्टीका नेता क. मानिक मुखर्जी लगायत ४८



सदस्यीय प्रतिनिधि मण्डल हवाना पुगेको थियो ।

क. फिडेल क्यास्त्रोको अध्यक्षतामा भएको उक्त विश्व सम्मेलनको उद्घाटन सत्रमा क्यूबाका प्रख्यात नेताहरूले सम्बोधन गरेका थिए । क्यूबन इन्स्टिच्यूट अफ फ्रेन्डसीप वीथ द पिपुल (ICAP) का अध्यक्ष क. सर्जियो कोर्रियरी, ICAP कै प्रमुख अधिकारी मानोलो ओर्टेगा, क्यूबाली राष्ट्रिय संसदका सभापति रिकार्डो एलार्कोन डि क्वेस्डे जस्ता क्यूबाली क्रान्तिका वयोवृद्ध नेता लगायत क्यूबाली स्वास्थ्य मन्त्री रिचार्ड संहेले सम्बोधन गर्नु भएको थियो ।

**समाजवादको मृत्यु पर्खिरहेका गिद्धहरू**

सभाको अध्यक्षता गरिरहनु भएका क. फिडेल क्यास्त्रोको आग्रहमा सर्वप्रथम माइक्रोफोन सम्हाल्नु भएका क. सर्जियो कोर्रिएरीले आफ्नो लामो र सारगर्भित भाषण दिनु भयो । भाषणमा उहाँले क्यूबाको विरुद्ध अमेरिकाद्वारा जारी राखिएको नाकाबन्दी, अमेरिकाको त्यस पुरानो उपनिवेशवादी साम्राज्यवादी सोचको सबूत-प्रमाण हो भन्नु भयो, जुन सोचको शुरुवात "पुरानो संसार" मा विशेषत: ल्याटिन अमेरिकी देशहरूमा र मध्य अमेरिकी क्षेत्रमा उपनिवेश बनाइने क्रममा भएको थियो ।

क. कोर्रिएरीले भन्नुभयो- "हुन सक्छ, यो नाकाबन्दीले क्यूबाली आर्थिक संरचना ध्वस्त गर्ने र क्यूबाली जनतालाई क्यान्सरले जस्तै पीडित गर्ने गर्न सक्छ । तर क्यूबाले अमेरिकी साम्राज्यवादीहरूको युद्ध-उन्मादी अहंकारका सामु घुँडा टेक्नेवाला छैन ।

उहाँले अन्तमा भन्नुभयो- जो, जो, गिद्ध झैं ढुकेर समाजवादको मृत्यु हेर्नका लागि प्रतिक्षा गरिरहेका छन्, उनीहरूले धेरै समय प्रतीक्षा गर्नु पर्नेछ, उनीहरू प्रतिक्षा गर्दा-गर्दा बूढा हुने छन् र आफैं मृत्युको मुखमा पस्ने छन् ।

**अमेरिका विरुद्ध अमेरिकालीहरू नै**

ICAP कै प्रमुख अधिकारी क. मोनोलो ओर्टेगाले दोस्रो वक्ताको रुपमा विशाल भेलालाई सम्बोधन गर्नु भयो । उहाँले भन्नु भयो- "स्वयं अमेरिकामै क्यूबाको विरुद्ध लगाइएको नाकाबन्दीको विरोधी अभियान निकै तिव्रतापूर्वक विवादको मुद्दा बन्दै गइरहेको छ र यस मुद्दामा क्लिण्टन सरकारको त्यही हविगत हुदैछ, जुन हविगत पहिलेको बुश सरकारले भोग्नु परेको थियो । अहिले क्यूबाविरुद्ध नाकाबन्दी थोपर्ने अमेरिकी प्रशासनको फैसलाको कडा आलोचना भइरहेको छ ।

उहाँले भन्नुभयो- "शायद अमेरिकालाई लागिरहेको होला- जोरजबर्जस्ती गरेर कुनै पनि पनपरी गर्न सकिन्छ र आफ्नो साम्राज्यवादी तरंगमा जे पनि गर्ने अधिकार उसको छ । तर, सम्पूर्ण विश्वले अमेरिकाको हठधर्मिताको निन्दा गरेको छ र क्यूबाका साथ एकजुटता धेरै भन्दा धेरै मुखर हुँदै गइरहेको छ । क्यूबाली जनता दृढतापूर्वक आफ्नो विश्वासमा अडीग छ र यसले सामाज्यवादी षडयन्त्रहरूमाथि समाजवादी संकल्पको विजय सुनिश्चित गर्नेछ ।"

**समाजवादी प्रजातन्त्रमा जनताको सहभागिता**

क्यूबाली क्रान्तिका वयोवृद्ध नेताहरूमा गनिने क. रिकार्डो एलार्कोन डि क्वेस्डे अर्को क्यूबाली वक्ता हुनुहुन्थ्यो । क्यूबाको राष्ट्रिय संसदको सभापति क. क्वेस्डे ऐक्यवद्धता सम्मेलनलाई सम्बोधन गर्नका लागि जब उठ्नु भयो, तब उपस्थित कमरेडहरूको कण्ठबाट अचानक पुरानो युद्ध गीत हलभरी गुञ्ज्यो On to Santiago (स्यान्टियागो जाऔं !)

मुस्कुराउँदै क. फिडेल क्यास्त्रोले भन्नु भयो- "यस आवाजले जनताको आवाजको ताकतलाई प्रदर्शित गरेको छ, जुन व्यक्तिगत उपदेशहरूको आवाजलाई दबाउनका लागि समर्थ छ !"

युद्ध-गीत पछि क. क्वेस्डेले कसरी क्यूबाद्वारा विकासको वर्तमान "विशेष दौरमा" विशेष जोड समाजवादी प्रजातन्त्रको विकासमाथि अर्थात राज्यको मामिलामा र हरेक काममा जनताको साँचो सहभागिता सुनिश्चित गर्ने कुरामा जोड दिइरहेको छ भन्ने कुरा विस्तारपूवक बताउनु भयो ।

उहाँले भन्नु भयो- "क्यूबाली जनता सही अर्थमा प्रेरणादायी ढंगले निर्माणको काममा लागिपरिरहेका छन् । यी निर्माण कार्यहरू अमेरिकाको बर्बरता भन्न सकिने कारवाहीहरूको मुकाबिला गरेर चलिरहेका छन् ।" उहाँले जोड दिएर भन्नुभयो- "नवजात बच्चाहरूलाई खाना र औषधि जस्ता आधारभूत आवश्यकताका वस्तुहरूबाट बञ्चित गर्नु बर्बरता होइन भने अर्को के हो त ?"

क. क्वेस्डेले अगाडि भन्नुभयो- "क्यूबामा जन-आधारित अभियानलाई तेज गरिएको छ, ता कि संसारभरका पूँजीपतिहरूका प्रचार-माध्यमहरूबाट गरिदै आएको कुप्रचारको अभियानलाई जवाफ दिन सकियोस् । उनीहरू प्रचार गरिहेछन्- क्यूबामा समाजवाद अन्त हुदैछ ! यसो भनेर उनीहरू जघन्य सिद्धान्त जबर्जस्ती जनताको टाउकोमिथ घुसाउने कोशिश गरिरहेका छन् ।

"क्यूबामा अर्थशास्त्र, राजनीति, समाजशास्त्र साहित्य तथा श्रव्य-दृष्य माध्यम जस्ता विभिन्न क्षेत्रहरूमा निकै महत्वपूर्ण रचनाहरू तथा कृतिहरू प्रकाशित हुँदै अगाडि आउँदैछन् । साक्षरता अभियानलाई अरु बढी तेज गरिएको छ । यसै सिलसिलामा, दूर-शिक्षा (Distance Education) विशेष रुपमा उपयोग भइरहेको छ र जनतालाई यो कुरा संझाउन बुझाउनका लागि विशेष जोड दिइदैछ कि विशेषत: ल्याटिन अमेरिकामा र सामान्य रुपमा सम्पूर्ण तेस्रो विश्वमा नै, समाजवादले जुन कठीन चुनौतिहरुको सामना गर्नु परिरहेको छ, ती चुनौतिहरुका बीचबाट समाजवाद विजयी भएर निस्कनु पर्दछ, त्यसको लागि क्यूबाली जनताले जस्तो खालको बलिदान पनि दिनु पर्दछ ।"

क्यूबाली संसदका सभापति क



क्यूबाली क्रान्तिका सहयोद्धा क. चेग्वेभेरा

क्यूबाको पक्षमा भएको अन्तर्राष्ट्रिय ऐक्यबद्धता सम्मेलनको रिपोर्ट

१०८ देशका ३०३९ प्रतिनिधिहरूको सहभागिता

# समाजवाद कहिल्यै पनि मर्दैन !

क्वेस्डेले गौरवका साथ भन्नु भयो -"सवैभन्दा सम्पन्न, धनी देशहरुमा पनि वच्चाहरु अति नै भयावह स्थितिमा मृत्युको मुखमा धकेलिएको स्थिति विद्यमान छ । तर क्यूबामा एउटा पनि वच्चालाई त्यस्तो मृत्यु मर्न हामीले दिएका छैनौं, दिइने छैन पनि, चाहे अपराधी अमेरिकाले यी अवोध वच्चाहरुको जिन्दगीका आधारभूत आवश्यकताबाट यिनीहरुलाई जत्ति नै टाढा राख्ने कोशिस किन नगरोस् !"

अन्तमा क. क्वेस्डे आफ्नो मार्मिक विचार राख्दै विदा हुनुभयो -"क्यूबा कहिले पनि एक्लो हुँदैन, र समाजवाद कहिले पनि मर्दैन । अन्ततः साम्राज्यवादीहरुको जुन नियति हुन्छ, त्यस नियति देखेर अमेरिकालाई थरथरी काँपिरहन दिऔं ! यांकी साम्राज्यवाद- मूर्दावाद !"



**"क्यू भिभा एल सोशिएलिज्म !"**

क्यूबाली स्वास्थ्य मन्त्री रिचर्ड सेहे जब सम्मेलनलाई सम्बोधन गर्न खडा हुनुभयो, तब उपस्थित कमरेडहरुद्वारा "क्यू भिभा एल सोशिएलिज्म !" (समाजवाद अमर रहोस्!) र "कोन्ट्रो एल ब्लोकुओ (नाकावन्दी मूर्दावाद !) जस्ता गीतहरुले उहाँको अभिनन्दन गरियो ।

आफ्नो भाषण शुरु गर्नुभन्दा अगाडि उहाँले अध्यक्षको अनुमति लिई दमिऐला मिटलेराण्डको सन्देश पढेर सुनाउनु भयो- "लामो सुरुङ्गको पारीबाट रोशनी देखिन थालिएको छ । संघर्ष जारी छ ! क्यूबाली एकजुटता आन्दोलनमा जन सहभागिता बढ्दैछ, आक्रमणकारीहरु, खवरदार !"

क्यूबालीआर्थिक स्थितिबारे बोल्नुहुँदै क. सेहेले भन्नुभयो -"पूर्व सोभियत संघ र समाजवादी क्यूबा वीचको सम्वन्ध, एउटा विकसित समाजवादी देश र विकासशील समाजवादी देश वीचको सम्वन्ध थियो । सोभियत संघमा समाजवादको पतन नै क्यूबामा अभाव आउनुको एक मात्र कारण हो भन्नु कदापि ठीक हुँदैन । यसको ठीक विपरीत, अमेरिकाद्वारा थोपरिएको नाकावन्दीकै यसमा सबैभन्दा बढी योगदान छ । हुन त यो सही हो कि क्यूबाको ८५% विदेश व्यापार सोभियत संघ र पूर्वी यूरोपका समाजवादी देशहरुसंग थियो र यो व्यापार अति नै आकस्मिक ढंगले तथा त्यस्तो अति नै असुविधाजनक मोडमा ठप्प भएको छ, जब क्यूबाको अर्थव्यवस्था उडान भर्नका लागि तम्तयार भैसकेको थियो ।"

उहाँले समाजवादी देशहरुको जुन समन्वित आर्थिक ढाँचा थियो, त्यसलाई पनि यस घटनाको विकासले कसरी छिन्न भिन्न पारीदिएको छ भन्ने कुरा पनि बताउनु भयो ।

"अब यदि कुनै सानो भन्दा सानो उपकरण मात्रै बिग्रियो भने पनि ठूलो धक्का लाग्ने जस्तै हुन्छ, किनकि अमेरिकी डलरविना अब कलपूर्जा र उपकरणहरु पाउँदै नपाउने भएको छ । यस वाहेक क्यूबालाई अर्को एउटा समस्या पनि छ- उखुको बजार अत्यन्त सीमित हुनु ! पहिले सोमियत संघ र पूर्वी यूरोपको रुपमा क्यूबाको चिनीको जुन सबैभन्दा ठूलो थोक-बजार थियो, अब त्यो हराइसकेको छ ।"

"यस परिस्थितिमा, क्यूबाले अर्थव्यवस्थाका ती ती क्षेत्रहरुमा निवेश आमन्त्रित गर्ने रणनीति अप्नाएको छ, जसले तीव्र रुपले प्राविधिक परिवर्तनको माग गर्दछ । जेहोस्, यस प्रकारले निजी निवेशहरुलाइ र निजी क्षेत्रका गतिविधिहरुलाई क्यूबाली समाजवादी सरकारले कडा नियन्त्रण राखिरहेको छ । यसरी क्युबा आर्थिक क्षेत्रमा अगाडि बढिरहेको छ र यस वर्ष जून महिनाको शुरुदेखि अहिलेसम्ममा १० करोड डलरभन्दा बढीको निवेश आर्जित गरिसकिएको छ ।" अन्तमा उहाँले यी धारणाहरू व्यक्त गर्नु भयो ।

क्यूबाली प्रतिनिधि एवं नेताहरुले अमेरिकी साम्राज्यवादद्वारा थोपरिएको आर्थिक नाकावन्दी र आक्रामक कारवाहीहरुको अन्त्यको लागि आवाज उठाउँदै "समाजवाद या मृत्युवाहेक" आफ्नो अर्को बाटो नै नभएको कुराको पुनः घोषणा गर्नु भयो । उहाँहरुले अमेरिकी नाकावन्दीको कारणले उत्पन्न आर्थिक संकटलाई टार्नका लागि वहुराष्ट्रिय कम्पनीहरुलाई सीमित रुपमा देशभित्र छिर्न दिइएको कुरा पनि विस्तृत रुपमा बताउनु भयो ।

**समाजवादी प्रजातन्त्रको अभ्यास**

क्यूबाली प्रतिनिधिहरुद्वारा व्यक्त विचार र विश्लेषणमाथि उद्घाटन-सत्रमै अन्तर्क्रिया गरियो ।

अन्तर्क्रियामा सबै देशका सबै प्रतिनिधि कमरेडहरुलाई सहभागिताका लागि अनुरोध गरिएको थियो । सहभागी कमरेडहरुले प्रश्नहरु सोध्ने, कुनै पनि विषयमा आलोचना/समालोचना गर्ने अधिकार थियो, चाहे त्यो क्यूबाली परिस्थितिको बारेमा होस् या क्यूबाली वामपन्थी सरकारद्वारा लिईदै आएको नीति र कार्यक्रमबारे नै किन नहोस् । प्रतिनिधिहरुले स्वतन्त्र, स्वच्छ र स्वस्थ रुपले बिभिन्न कोणबाट अन्तर्क्रियामा सहभागी भएर अन्तर्क्रिया कार्यक्रमलाई

## क्यूवाले हामीलाई बाटो देखाइदिएको छ ।



## शान्तिको लागि नोबेल, पुरस्कार विजेता रिगोवेर्ता मेन्चुको मन्तव्य

*"म यहाँ क्यूवाली जनताप्रति ऐक्यवद्धता प्रदर्शित गर्न आएकी हुँ । म के भन्न चाहन्छु भने विश्वको कुनै पनि कुनामा, कुनै पनि बेला हुने सामाजिक अन्यायको विरुद्ध हामीले संघर्ष गर्नु पर्दछ । अझ, विशेषतः ल्याटिन अमेरिकामा हामी विरुद्ध केन्द्रित गहिरो र विस्तृत भेदभावको विरुद्ध हामी सबै एकजुट भएर संघर्षको लागि उठ्नु पर्दछ ।*

*हामी सबैले हाम्रा राजनीतिक, आर्थिक र सांस्कृतिक इच्छा शक्तिलाई एकजुट पार्नै पर्छ, संग-संगै, हातमा हात मिलाएर थिचोमिचोका विरुद्ध लड्नका लागि । यसको लागि क्यूवाले हामीलाई बाटो देखाइदिएको छ ।* ❑



क. चे, क. गोमेज र क. क्यास्त्रो




सफल पार्न सघाउ पुर्‍याउनु भयो।

अन्तर्क्रिया कार्यक्रममा क्यूबाली नेताहरुले त्यहाँ उठेका प्रश्नहरुको बारेमा जवाफ दिने, जवाफ नभएका विषयहरुमा पुनः छलफल, पुनः विचार-आदान प्रदान गर्ने कार्य गर्नु भयो। यो समाजवादी प्रजातान्त्रिक अन्तर्क्रिया कार्यक्रममा ३००० भन्दा बढी विदेशी प्रतिनिधिहरु सहभागी भएर साम्राज्यवाद विरोधी संघर्षमा नयाँ चरण थप्नु भयो।

अमेरिकी साम्राज्यवाद विरुद्ध, क्यूबाली समाजवादको पक्षमा गरिएको विचार-अन्तर्क्रियामा जसरी सर्वहारा जनवादको प्रयोग गरियो, त्यसले समाजवाद र समाजवादीहरुले प्रजातन्त्रलाई स्वीकार्दैनन् भन्ने तथाकथित प्रजातन्त्रवादी, पूँजीवादी र साम्राज्यवादीहरुको मुखमा थप्पड हानेको नै महशूस गरियो।

संसारभरि प्रजातन्त्रको डम्फु वजाउने अमेरिकी साम्राज्यवादद्वारा अप्रजातान्त्रिक, हत्यारा, तानाशाह आदि विशेषणद्वारा "विभूषित गरिएका" क्यूबाली नेता क. फिडेल क्यास्त्रो दुवै दिन पूरै उपस्थित रहनु भयो। उहाँले त्यहाँका अन्तर्क्रियाहरुमा सहभागी हुने, विदेशी प्रतिनिधिहरुका विचारहरु ध्यानपूर्वक सुन्ने, छलफल गरी विचार आदान-प्रदान गर्ने कार्य गर्नु भयो।

**अन्तर्क्रियाको व्यवस्थित रुप**

मंसीर ५ र ६ गते, दुई दिनसम्म भएको उद्घाटन-सत्र र अन्तर्क्रिया कार्यक्रमको निचोडको रुपमा त्यहाँ तीन वटा कमिशनहरु गठन गरिए :

१) नाकावन्दी विरुद्ध गर्नु पर्ने कारवाहीहरु

२) झूट्टा प्रचारहरु र क्यूबाली सत्यहरुवारे

३) क्यूबाको पक्षमा भएको ऐक्यवद्धताका अनुभव र विचारहरुको आदान-प्रदान

यी तीन वटा विषयमा तीन वटा कमिशनहरु खडा गरेर मंसीर ७ र ८ गते दुई दिने अन्तर्क्रिया कार्यक्रम संचालन गरियो। तीन वटा कमिशनमा परेका प्रतिनिधि एवं क्यूबाली नेताहरुले तीन वटै छुट्टाछुट्टै हलहरुमा बसी व्यापक रुपमा अन्तर्क्रिया गर्नु भयो। र, ९ गते समापन समारोह हुनुभन्दा अगावै विश्व र क्यूबाको लागि महत्वपूर्ण केही प्रस्तावहरुको मस्यौदा गर्नका लागि दिमाग खियाउनु भयो। अन्ततः क्यूबाप्रति ऐक्यवद्धता प्रदर्शन गर्ने भावसहितका प्रस्तावनाहरु, घोषणा-पत्रहरु र कार्यक्रमहरु तयार गरिए।

**क. फिडेल क्यास्त्रोको आक्रामक सम्बोधन!**

मंसीर ९ गते, क्यूबाको पक्षमा ऐक्यवद्धता प्रदर्शन गर्न आयोजित सो सम्मेलनको समापन सत्रको दिन सभाको अध्यक्षता गरिरहेका कमरेडहरुले तीन वटा कमिशनहरुद्वारा मस्यौदा गरिएका प्रस्तावना, घोषणा-पत्र र कार्यक्रमहरु मतदानका लागि प्रस्तावित गर्नु भयो र सर्वसम्मतिले ती सबै पारित भए।

त्यसपछि, क्यूबाली क्रान्तिका नायक एवं क्यूबाली राष्ट्रपति क. फिडेल क्यास्त्रोले निकै लामो, आक्रामक, तथ्यपूर्ण एवं भावपूर्ण भाषण दिनु भयो। त्यस मार्मिक सम्वोधनले प्रत्येक प्रतिनिधि कमरेडहरुको मुटु-मुटुमा साम्राज्यवादको विरोधमा र समाजवादको पक्षमा नयाँ उत्साह, उमंग, र जोश भर्ने काम गरेको कुरा प्रतिनिधिहरु स्वयंले उल्लेख गरेका छन्।

यस ऐतिहासिक विश्वव्यापी ऐक्यवद्धता सम्मेलनको समाप्ति पश्चात क. फिडेल क्यास्त्रोले सबै प्रतिनिधिहरुलाई डिनर पार्टी दिनु भयो। अमेरिकी साम्राज्यवादको आर्थिक नाकावन्दीजनित आर्थिक संकटको स्थितिमा आयोजित यस डिनर पार्टीमा ८ हजार प्रतिनिधि पर्यवेक्षकहरु सहभागी भए।

यसरी यत्रो ठूलो पार्टीमा आफ्ना पाहुना र साम्राज्यवादविरोधी संघर्षका सहकर्मी कमरेडहरुप्रति क्यूबाली जनताले हार्दिक रुपमा सर्वहारा



# चे कि पत्नी हिल्डा ग्वेभाराको सन्देश

*क्यूवाली क्रान्तिका नायक तथा प्रख्यात अन्तर्राष्ट्रवादी क. अर्नेस्टो चे ग्वेभाराकी पत्नी हिल्डा ग्वेभाराले क्यूवाविरुद्ध अमरिकी आर्थिक नाकावन्दीको विरोधमा र क्यूवाप्रति ऐक्यवद्धता जनाउन चलाईदै आएको अन्तराष्ट्रिय ऐक्यवद्धता अभियानलाई हार्दिक रुपमा दृढ समर्थन गर्दै सो सम्मेलनमा एक लिखित सन्देश पठाउनु भएको थियो।*

*उहाँको सन्देशमा भनिएको छ - "म स्वयं क्यूवामा विभिन्न प्रमुख शहरहरुमा भएका ऐक्यवद्धता अभियानहरुमा सहभागी भइरहेकी छु। पूँजीवादी प्रेसले, विशेषतः अमेरिकी सरकारले क्यूवाप्रतिको एक्यवद्धता जनाउन आयोजित यस ऐक्यवद्धता-अभियान र मरो वीच वैचारिक मतभेद छ भनी जुन विश्वव्यापी रुपमा भूठको प्रचार गरिरहेको छ, यो स्वयं अमेरिका र त्यसका पिठ्ठूहरुले विश्वलाई गुमराह गर्ने षडयन्त्रको अर्को द्योतक हो भन्न सकिन्छ। तिनीहरुका यस्ता घृणित कार्यहरुले दिन-प्रतिदिन उँचो, विस्तृत र अग्रसर भइरहेको विश्वव्यापी ऐक्यवद्धता अभियानलाई छेक्न थुन्न कदापि सक्षम हुने छैन।"*

# समाजवादी क्यूबाको रक्षालाई क्रान्तिकारीहरु आफ्नो अन्तर्राष्ट्रिय दायित्व संझन्छन्।

***सोशलिष्ट यूनिटी सेन्टर अफ इण्डिया (एस.यू.सी.आई.) पार्टीका महासचिव क. नीहार मुखर्जीको सन्देश***

*"लगातार नाकावन्दी गरेर क्यूबाली क्रान्तिको घाँटी निमोठ्ने कार्यमा उद्यत अमेरिकी साम्राज्यवाद र त्यसका सहयोगीहरुका विरुद्ध समाजवादको रक्षाको लागि, वीरतापूर्ण जीवन मरणको संघर्षमा संलग्न क्यूबाली जनताको समर्थनमा कार्यक्रमहरू निर्धारित गर्न र आफ्नो पूर्ण ऐक्यवद्धताको प्रतिज्ञा गर्नका लागि हामी यहाँ भेला भएका छौं।*

*म आयोजकहरुमार्फत क्यूबाका बहादुर जनतालाई पनि अभिनन्दन गर्दछु। अमेरिकी नाकावन्दीको कारणले गत ३० वर्षभन्दा बढी वर्षदेखि आर्थिक समस्याहरुको सामना गर्दागर्दै पनि उनीहरू दृढतापूर्वक क्यूबामा समाजवादको रक्षाको संघर्षमा लागि परिरहेका छन्। अमेरिकाको नेतृत्वमा रहेको साम्राज्यवादी खेमाले क्यूबाको वर्तमान आर्थिक समस्याको मूल कारणको वारेमा गलत सूचना फैलाएर एवं पूर्व अमेरिकी*



*कठपुतली शासनका अवशेषहरु, समाज विरोधी तत्वहरु र अपराधीहरुलाई सहयता दिएर उनीहरुलाई प्रतिक्रान्तिका लागि गुमराह गर्नका लागि गरिएका प्रत्येक साम्राज्यवादी षडयन्त्रहरुको उनीहरु मुकाविला गरिरहेका छन्।*

*आउनुस्, एक पटक पुनः दृढतापूर्वक भनौं- समाजवादलाई बचाउनका लागि साम्राज्यवादको विरुद्धको संघर्षमा क्यूवा एक्लो छैन। समाजवादी क्यूबाको रक्षालाई क्रान्तिकारीहरु आफ्नो अन्तर्राष्ट्रिय दायित्व संझन्छन्। सबै प्रकारका आर्थिक सहयोग क्यूबालाई दिनु पर्दछ र साम्राज्यवाद र युद्धको खतरा विरुद्धको संघर्षलाई समाजवादी क्यूबाको रक्षाको संघर्षसँग जोड्नु पर्दछ। यसको लागि अमेरिकासहित सम्पूर्ण विश्वका शान्ति र मुक्ति कामी, प्रजातान्त्रिक सोच राख्ने जनतालाई सामेल गर्दै विश्वव्यापी साम्राज्यवाद विरोधी र जुझारु शान्ति आन्दोलन संगठित गर्नु पर्दछ।"*



# क्यूबा कहिले पनि एक्लो हुने छैन

**सम्मेलनको उदघाटन सत्रमा सी.पी. आई (एम) का महासचिव क. हरकिशन सिंह सुरजितद्वारा दिइएको मन्तव्य**

*"क्यूबा कहिले पनि एक्लो थिएन । क्यूबा कहिले पनि एक्लो हुने छैन । क्यूबा एक्लो छैन ।*

*संसार भरका तमाम साम्राज्यवादविरोधी शक्तिहरु र सबै सही ढंगले सोच्ने, विचार गर्ने जनता क्यूबाको पक्षमा छ । र, विश्व अन्तर्राष्ट्रिय ऐक्यवद्धता सम्मेलनमा भएको यस व्यापक सहभागिता नै यसको सबूत हो ।*

*सबैभन्दा शंकालु मानिसको मनमा पनि कमरेड फिडेल क्यास्त्रोले क्यूबाली क्रान्तिलाई इतिहासको बाटोमा अगाडि बढाउदै हुनुहुन्छ र इतिहासको निर्माण गरिरहनु भएको छ भन्ने कुरामाथि शंका छैन । क्यूबाको क्रान्ति कुनै यथार्थभन्दा टाढाको घटना होइन, बरु यसको त जनताबीच यति गहिरो जरा गाडिएको छ कि अन्दाज गर्न पनि गाह्रो छ ।*

*हामी फिडेल क्यास्त्रोको हिफाजत गर्छौं, हामी क्यूबाली जनताको हिफाजत गर्छौं, हामी समाजवादको हिफाजत गर्छौं !"*

❑

अन्तर्राष्ट्रवादी भावना प्रकट गरे । डिनर पार्टीमा कमरेड क्यास्त्रोको उपस्थितिले प्रतिनिधिहरुबीच हार्दिकता, भाइचारा र भाव-उत्तेजक स्थिति निर्माण गरिदियो ।

विश्वका ८ हजार कमरेडहरुको ऐक्यवद्धता सम्मेलन, व्यापक अन्तर्क्रिया र क. क्यास्त्रोसंग सन्निकटताले क्यूबाली जनतालाई मात्रै होइन, त्यहाँ उपस्थित प्रतिनिधि कमरेडहरुका देश-देशमा समेत पूँजीवाद र साम्राज्यवादको विरुद्धमा संघर्षरत रहन नयाँ प्रेरणा र नयाँ अभियान प्रदान गरेको छ ।

**समग्र प्रभाव**

तीन दशकभन्दा लामो आर्थिक नाकावन्दी र आक्रामक कारवाहीमार्फत् क्यूबाली क्रान्तिलाई नष्ट गर्नका निम्ति प्रयत्नरत छिमेकी ठूला पूँजीवादी राष्ट्रहरुको साम्राज्यवादी नीति र कृयाकलापको विरोधमा, समाजवादको रक्षाको लागि र वीरतापूर्ण जीवन मरणको संघर्षमा संलग्न क्यूबाली जनताको समर्थनमा आयोजित यस सोलिडेरिटी सम्मेलनले विश्वव्यापी असर पारेको छ ।

स्मरणीय छ, अमेरिकाको ३० वर्ष भन्दा लामो आर्थिक नाकावन्दीको कारणले आर्थिक समस्याले ग्रस्त भएका क्यूबाली जनताले १९५९, जनवरीको क्रान्तिदेखि हालसम्म समाजवादको रक्षा गर्न क. फिडेल क्यास्त्रोको नेतृत्वमा संघर्ष गर्दै आइरहेका छन् । क्यूबालीहरुको न्याय, स्वतन्त्रता, समानता र मुक्तिको संघर्षलाई विथोल्न, समाजवादको निर्माणलाई नष्ट गर्न पूँजीवादी शक्तिहरु प्रतिक्रान्तिको असफल प्रयत्न गर्ने, ३० औं रेडियो स्टेशन र कयौं टि.भि. स्टेशनहरुबाट क्यूबाविरुद्ध भ्रमको खेती गर्ने, क. क्यास्त्रोकै हत्या गराउने समेत दुस्प्रयत्न गर्दै आइरहेका थिए । सोभियत संघको पतन र समाजवादी खेमाको अन्त पश्चात समस्याबीच घेरिएको क्यूबाविरुद्धको आक्रमण अरु तेज गरिएको छ । क्यूबालाई सके समाजवादको झण्डा फ्याँकेर आफ्नो पाऊमा झुकाउन, नसके दैनिक जीवनका आधारभूत आवश्यकताहरु, औषधि र भोजनबाटसमेत वञ्चित गरेर भोकमरी र मृत्युको सामना गराउनका लागि समाजवाद विरोधी शक्तिहरुले आर्थिक नाकावन्दीलाई अझ कठोर पार्ने काम गरेका छन् ।

यी सबै समस्यालाई झेल्दै "समाजवाद या मृत्यु" को उद्घोषसहित संघर्षरत क्यूबालाई एक्लो पार्ने नियतले अमेरिकाको मियामी शहरमा यस सोलिडेरिटी सम्मेलनको समाप्तिको लगत्तै ल्याटिन-अमेरिकी र क्यारिबियायी देशहरुको सम्मेलन भएको छ, जसमा क्यूबा एउटालाई मात्रै जानी बुझी नै नबोलाइएको थियो । क्यूबाविरुद्ध ती देशहरुको आर्थिक मोर्चा बनाउन चाहने आयोजक अमेरिकाको मनसुवा कदापि

बाँकी ४५ पेजमा

## क्यूबाको पक्षमा ऐक्यवद्धता प्रदर्शन

## अन्तर्राष्ट्रिय ऐक्यवद्धता सम्मेलनको घोषणा

*क्यूबाको पक्षमा ऐक्वद्धता जनाउन हवाना शहरमा ०५१ मंसीर ५ देखि ९ गतेसम्म आयोजित अन्तर्राष्ट्रिय ऐक्यवद्धता सम्मेलनका सहभागी ५ वटा महादेशका १०८ देशका र ५ वटा क्षेत्रीय एवं अन्तर्राष्ट्रिय संगठनहरुको प्रतिनिधित्व गर्दै भेला भएका ३०३९ जना प्रतिनिधिहरुले एक घोषणा-पत्र जारी गरेका छन् ।*

*घोषणा-पत्रमा क्यूबाले आफ्नो सार्वभौमिक अधिकारको रक्षा गर्दै, कुनै हस्तक्षेप विना, विदेशी शक्तिद्वारा विश्वव्यापी रुपमा थोपर्दै आएको राजनीतिक र आर्थिक जडसूत्रको वीचमा आफ्नो छनौटको अधिकारलाई अक्षुण्ण राख्दै आफ्नो आवश्यकता अनुसार र आफ्नै ऐतिहासिक प्रकृया अनुसार आफ्नो भाग्य निर्माण गर्ने कार्य गर्न सक्दछ भनी उल्लेखित छ ।*

*आफ्नो कार्य, अन्तर्क्रिया र जनतासंगको प्रत्यक्ष सम्पर्कलाई आधार मान्दै प्रतिनिधिहरुले घोषणा पत्रमा भनेका छन्- "क्यूबालाई स्वतन्त्र रुपमा बाँकी विश्वसंग व्यापार गर्न बन्देज लगाइएको छ र आफ्नो अर्थतन्त्रलाई सुदृढ गर्न यसलाई अप्ठ्यारोमा पारिएको छ । अझ क्यूबा विरुद्ध झूठको खेतीमा संलग्न तत्वहरुले क्यूबाली यथार्थलाई व्यवस्थित रुपले तोड-मरोड गरेका छन् ।"*

*विदेशी प्रतिनिधिहरुले क्यूबाली जनतामाथि नाकावन्दीको क्रुर असरहरु कसरी परिरहेछन् भन्ने कुरा आफ्नै आँखाले तथ्यहरुको आधारमा जाँचबुझ गरी माग गरेका छन् - "अमेरिकी सरकारले विश्व जनमतको आवाजलाई सुन्नु पर्छ र संयुक्त राष्ट्रसंघको साधारण सभाले गत ३० वर्षदेखि अमेरिकाले लगाइ आएको अन्यायोचित आर्थिक नाकावन्दीलाई हटाउनु पर्दछ ।"*

*ती प्रतिनिधिहरुले आफ्ना सामाजिक उपलब्धिहरुको रक्षार्थ खडा भइरहेका क्यूबाली जनताको नैतिक र भौतिक शक्तिबाट राम्ररी परिचित हुने मौका पाएको तथ्य उल्लेख गरेका छन् । उनीहरुले आ-आफ्नो देशमा क्यूबाली जनता र राष्ट्रप्रति अझ बढी ऐक्यवद्धता प्रदर्शन गर्नु पर्ने कुरामा अझ बढी सहमत हुँदै फर्कने दृढता पनि प्रकट गरेका छन् ।*

*घोषणा-पत्रमा नाकावन्दी र आक्रामक कारवाहीको शिकार भइरहेको क्यूबालाई अमेरिकाद्वारा मियामी शहरमा आयोजित अमेरिकी राष्ट्रहरुको सम्मेलनमा नबोलाइएको कुरा उल्लेख गर्दै आयोजक देश- अमेरिकाले आश्रयहीन, घरवारविहीन, अधिकारविहीन र केही पनि नभएका सर्वहाराहरुको पक्षमा क्यूबाले घन्काउँदै आएको वीरतापूर्ण आवाजदेखि डराएर क्यूबालाई नबोलाएको विश्लेषण पनि प्रस्तुत गरिएको छ । अमेरिकाले क्यूबालाई जति एक्ल्याउन खोजे पनि एक्लिने छैन भन्ने घोषणा गर्दै भनिएको छ- "त्यसको सबूद प्रमाण यो सम्मेलन आफै हो, जसमा यस मूल्यवान राष्ट्रको समर्थनमा विश्वका सबै क्षेत्रका मानवताप्रेमी जनताका प्रतिनिधिहरुको ठूलो सहभागिता रहेको छ ।"*

*घोषणा-पत्रमा क्यूबा र सम्पूर्ण ल्याटिन अमेरिकी जनताले साम्राज्यवादविरुद्ध लडदा-लड्दै शहादत प्राप्त गरेका वीर नायक जोसे मार्टीको मृत्यु शतवार्षिकी कार्यक्रमको सफलताको कामना गर्दै क्यूबाको स्वतन्त्रता संग्रामको महत्वलाई राम्ररी बुझ्ने जोसे मार्टीको संझना गरिएको छ ।*

*अन्तमा, क्यूबामाथिको नाकावन्दी हटाऊ र क्यूबाको आफ्नो भविष्य बनाउने जन्मसिद्ध अधिकारलाई सम्मान गर भनेर घोषणा-पत्रमा माग गरिएको छ ।*

❑

## विश्वव्यापी महत्वको सम्मेलनका समझदारीहरु

- *१९९५ को वर्षलाई नाकावन्दी विरोधी संघर्षको लागि र जोसे मार्टीको संझनाको लागि अन्तर्राष्ट्रिय जोसे मार्टी वर्षको रुपमा घोषणा गर्ने ।*
- *मई १९, १९९५ को दिन जोसे मार्टीको युद्धमै भएको मृत्यु शत वार्षिकको उपलक्ष्यमा जासे मार्टी र क्यूबा दिवस मनाउने, त्यस दिन प्रत्येक देशमा सोलिडेरिटी मुभमेन्टलाई कार्यरुप दिने खालका बिभिन्न प्रकारका कार्यक्रमहरु संचालन गर्ने ।*
- *क्यूबासित मैत्रीपूर्ण सम्बन्ध राख्नका लागि कार्यरत शक्ति र संगठनहरुको सहभागितामा क्यूबाप्रति ऐक्यवद्धता प्रदर्शित गर्ने खालका राष्ट्रिय तथा क्षेत्रीय स्तरका कार्यक्रमहरु संचालन गर्ने र त्यसको वृद्धि गर्दै लैजाने ।*
- *अमेरिकाद्वारा मियामीमा आयोजित अमेरिकी महाद्वीपव्यापी राष्ट्रहरुको सम्मेलनबाट क्यूबालाई अलग्याइएकोमा विरोध जनाउने ।*
- *क्यूबाप्रति ऐकयवद्धता प्रदशित गर्ने हिसाबले भइरहेको आर्थिक र भौतिक सहयोग अभियानलाई निरन्तरता दिने र बढाउँद लैजाने ।*
- *ऐक्यवद्धता अभियानको वृद्धिको लागि यसलाई समाजका हरेक क्षेत्रमा विस्तार गर्नका लागि, क्यूबामा भ्रमणको आदान-प्रदानलाई बढाउनका लागि, पर्यटन व्यवसाय र पूँजी निवेश बढाएर क्यूबाको अर्थतन्त्रलाई सुदृढ गर्ने ।*
- *क्यूबाली जनताको क्रान्ति शुरुवात भएको दिन अक्टोबर १० लाई क्यूबाप्रतिको अन्तर्राष्ट्रिय ऐक्यवद्धता दिवसको रुपमा घोषणा गर्ने ।* ❑




### राजनीतिक शक्ति मजबूत पारेपछिको

# इण्डोनेशिया :

## जहाँ मानवाधिकारको नाममा समेत मान्छे मारिन्छ !

**– एल्भीस जोशी**

हिन्द र प्रशान्त महासागरहरूको संगमस्थलमा, जाभा, सुमात्रा, कालिमाण्टान, सुलावेशी, इरिना जाया, पूर्वी टिमोर आदि गरी १३,५०० वटा टापुहरू समेटिएको भौगोलिक अवस्थिति नै वर्तमान इण्डोनेशिया हो ।

करीव २००० वर्ष पूर्व भारतबाट जाभाको बाटो भई पुगेका हिन्दू र बौद्धहरूबाट सभ्यताको विकास प्रारम्भ भएको इण्डोनेशियालाई व्यापारिक महत्वको कारण १७ औं शताब्दीमै नेदरल्याण्डले आफ्नो कब्जामा लियो । राष्ट्रवादी प्रथम राष्ट्रपति सुकार्नोको पहलमा १७ अगस्त १९४५ मा ३५० वर्ष लामो उपनिवेशको जंजालबाट इण्डोनेशियालाई स्वतन्त्र घोषणा गरे पनि १९४९ मा मात्र यसले पूर्ण स्वतन्त्रता प्राप्त गर्न सफल भयो । १९५० मा जारी भएको संविधान जनताको नागरिक तथा सामाजिक अधिकारहरूको पक्षमा थियो ।

तर १९५९ मा सेनाको दवावले राष्ट्रपति सुकार्नो १९९५ को पुरानै संविधान लागु गर्न वाध्य भए, जसको फलस्वरुप इण्डोनेशियाली भूमि लाखौं मानवको रक्त-पिपाशुको रुपमा निकट इतिहासमा चित्रित हुन थाल्यो र यो क्रम जारी रह्यो पनि ।

विशेषत: कम्युनिष्ट दमनार्थ प्रेरित आगामी दिनहरूमा सैनिक प्रभूत्व रहेको इण्डोनेशिया स्वतन्त्र छिमेकी टापुहरूको सार्वभौमिकतामाथि वलात्कार गर्न र यी गतिविधिहरू मार्फत व्यापक रुपमा मनवाधिकार हनन गर्न पछि नहटेको प्रसंगलाई यहाँ नियाल्ने कोशिस गरिएको छ ।

### सैनिक विद्रोहको नाममा १९६५ को नरसंहार

राष्ट्रवादी शासक सुकार्नोको बढ्दो लोकप्रियता तथा कम्युनिष्टहरूको उनीप्रतिको समर्थनको प्रवृत्तिले गर्दा पूँजीवादी शक्ति उक्त संरचनाको विरुद्धमा लिप्त हुन थाल्यो । यो लहरको समापन गर्न १ अक्टोबर, १९६५ मा केही सैनिकहरूले राष्ट्रपति सुकार्नोलाई अपदस्थ गर्न लागेको घोषणा गर्दै अमेरिकी गुप्तचर संस्था सी.आई.ए. को सहायतामा सैनिकहरूको एउटा जमातले इण्डोनेशियालाई आफ्नो कब्जामा लिए । यसको लगत्तै ४५ जनाको एउटा क्रान्तिकारी परिषद गठन गरी जनरल सुहार्तोले तानाशाहीको हद नाघ्ने क्रियाकलाप थाल्यो ।

कथित "अपदस्थ गरिएको" अभियोगमा उच्च दर्जाका ६ जना सैनिक अफिसरहरूलाई पक्राउ गरी अति निर्मम ढंगबाट मारेर शुरु गरिएको १९६५ को नरसंहार दोश्रो विश्व युद्धपछिको सबैभन्दा ठूलो नरसंहार थियो । ऐतिहासिक सामग्रीहरूले के प्रष्ट पारेका छन् भने उक्त काण्डमा कम्युनिष्ट पार्टी अफ इण्डोनेशिया (पि.के.आई) को कुनै प्रकारको संलग्नता थिएन । तर सो नाटकरुपी सैनिक विद्रोहमा व्यापक रुपमा पि.के.आई. का नेता तथा कार्यकर्ताहरूको हत्या एवं दमन गरियो । कथित अपदस्त गर्ने प्रयासको प्रत्याक्रमणको नेतृत्व गर्दै तात्कालीन जनरल एवं वर्तमान राष्ट्रपति सुहार्तोले १० लाख भन्दा बढी नागरिकहरूको रगतले इण्डोनेशियाली धर्तीमा तानाशाही संरचनाको जग बसाल्यो र त्यो संरचनालाई स्थायित्व दिने क्रममा आजपर्यन्त इण्डोनेशियाली भूमिलाई नर-रक्त-पिपाशुपनाबाट मुक्त हुन दिइएको छैन ।


*शान्ता क्रुज नरसंहारको एक दर्दनाक दृश्य*

सेनाको प्रत्यक्ष संलग्नतामा भिजिलान्तेहरूलाई समेत प्रयोग गरी उक्त आमहत्या गरिएको कुरा उल्लेख गर्दै लण्डनस्थित अन्तर्राष्ट्रिय मानवाधिकारवादी संस्था एम्नेष्टी इण्टरनेशनल (ए.आई.) ले आफ्नो प्रतिवेदनमा उक्त घटना सुनियोजित एवं प्रोत्साहित रुपमा हुन दिइएको उल्लेख गरेको छ । जनरल सुहार्तोले सेनाको आडमा सत्तामा आफ्नो हात मजबूत पारेपश्चात मार्च १९६८ मा आफूलाई इण्डोनेशियाको राष्ट्रपति घोषित गर्‍यो ।

सेनाको प्रत्यक्ष आड तथा कम्युनिष्ट विरोधीहरूको सहायतामा १९६५ को सैनिक विद्रोह पश्चातको सरकार वास्तवमा सैनिक तानाशाही व्यवस्थाको प्रतिनिधिको प्रतिरुप हुन पुग्यो । व्यवस्था र विचारधाराप्रति सेनाको प्रभाव रहन गयो । अहिले राजनीतिक पार्टीहरूमध्ये सरकार समर्थित गोलकर पार्टी र अन्य दुई स-साना पार्टी, जुन सत्ताप्रति चुनौति बन्न सक्ने अवस्थामा थिएनन्, बाहेक अन्य पार्टीहरू प्रतिवन्धित छन् । संसद The People's Consultative Assembly (MPR) का ११०० सदस्यहरू मध्ये ७०० जना राष्ट्रपति र

७ जना पोलिटब्यूरो सदस्य र ले.क. कुन्टुंगलाई ७ मार्च, १९६६ मा, क. मुल्योनो र क. स्याम कामारुज्जामान सहित अन्य ७ जना कमरेडहरूलाई १९८५-८६ मा, अन्य २७ जना कम्युनिष्टलाई १९८६ मा, क. सुकर्मान र क. सोयबन्दीलाई नोबेम्भर १९८७ मा, मृत्युदण्ड दिइयो । साथै तत्काल कार्यान्वयन गर्न नसकेकालाई पछि हत्या गर्ने जस्ता प्रवृत्ति देखाइएबाट मृत्युदण्ड विशेषतः कम्युनिष्ट दबाउने चालको रुपमा देखिन्छ ।

ए.आई.का अनुसार मध्य र पूर्वी जाभामा ८ लाख कम्युनिष्ट तथा बाली र सुमात्रामा १ लाख नागरिक मारेको इण्डोनेशियाली सरकारले १९८३-८५ मा मात्रै अपराधीको नाममा करीब ९ हजार नागरिकको हत्या गर्‍यो । लाखौंलाई विना अभियोग जेलमा राखेर अन्य लाखौं राजबन्दीलाई विना आरोप पक्राउ गर्ने निकृष्टतम प्रवृत्तिले इण्डोनेशियाली सरकारलाई नागरिक मार्ने सरकारको रुपमा चित्रित गरेको छ ।

**प्रेसमाथि मुड्ग्रो**

अहिले भ्रष्टाचारको सुनुवाईको निमित्त अदालतमा राष्ट्रपति उपस्थित भए पनि भ्रष्टाचार गरेको समाचार छापेकै कारण इण्डोनेशियाका प्रमुख पत्रिकाहरू De Tik, Editor र Tempo को प्रकाशनलाई बन्द गरिएको छ । इण्डोनेशियाली तानाशाह सुहार्तोको व्यवस्थापति अन्तर्राष्ट्रिय पत्रिका न्यूजवीकले टिप्पणी गर्दै विशेषण दिएको छ- "प्रजातन्त्रको खडेरी ।"

De Tik को अन्तिम अंकमा लेखिएको थियो-

"केही कुरा नभन
केही कुरा नहेर
केही कुरा नसुन
केही कुरा नलेख ....
ओ ! ओ ! केही कुरा जान्ने नबन !
त्यो जुन, समर्थ पत्रकार बन्नका लागि चाहिन्छ ।"

**अन्तमा,**

साम्राज्यवादी तथा तानाशाही अन्तर्राष्ट्रिय शक्ति केन्द्रको आशिर्वादबाट राष्ट्रपति सुहार्तोले इण्डोनेशियाली भूमिमा सेनाको प्रत्यक्ष संलग्नतामा आम नागरिकहरूको चाहनालाई दबाउने तथा कम्युनिष्ट नाम सुन्नासाथ रगतको खोलो बगाउने जुन प्रवृत्ति देखाइरहेको छ, त्यसप्रति विश्वका मानवाधिकारका वाच डगहरू किन भुक्न असमर्थ छन् ? टोक्न नसक्ने तर भुक्न सक्ने, यो कार्यप्रतिको विश्व-उदाशिनताले यस्तो तानाशाही प्रवृत्तिलाई थप बल प्रदान गर्दै मानवाधिकार- हननको गतिलाई तीव्र पार्नुका अतिरिक्त राष्ट्रपति सुहार्तोको यस्तो प्रवृत्तिले कम्युनिष्ट निर्मूल-अभियानलाई एक पाइलो अघि बढाउने निश्चित छ । ☐☐

पूर्वी टिमोर को प्रसंग

# स्वतन्त्रताको आवाज : गोलीको उपहार !

सैनिक शक्तिका आडमा इण्डोनेशियाले कब्जा गरेको पूर्वी टिमोरको स्वतन्त्रता अभियान अन्तर्गत १२ नोभेम्बर, १९९१ मा राजधानी डिलीमा शान्तिपूर्वक प्रदर्शन गर्दा सेनाले गोली प्रहार गरी २००० भन्दा बढी निहत्था नागरिकको आम संहार गरेको थियो र यसै वर्ष १९९४ को १२ नोभेम्बरमा इण्डोनेशियाली रक्त-पिपाशु शासनको वर्वरताबाट पीडित ती व्यक्तिहरूको संझना तथा सम्मानमा डिलीमा पुनः प्रदर्शन गरियो । तर यस पटक विश्वसामु पालिश गरेर आफ्नो "मानव अधिकारको स्थिति राम्रो" छ भनी प्रदर्शन गर्न गइरहेको इण्डोनेशियाली सरकारले आम संहारको पुनरावृत्ति चाहिं गर्न सकेन । यद्यपि पालिश लगाएर टल्क्याएको यसको यो स्वरुपमा पनि दमनका रुपहरू देखिएका छन् ।

एशिया प्रशान्त आर्थिक सहयोग मञ्च (Asia Pacific Economic Cooperation) एपेकको दोस्रो शिखर सम्मेलनको आयोजनामार्फत यस पटक इण्डोनेशिया विश्वसामु आफ्नो धुमिल छवीलाई सफाइकासाथ प्रस्तुत गर्न चाहन्थ्यो । त्यसैले इण्डोनेशियाले अष्ट्रेलिया, बुनाइ, क्यानडा, चिली, चीन, हङ्कङ्ग, जापान, इण्डोनेशिया, मलेशिया, मेक्सिको, न्यूजिल्याण्ड, पपुवा न्यू गिनी, फिलिपिन्स, सिंगापुर, द. कोरिया, ताइवान, थाइल्याण्ड र सं.रा. अमेरिका सम्बद्ध एपेकको दोश्रो शिखर सम्मेलन आफ्नो राजधानी जाकार्ताबाट करीब ६० कि.मी. टाढाको शहर बोगोरमा आयोजना गर्‍यो । मानवाधिकारको सवालमा विश्वव्यापी आवाजलाई ध्यानमा राखेर यसले केही विदेशी पत्रकारहरूलाई इण्डोनेशियाका साथै पूर्वी टिमोरमा पनि नियन्त्रित भ्रमणको अवसर प्रदान गरेको थियो ।

एपेकको सम्मेलनलाई इण्डोनेशियाले यसरी आफ्नो छवि "सफा" देखाउने माध्यम बनाउन प्रयोग गर्न खोज्यो तर उता दमनका उग्र रुपहरू सहिरहेका पूर्वी टिमोरीहरू चाहिं डिलीमा तीन वर्ष पूर्व भएको आम संहारको स्मरणसाथ एपेक सम्मेलनमा सहभागी हुन आउनेहरूलाई आफूप्रतिको दमन अवगत गराउने प्रयासमा क्रियाशील रहे ।

अमेरिकी राष्ट्रपति बिल क्लिण्टनलाई पूर्वी टिमोरका स्वतन्त्रता पक्षधरहरूले ध्यानको मुख्यः केन्द्रविन्दु बनाए । १२ नोभेम्बर, शनिवारको दिन पूर्वी टिमोरको राजधानी डिलीमा तीन वर्ष पुरानो आम संहारको संस्मरणार्थ प्रदर्शनीको आयोजना भयो । त्यहाँ जातीय हिंसाको कारण, एक जना पूर्वी टिमोरीको हत्या इण्डोनेशियालीले गरेपछि दुई जना इण्डोनेशियाली पनि टिमोरीहरूद्वारा मारिए । तर, अनपेक्षित रुपमा पुलिस र सेना संयमित रहे, यसर्थ कि- भोलिपल्ट



*डिलीमा भएको शान्ता क्रुज नरसंहारको विरोधमा प्रदर्शन*

अमेरिकी राष्ट्रपति सम्मेलनमा सहभागी बन्न आउँदै थिए ।

त्यही दिन इण्डोनेशियाली राजधानी जाकार्तास्थित अमेरिकी राजदूतावासको २.५ मिटर अग्लो पर्खाल नाघेर करीब २८ जना टिमोरी विद्रोहीहरूले दुतावास कम्पाउण्डभित्रको गाडी पार्क-स्थलमा धर्ना सहित प्रदर्शन शुरु गरे । इण्डोनेशियाली सेनाले हस्तक्षेप गर्न लाग्दा अमेरिकी कुटनीतिक नियोगका पदाधिकारीहरूले सेनालाई बाहिर जान भने पश्चात पछि कयौं दिनसम्म पनि सेना तथा पुलिसले दूतावास घेराउ गरिरहे । यो पंक्ति लेख्दासम्म यो क्रम चालु नै थियो ।

सन् १९९२ मा गिरफ्तार गरेर आजीवन कारावास र पछि २० वर्षको काराबास घोषणा गरिएका गुरिल्ला नेता जोसे सानाना गुस्माओको रिहाइको माग सहित गरिएको स्वतन्त्रताउन्मुख यो आन्दोलनको क्रमका ८९ जना टिमोरीहरू गिरफ्तार गरिए । यसमध्ये ६९ जनालाई छोडिने र अन्यलाई कानूनी कारबाही गर्ने कुरा इण्डोनेशियाली सरकारी अधिकारीहरूले बताएका छन् ।

सन् १९७५ मा गृहयुद्धग्रस्त पूर्वी टिमोरमा सैनिक हस्तक्षेप गरी त्यसको एक वर्षपछि इण्डोनेशियाले आफ्नो २७ औं प्रान्तको रुपमा जवर्जस्ती त्यसमाथि प्रभुत्व लादेको थियो । त्यो घटनालाई संयुक्त राष्ट्र संघ तथा अमेरिका लगायतका प्रायः देशहरूले मान्यता प्रदान गरेका छैनन् । उता, यो समयावधिवीच लगातार नै टिमोरीहरूको स्वतन्त्रता निमित्त गुरिल्लाहरू जंगल जंगलमा र विद्यार्थीहरू सडक सडकमा संघर्षका विभिन्न रुपहरू अपनाउँदै आइरहेका छन् ।

एशिया भ्रमणमा आउनु पूर्व वासिङ्गटनस्थित जर्ज टाउन युनिभर्सिटीमा बोल्दै अमेरिकी राष्ट्रपति क्लिण्टनले इण्डोनेशियाली राष्ट्रपति सुहार्तोसँगका अनौपचारिक कुराकानीमा त्यहाँको मानवाधिकारको मुद्दालाई उठाउने कुरा भनेका थिए । तर एपेक सम्मेलनमै चाहिं यो कुरा नउठाउनाले राष्ट्रपति क्लिण्टन पनि औपचारिकतामै सीमित रहेका कुरा प्रष्ट हुन आएको छ । व्यापारिक स्वार्थका कारण मानवाधिकारलाई उपेक्षा नगर्ने भन्ने अमेरिकी दावी यसरी पुनः एक पटक फिका भएको छ ।

सम्मेलनपछि अब आएर पुनः ती प्रदर्शनकारी टिमोरीहरूको घर खानतलास गर्न शुरु गरिएको छ । पूर्वी टिमोरका गभर्नर अविलियो सोएटेसले अरुको घर जलाउने, लुटपिट गर्ने, कार तथा मोटर साइकल नष्ट गर्ने जस्ता आपराधिक गतिविधि गरिएकोमा खानतलासीको आदेश दिइएको बताएका छन् । उता, जापानी टेलिभिजन एन. एच. के. लाई गलत समाचार प्रशारण गरी टिमोरमा तनावको वातावरण श्रृजना गरेको अरोप लगाइएको छ । साथै, अन्य विदेशी पत्रकारहरुलाई पनि निकाल्न थालिएको छ । यस प्रकार, इण्डोनेशियाली सरकारले दमनको क्रम पुनः जारी गर्दै टिमोरको समस्यालाई पुनः बाहिरी विश्वका दृष्टिबाट टाढा राख्ने क्रियाकलाप थालेको छ । विश्व समुदायले यो दमनप्रति निरन्तर चासो र सक्दो दवावको श्रृजना गर्नु नै पीडित टिमोरीहरूप्रतिको ऐक्यबद्धता हुन सक्तछ ।

**– एल्भीस जोशी**

नयाँ कलेवरमा प्रकाशित
**विश्वभूमि दैनिक**
पढ्नु होस् ।

# क. माओ: आफ्ना छोरा र बुहारीको नजरमा

## कोरियाली क्रान्तिको रक्षार्थ शहीद भएको आफ्नो छोराको मृत्युलाई माओले कसरी लिनु भएको थियो ?

**—माओ आनछिङ्ग / शाओ ह्वा**

**सन्दर्भ : माओ जयन्ती**



**ची**नियाँ जनताका लागि माओ त्सेतुङ्ग त्यस्ता महान नेता हुनुहुन्थ्यो, जसले चीनियाँ क्रान्तिमा शानदार योगदान गर्नु भएको थियो । किन्तु, हाम्रा लागि उहाँ एक जना दयालु पिता, कठोर शिक्षक र त्यस्तो व्यक्ति हुनुहुन्थ्यो, जो हामीसँग अत्यन्त घनिष्ट रुपले सम्बन्धित हुनुहुन्थ्यो ।

हामीलाई राम्ररी थाहा छ- हाम्रो पिता चिनियाँ जनताका त्यस्ता नेता हुनुहुन्थ्यो, जसको हृदय करोडौं-करोड जनतासँग सम्बन्धित ठूला-ठूला विषयहरूले सँधै भरिपूर्ण रहन्थ्यो । किन्तु, हामीलाई यो पनि राम्ररी नै थाहा छ कि हाम्रो पिता कुनै अन्य व्यक्ति झैं, एक जना मानिस नै हुनुहुन्थ्यो, जसको हृदय आफ्नो परिवारप्रति स्नेह र छोरा छोरीप्रति प्रेमले भरिएको थियो ।

४ अगस्त, १९४९ मा हूनान प्रान्तको छाङशा शहर मुक्त गरियो र हाम्रो जन्मस्थानबाट एउटा उत्साहबर्धक समाचार प्राप्त भयो- हाम्री हजूरआमा अहिले पनि जीवित र स्वस्थ्य हुनुहुन्छ ! पिताले तत्काल एउटा तार पठाएर उहाँलाई बधाई दिनु भयो र उहाँप्रति आफ्नो हार्दिक सम्मान व्यक्त गर्नु भयो ।

त्यसै वर्ष ११ सेप्टेम्बरमा बुवाले हजुरआमाको उपयोगको लागि भनी फरको अस्तर पठाउनु भयो, जुन ओभरकोटमा लगाएर जाडोबाट आफूलाई बचाउन सकिन्छ ।

१९५० मा हाम्रा दाजु आनइङ्गलाई उहाँले तपाई स्वयं हूनान गएर हजुरआमाको हालचाल बुझेर आउनु होला भनी अह्राउनु भयो र उहाँले हजुरआमाको स्थास्थ्य लाभको लागि केही "रनशन" पनि दाजुसँगै पठाउनु भयो ।

जब देशमा कर्मचारीहरूलाई आफ्नो आधारभूत आवश्यकताको पूर्तिको लागि बस्तुहरूको सप्लाई गर्ने व्यस्थाको सट्टामा तलब दिने व्यवस्था लागू गरियो, तब बुबाले हजूरआमाको जीवनयापनको लागि प्रत्येक महिना नगद राशी पठाउने व्यवस्था गर्नु भयो । यो सिलसिला कहिले पनि बन्द भएन ।

हजूरआमालाई आफ्नो जीवनको अन्तिम समयमा एक्लोपनको अनुभव नहोस् भनेर बुबाले हजूरआमाको हालचाल बुझ्नको लागि आनइङ्ग र आनछिङ्गलाई धेरै जसो हूनान पठाइरहनु हुन्थ्यो । उहाँहरूलाई बुबाले हाम्री दिवंगत आमाका चिहानमा गएर उहाँप्रति श्रद्धाञ्जलि अर्पण गर्नका लागि र स्थानीय जनताप्रति पनि आफ्नो सम्मान व्यक्त गर्नको लागि भनीरहनु हुन्थ्यो ।

१९६२ को बसन्तमा, जब हामी दुबै परस्पर विवाह-सूत्रमा बाँधिएर पेकिङ्ग फर्क्यौं, तब बुबा हामीलाई देखेर मुस्कुराउनु भयो र विनोदपूर्वक भन्नुभयो- "के हाम्री नवविवाहिता बुहारीले गाउँ गएर हाम्रो पुरानो घर हेर्नु पर्ने होइन र ? त्यहाँ हजूरआमा र अन्य नातेदारको दर्शन गर्नु पर्ने हो कि ?"

त्यसबेला हामी दुबै जन-मुक्ति सेनाको जनरल स्टाफ हेडक्वार्टर्समा काम गर्दथ्यौं । त्यसैले बुबाले हामीलाई पहिले हामीले कमरेड ल्वो सुइछिङ्गबाट छुट्टी लिनका लागि र एक साथ छाङशा जानका लागि भन्नु भयो ।

यसरी, बुबाको निर्देशन अनुसार, हामी पहिले आफ्नी आमाप्रति श्रद्धाञ्जलि अर्पित गर्नका लागि पानछ्वाङ्ग गयौं । त्यसपछि आफ्ना नातेदारहरूसँग भेटघाट गर्नका लागि शाओशान गयौं । छाङशामा हामीलाई देखेर हाम्री ९२ वर्षिया हजूरआमा यति प्रसन्न हुनुभयो कि उहाँको चाउरी परेको अनुहारमा पनि मुस्कुराहट फैलियो र आँखामा स्नेहको बाढी आयो । उहाँ जोड जोडले हाँसीरहनु भयो । उहाँले एक हातले आनछिङ्गलाई समाती राख्नु भएको थियो र अर्को हातले शाओ ह्वालाई ।

उहाँले कयौं पटक हामीलाई शिरदेखि पाउसम्म हेर्नु भयो । उहाँ आफ्नो पकड मजबूत पारी राख्न चाहनु हुन्थ्यो । पछि उहाँको आँखा बिस्तारै आँशुले भरिएर आयो ।

मामा खाएची र माइज्यू हुङतेले पनि प्रश्नमाथि प्रश्न गरिरहनु भयो । हामीले बुबाको तर्फबाट सबै परिवारजनलाई अभिवादन गर्‍यौं । हरेक व्यक्ति खुशीले ओतप्रोत भए ।

नोभेम्बर १९६२ मा, जब हाम्री हजूरआमाको निधनको दुःखद समाचार हाम्रो जन्मस्थानबाट आयो, तब बुबा गहिरो शोकमा डुब्नु भयो । उहाँले तुरुन्त लेख्ने कलम उठाउनु भयो र आफ्ना संवेदनाहरूले भर्दै एउटा पत्र लेख्नु भयो र हजूरआमाको अन्त्येष्टिको लागि खर्च गर्न ५०० यान पठाउनु भयो । आफ्नो पत्रमा उहाँले मामा र माइज्यूलाई हाम्री हजूरआमालाई "मेरी प्रिय पत्नी कमरेड याङ्ग काईहुईको नजिकै गाड्नु पर्छ" भनेर अनुरोध गर्नु भएको थियो ।

जब हाम्री हजूरआमा जीवित हुनुहुन्थ्यो, तब उहाँ अक्सर गरेर हाम्रो बुबा दयालु हृदयका एक महान व्यक्ति हुनुहुन्छ भन्नु हुन्थ्यो ।

० ० ०

**हा**म्रो बुबालाई अत्यन्त कम मात्र फुर्सद मिल्थ्यो, फेरि पनि उहाँ हाम्रो प्रगति र आकांक्षामा तीव्र रुचि राख्नु हुन्थ्यो । उहाँले हामीलाई पढ्नका लागि स्वयंले पुस्तकहरूको सूचि बनाइराख्नु भएको थियो, उहाँ हाम्रो स्कूलका रिपोर्टहरू र अध्यापकहरूका टिप्पणीहरू धेरै ध्यान दिएर जाँच्नु हुन्थ्यो । हामीले जुनसुकै प्रश्न सोधे पनि उहाँ त्यसको सन्तोषजनक जवाफ दिनु हुन्थ्यो ।

जब हामी उहाँलाई कुनै सुखद समाचार दिन्थ्यौं, तब उहाँको अनुहारमा मुस्कान फुल्थ्यो, जब हाम्रो अगाडि कुनै कठीनाई आउथ्यो, तब त्यसलाई हटाउनका लागि उहाँ सहायता गर्नु हुन्थ्यो । जब हामी चिन्ता र कठीनाइहरूमा अल्झिन्थ्यौं, तब उहाँ आफ्नो उत्साहवर्धक कुराकानीबाट हाम्रो चित्त बुझाउने र दिलबाट निराशा र विषादको भावनालाई भगाउने काम गर्नु हुन्थ्यो ।

हाम्रो बुबा हामीबाट चाहे जति नै टाढा रहनु भएको किन नहोस्, उहाँ हाम्रो कल्याणको लागि सधैं-सधैं ध्यान राख्नु हुन्थ्यो । १९६० मा जब आनछिङ्ग ताल्येनमा स्वास्थ्यलाभ गरिरहेका थिए, तब बुबाले उनलाई एउटा पत्र लेख्नु भएको थियो-

*मेरो छोरा आनछिङ्ग,*



*अहिले सम्ममा तिमीलाई मेरो पहिलेको पत्र प्राप्त भइसक्यो होला। तिम्रो स्वास्थ्य पहिलेभन्दा निकै राम्रो भइसकेको खबर सुनेर म अत्यधिक प्रसन्न भएँ। फेरि पनि तिमीले आफ्ना डाक्टरहरूको र तिम्रो सहायता र हेरचाह गर्ने कमरेडहरूको कुरामाथि अवश्य ध्यान दिनु पर्दछ, ता कि तिमी धैर्यपूर्वक स्वास्थ्य लाभ गर्दै पूर्णतः स्वस्थ्य हुन सक।*

*आफ्नो धैर्य कहिले पनि नगुमाउनू ..... यदि तिमीलाई कुनै पत्र पठाउनु छ भने त्यो सिछि (सुङलिन) र शाओ ह्वालाई दिनू, जुन उनीहरू फर्कदा आफूसँगै लिएर आउन सक्छन्। भविष्यमा पनि यस्तै गरिरहनू। पत्र पठाउनका लागि अरु कसैलाई दुःख नदिनू। जहाँसम्म ताल्येन नगरपालिका समितिका कमरेडहरू र तिमीलाई हेरचाह गर्ने चिकित्सा दलका कमरेडहरूको कुरा छ, तिमीले उनीहरूप्रति कृतज्ञता व्यक्त गर्नु पर्दछ। उनीहरू तिम्रो कल्याणको लागि सदैव अत्यधिक चिन्तित रहेका छन् र उनीहरूले तिम्रो लागि ती सबै काम-कुरा गरेका छन्, जुन उनीहरूको बशमा थियो। यो पत्र उनीहरूलाई पनि देखाउनू। म उनीहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।*

*तिम्रो मंगल कामना सहित,*
*तिम्रो बुबा*

**बु**बा आनइङ दाइलाई विशेष रुपले चाहनु हुन्थ्यो। उहाँ स्तालिनद्वारा बहुप्रशंसित चिनियाँ सोभियत लालसेनामा लेफ्टिनेन्ट हुनुहुन्थ्यो। उहाँले रणक्षेत्रमा वीरगति प्राप्त गर्नु भएको थियो।

आनइङको मृत्युपश्चात् बुबा धेरै लामो समयसम्म एक्लै गहिरो शोकमा डुबीरहनु भयो- प्यारो छोरा उनीबाट खोसिएको एउटा बूढो व्यक्ति झैं। उहाँले यो दुःखद समाचार हाम्री भाउजू सुङलिङबाट लुकाईराख्नु भएको थियो, ता कि उहाँले आफ्नो पूरा ध्यान आफ्नो अध्ययनमाथि केन्द्रित गरी राख्नसक्नुहोस्। यस अवधिमा उहाँ अक्सर गरेर शहीदहरूका वीरतापूर्ण काम-कारवाहीहरूको उल्लेख गर्नु हुन्थ्यो। उहाँ हाम्रो परिवारका पाँच सदस्यहरूले कसरी कुन प्रकारले आफ्नो प्राण उत्सर्ग गरेका थिए भन्ने कुरा बताउनु हुन्थ्यो।

त्यस बेला सुङलिङ भाउजू बिल्कूल अन्धकारमा हुनुहुन्थ्यो र उहाँले हाम्रो बुबाका कुराकानीहरूको तात्पर्य के हो भन्ने कुरा बुझ्न सक्नु भएन। पछि जब यो दुःखद समाचार उहाँलाई सुनाइयो, तब उहाँ पनि गहिरो शोकमा डुब्नु भयो। उहाँ तथा दाइ आनइङ आफ्नो विवाहको केवल एक वर्षभित्रै एक-अर्काबाट सदा-सदाका लागि बिछोडिनु भएको थियो।

बुबालाई अरु बढी शोक नहोस् भनेर भाउजू आफ्नो कोठामा लुकी-लुकी रुनु भयो। रातको भोजनको लागि उहाँ जब सबैसँग बस्नु भयो, तब बुबाले उहाँका राता र सुन्निएका आँखाहरू देखेर सत्य के हो, बुझी हाल्नुभयो। उहाँ हातमा च्यापस्टिकहरू लिएर धेरै समयसम्म विचारमा हराउनु भयो, र फेरि च्यापस्टिकहरू मेचमा त्यत्तिकै राखेर खाना नखाईकन नै उठ्नु भयो, त्यसपछि उहाँ भोजन कक्षबाट बिस्तारै बिस्तारै बाहिर निस्कनु भयो।

त्यस घटनापछि भाउजू सुङलिङले आफ्नो दुःखलाई भित्र-भित्रै दबाईराख्नु भयो र आँसु पिएर हिड्नु भयो। तर, बुबाले उहाँका भावनाहरू राम्ररी बुझ्नु भएको थियो। उहाँ भाउजू दिन-प्रतिदिन दुब्लो हुँदै गएको अनुहार हेर्नुहुन्थ्यो र उहाँलाई ढाडस दिएर भन्नु हुन्थ्यो- 'यो युद्ध हो र युद्धमा मानिसहरूको ज्यान त गईहाल्छ। आनइङ मेरो छोरा भएकोले चीन र कोरियाका जनताका लागि आफ्नो प्राण दिनु पर्दैन थियो भनेर कहिले पनि नसोच्ने छ्यौं।'

जब आनइङ दाइको मृत्युको समाचार सबैलाई थाहा भयो, तब बुबाले सुङलिङलाई भन्नु भयो- "अबदेखि तिमी मेरी सबैभन्दा ठूली छोरी हौ।"

त्यस दिनदेखि उहाँले विशेष रुपले सुङलिङलाई सधैं स्नेहपूर्ण हेरचाह गर्नु भयो। उहाँ अक्सर उहाँका कपडाहरू, खाना तथा अन्य कुराहरूको बारेमा सोधपुछ गर्दै रहनु हुन्थ्यो र पत्र-व्यवहारमा उहाँलाई "मेरी सबैभन्दा ठूली छोरी" को रुपमा सम्बोधन गर्नु हुन्थ्यो।

एक पटक सुङलिङले आनइङ दाइका अवशेषहरू कोरियाबाट चीन ल्याउन लगाउनका लागि बुबासँग अनुमति माग्नु भयो। तर उहाँले टाउको हल्लाएर आफ्नो असहमति जनाउनु भयो र भन्नु भयो- "शहीदहरूलाई जहाँ कहीं पनि गाड्न सकिन्छ। आखिर हामीले किन उनका अवशेषहरू यहाँ ल्याउने? के चीनियाँ स्वयंसेवक दलका हजारौं शहीदहरूलाई कोरियामै गाडिएको होइन र?"

बुबाको मन असीम सागर झैं व्यापक थियो। उहाँ आफ्नो प्रेम र घृणाको कसी जन-समुदायका हितहरूलाई मान्नु हुन्थ्यो। अमेरिकी साम्राज्यवादीहरूले चिनियाँ राष्ट्रका हजारौं

**'यो युद्ध हो र युद्धमा मानिसहरूको ज्यान त गईहाल्छ। आनइङ मेरो छोरा भएकोले चीन र कोरियाका जनताका लागि आफ्नो प्राण दिनु पर्दैन थियो भनेर कहिले पनि नसोच्ने छ्यौं।'**



श्रेष्ठ छोरा-छोरीहरूलाई मार्‍यो, जसमा उहाँको आफ्नै प्यारो छोरा पनि समावेश थिए । तर चीनियाँ जनताका आधारभूत हितहरूका लागि र चीनियाँ जनता एवं अमेरिकी जनताको मैत्रीको लागि उहाँले अमेरिकाका अपराधहरुलाई एकातिर अलग्ग राखेर चीन र अमेरिकाबीच राजनैतिक सम्बन्ध स्थापित गर्ने उद्देश्यले स्वयं आफ्नै हातले ढोका खोल्नु भएको थियो ।

उहाँ हाम्रो लागि एक जना नेता हुनुका साथसाथै एक जना दयालु पिता पनि हुनुहुन्थ्यो । दुःख र शोकसित सामना हुँदा उहाँको दयालु पिताको स्वरुप एउटा विरालाकोटीको शक्तिशाली व्यक्तिमा परिणत हुन्थ्यो । आफ्नो पतिको अचानक मृत्युभएपछि सुङ्गलिङ्गलाई कति गहिरो मानसिक आघात पर्‍यो होला, त्यो बुबालाई राम्ररी थाहा थियो ।




काठमाडौंमा गत पुस ११ गते माओको १०२ औं जन्मदिवस : डा. बाबुराम भट्टराईले नेतृत्व गर्नुभएको सं.ज.मो. का व्यक्तिहरू समेतको संलग्नतामा गठित समितिको आयोजनामा भएको जनम पक्षिको आमसभाको एक दृश्य ।

१९५९ मा भाउजू सुङ्गलिङ्गको अनुरोधमा उहाँले स्वयं आफ्नै तलबको पैसाले भाउजूलाई कोरिया पठाउने यात्राको व्ययको व्यवस्था गर्नु भयो र शाओ ह्वालाई सुङ्गलिङ्गसँगै पठाउने प्रबन्ध गर्नु भयो, ता कि उहाँले दाइ आनइङ्गको चिहानमा गएर एउटी पत्नीको नाताले उहाँलाई श्रद्धाञ्जलि अर्पित गर्न सक्नुहोस् । यसमा कोरियाली सरकारलाई कुनै समस्या नहोस् भनेर कमरेड रन रुङ्गको नेतृत्वमा एउटा प्रतिनिधि मण्डलको साधारण सदस्यको हैसियतले सुङ्गलिङ्ग र शाओ ह्वा कोरिया जानु भयो, उहाँहरू स्वयं हाम्रो राजदूतावासमा बस्नु भयो र केही दिनभित्रै देश फर्कनु भयो ।

कोरियाको प्योआन प्रदेशको ह्वेइछाङ्ग जिल्लामा निर्मित चीनियाँ जन-स्वयं सेवकहरूको शहीद समाधि-क्षेत्र पहाडहरूवीच अवस्थित थियो । त्यो ठाउँ अग्ला अग्ला देवदारु र गड्सल्लाका रुखहरूले घेरिएको थियो र पहाडहरूको वीचबाट निर्मल जलधाराहरू मन्द मन्द गतिमा बगिरहेका थिए, जसबाट त्यहाँको वातावरण विशेष रुपले शान्त र चित्ताकर्षक प्रतीत हुन्थ्यो ।

जब हामीले अग्ला-अग्ला सिंढीहरू चढेर शहीद समाधिक्षेत्रमा प्रवेश गर्‍यौं, तब हामीले लाइनमा गोलाकार चिहान देख्यौं । प्रत्येक चिहानको अगाडि एउटा-एउटा समाधि-पत्थरमा शहीदहरूको नाम लेखिएको थियो । कुल मिलाएर एक सयभन्दा बढी श्रेष्ठ चीनियाँ छोरा-छोरीहरू त्यहाँ चीर-निन्द्रामा शान्तिपूर्वक सुतिरहेका थिए- उनीहरूले स्वयं आफ्नो रगतले एउटा मैत्रीपूर्ण छिमेकी देशमा सर्वहारा अन्तर्राष्ट्रियवादको स्मारक निर्मित गरेका थिए ।

दाजु आनइङ्गको समाधि-पत्थरमा यी शब्दहरू लेखिएका थिए- "कमरेड माओ आनइङ्गको चिहान ।"

त्यसको पछाडि नै यो अभिलेख अंकित थियो- "कमरेड माओ आनइङ्ग जो हुनान प्रान्तको श्याङ्गथान काउन्टीको शाओशान गाउँका मूल निवासी हुनुहुन्थ्यो, चीनियाँ जनताका महान नेता कमरेड माओ त्सेतुङ्गको सबैभन्दा ठूला छोरा हुनुहुन्थ्यो । १९५० मा उहाँले चीनियाँ जन स्वंय सेवक दलमा शामेल हुने दृढ संकल्प गर्नु भयो र उहाँले अमेरिकी आक्रमणको प्रतिरोध तथा कोरियाको सहायता गर्नका लागि युद्धमा लड्दै वीरगति प्राप्त गर्न भयो । कमरेड माओ आनइङ्गको देशभक्ति र अन्तर्राष्ट्रियवादको भावनाले भावी पिंढीलाई सदा शिक्षित र प्रेरित गरिरहेने छ । शहीद माओ आनइङ्गको गौरव अनन्त कालसम्म कायम रहनेछ ।"

कोरियाका सबै जनतालाई थाहा छ-

अध्यक्ष माओत्सेतुङ्गका सबैभन्दा ठूला छोरा माओ आनइङ्गले आफ्नो राष्ट्रिय मुक्तिको कार्यको लागि आफ्नो प्राण नै आहुति गर्नु भएको थियो । उनीहरू वर्षमा दुई पटक शहीदहरूलाई श्रद्धाञ्जलि अर्पण गर्दछन् ।

कोरियाली जनताद्वारा दाजु आनइङ्ग र अन्य शहीदहरूको चिहानलाई सावधानीपूर्वक हेरचाह गरिँदै छ भन्ने कुरा देखेर उनीहरूका निकटतम सम्बन्धीहरूलाई अत्यन्त सन्तोष मिल्यो ।

सुङ्गलिङ्ग र शाओ ह्वाले समाधि क्षेत्रमा केही फोटोहरू खिचे, त्यसपछि उनीहरू चीन फर्किए । तथा उनीहरूले आफ्नो यात्राको वृत्तान्त बुबालाई सुनाए ।

दाजु आनइङ्गको मृत्युपछि, बुबा अक्सर गरेर उहाँको बारेमा चर्चा गर्नु हुन्थ्यो । उहाँको भनाइ थियो- आनइङ्ग त्यस्तो नवयुवक हुनुहुन्थ्यो, जो समस्याहरूको स्वतन्त्र रुपले विश्लेषण गर्न सक्नुहुन्थ्यो तथा उहाँको आफ्नै धारणाहरू थिए । बुबाले धेरै पटक हामीलाई भन्नु भयो- हामीले आनइङ्गबाट सिक्नु पर्दछ र उहाँलाई याद गर्नु पर्दछ । हाम्रा बुबाका यी स्नेहपूर्ण शब्दहरू हामीलाई अहिले पनि राम्ररी याद छ ।

बुवा हरेक त्यस्ता व्यक्तिहरूको स्मृतिलाई आफ्नो हृदयमा सजाएर राख्नु हुन्थ्यो, जसले क्रान्तिका लागि आफ्नो प्राण उत्सर्ग गरेका थिए ।

१९८३ मा लिखित

❑ ❑

काठमाडौंमा गत पुस ११ गते माओ दिवस : क. लिलामणि पोखेलले नेतृत्व गर्नु भएको सं.ज.मो. नेपालका व्यक्तिहरू समेतको संलग्नतामा गठित समितिको आयोजनामा भएको आमसभा अघिको जुलूसको एक दृश्य ।



# '१ शुक्रराजले कसरी शहादत प्राप्त गरे ?'

**वि.**सं. १९९५ को मार्ग १३ गते दिनको ठीक ३ बजे !

काठमाडौंको मुटु मानिने इन्द्रचोकस्थित आकाश भैरवको मन्दिरको पेटीमा निरंकुश राणा शासनको विरोधमा सबैभन्दा पहिलो राजनीतिक आमसभाका लागि बनाइएको मञ्चमा आयोजक नेपाली नागरिक अधिकार समितिका कार्यकर्ता र बक्ताहरू थिए भने केलटोल, भेडासिंह र नयाँ सडकबाट आउने बाटो र इन्द्रचोकको मूल चोकमा जनताहरूको घुईंचो थियो । समितिका संगठन सचिव केदारमान व्यथितद्वारा उद्घोषण गरिएको सो सभामा प्रमुख समितिका अध्यक्ष शुक्रराज शास्त्रीको नाम उद्घोषित हुनासाथै उनलाई फूल र तालीद्वारा हार्दिक स्वागत गरियो ।

राणा शासनविरोधी प्रथम आमसभाका प्रथम एवं प्रमुख वक्ता शुक्रराज शास्त्रीले श्रीमद्भागवत गीताका श्लोकहरूबाट आफ्नो भाषण शुरु गरी नेपाली जनताको दुःखद् स्थितिको व्याख्या गर्ने क्रममा त्यस स्थितिको कारकतत्व राणा सरकार र व्यवस्थाको कडा आलोचना गर्दै समयको माग बुझेर कदम चाल्न सरकारसँग जोडदार माग गरे । त्यसपछि सो समितिकै सदस्य गंगालाल श्रेष्ठले सरकारी शोषण-दमनलाई पशुले झैं चुपचाप नसही मनुस्य सुहाउँदो अधिकार लिन जनतालाई संघर्ष गर्ने जोशिलो आह्वान गरे !

यसरी चतुर्मासको अवधिभर समितिका सदस्य पं. मुरलीधरमार्फत पुराण भन्ने नाममा चलाइएको जन-जागरण अभियानलाई निरन्तरता दिन र शुक्रराजलाई लगाइएको नजरबन्दी तोड्नका लागि आयोजित सफल आम सभा राणा शासकहरूको निम्ति साहसपूर्ण हाँक सावित भयो । यस हाँकको सरकारी प्रतिक्रिया यति कडा भयो कि सरकारले भोलिपल्टै घरघरमा छापा मारेर शुक्रराज शास्त्री र पं. मुरलीधरलाई गिरफ्तार गरेर शुक्रराजलाई ३ वर्ष कैद सजाय दियो । केन्द्रीय कारागारमा ३ वर्षको जेल सजाय भोगिरहेका शुक्रराजले म्याद मुक्तान नहुँदै नेपाल प्रजापरिषदको मुद्दामा पनि अभियोग लाग्दै फाँसीमा झुण्डिनु पर्ला भन्ने कुरा त्यसबखत कसैले सोचेको पनि थिएन । र, कसैले नसोचेझैं आर्य समाजी आन्दोलनका प्रमुख प्रचारक माधवराज जोशीका छोरा शुक्रराज शास्त्रीलाई गान्धी र सुभाषचन्द्र बोससँग भेटेको, नेपाल नागरिक अधिकार समिति गठन गरेको आदि निहुँमा नेपाल प्रजा-परिषद काण्ड लगायत ८ वटा मुद्दामा षडयन्त्रमूलक ढंगले फँसाई वि.सं. १९९७ को माघ ६ गते दिउँसो १०-११ बजे सिंहदरबारमा उनलाई सर्वप्रथम सर्वस्व हरण सहित फाँसीको सजाय सुनाइयो ।

त्यसपछि दशरथ चन्द, गंगालाल श्रेष्ठ र धर्मभक्त माथेमालाई मृत्युदण्ड दिने र अन्यलाई पनि कडा दण्ड दिने सजायको फैसला सुनाइयो । नेपाल प्रजा-परिषद र नेपाल नागरिक समितिका वीर सदस्यहरूले आ-आफ्नो सजाय सहर्ष स्वीकारेपछि तिनीहरूलाई जेल चलान गरियो । शुक्रराज शास्त्रीलाई पनि जेल चलान गरी उनका दुबै हात पछाडि लगेर सिक्रीले बाँधेर जगन्नाथ मन्दिरमा दिनभरि राख्ने र खाना खाने बेलामा मात्रै गार्ड राखेर सिक्री फुकालेर खुल्ला गरिने गर्थ्यो ।



**"तुमने मा बापका ही नहीं देशका ही गौरव बढाया हैं !"**

**माधवराज जोशी**

**वि.सं. १९९७ माघ १० गते बेलुका**

उनी रोटी पकाउन लागेको बेला अचानक प्रहरीहरू कोठरीभित्र पसे । राणा सरकारका ती प्रहरीहरूले उनलाई खाना पकाउन समेत नदिई जबर्जस्ती जेलबाट बाहिर निकालेर लगे र राती १० बजे सम्म जेलरको अफिसमै राखे ।

राती अँध्यारो धेरै बढेपछि एक लहरी ट्रकभरि आएका सिपाहीहरूले उनलाई लिएर केन्द्रीय जेल नजिकै पर्ने टेकु पचलीमा पुऱ्याए । राणा शासनका प्रतिनिधि नरशम्शेर उनीहरूभन्दा पहिले नै त्यहाँ पुगेर उनीहरूलाई कुरिरहेका थिए । उनीहरू त्यहाँ पुगेपछि उनले शुक्रराज शास्त्रीलाई अन्तिम इच्छा सोद्धा उनले बागमतीमा नुहाउने र आफ्नो फाँसी आफैंले लगाउने इच्छा व्यक्त गरे ।

शुक्रराज शास्त्रीले आफ्नो अन्तिम इच्छा अनुसार बागमतीमा नुहाई गीताको पाठ गरी पचलीमा आई त्यहाँको चौबाटोमा रहेको नांगो रुखको आग्नेय कोणतिरको हाँगामा झुण्ड्याइएको डोरी समाते ! त्यही बेला अलि टाढा पेट्रोम्याक्स बालेर २०-२५ जना मानिसहरु त्यतै तिर आइरहेको देखेर नरशमशेर, हरिशमशेर, रंग विक्रम र जेलर खड्गबहादुर सुनुवार लगायत सबै सिपाहीहरु भागे !

ती भयभीत भएर भागेका राणा सरकारका भाइ भारदार र सिपाहीहरुले तिनीहरुलाई विद्रोही ठानेका थिए र विद्रोहीहरुले आक्रमण गर्न आएको सम्झेर भागेका थिए, तर पछि मात्र उनीहरुले थाहा पाए- ती मानिसहरु त भोज सकेर फर्केका सामान्य मानिसहरु पो रहेछन् । यो थाहा पाई भागेका राणा भाइभारदारहरु पचलीमै फर्केर जाँदा फाँसीको सजायका भागिदार शुक्रराज शास्त्री नभागीकन त्यहीं जस्ताको तस्तै उभिरहेका थिए । ती सबै फर्केपछि शुक्रराज शास्त्रीले आफ्नो फाँसी आफै लगाई ढुंगाको भरेङ्ग खुट्टाले लडाए र राती ठीक १२ बजे उनले शहादत प्राप्त गरे !

नेपाली जनताले माघ ११ गते पचलीको रुखमा झुण्डिरहेको मृत शरीरको रुपमा शुक्रराजलाई पाउँदा कयौं रोए, कयौं कराए ! त्यति बेला उनले डम्बरकुमारीको वस्त्र, घरबाट उनकी आमाले तगेर पठाएको फलाटिनको खैरो भोटो, नीलो मासिनो किनारा भएको सेतो धोती फनफन बेरेका थिए । उनको जनैमा झुण्डिएको साँचो भोटो तलबाट बाहिर देखिन्थ्यो । उनको टाउको मुडुलो र दाह्री लामा थिए । र उनको छातीमा राणा शासकहरुले एउटा सानो कागजको बोर्ड झुण्ड्याएको प्रष्टै देखिन्थ्यो । उक्त कागजी बोर्डमा लेखिएको थियो - "भर्खर शिक्षा पाएका नवयुवकहरुलाई भड्काएर देशमा विद्रोह फैलाउने र राजकाजमा समेत चलेको हुनाले यस्तो सजाय भयो !"

बिहान खबर पाएपछि ९ बजेतिर उनका परिवारका सदस्यहरु शुक्रराजको पार्थिव शरीर दर्शन गरेर फर्केपछि ८५ वर्षीय माधवराज जोशी पनि पचली पुगे । झुण्डिरहेको आफ्नो वीर छोराको मृत शरीरलाई हेर्दै उनले हिन्दीमा भने - "श्यावास बेटा ! तुमने कमाल कर दिया ! तुम धन्य हो ! तुमने मा बापका ही नहीं देशका ही गौरव बढाया है । बेटा होना तो ऐसा ही होना .... !"

र, शहादत प्राप्त आफ्नो छोराको लाशलाई तीन चोटि घुमेर उनी फर्केर गए र शहीद शास्त्रीका दाजुका माहिला छोरा प्रयागराज जोशी मार्फत् २ वर्ष अगाडि उनकी पत्नी मेनका देवीको दाहसंस्कार गरिएको काजी घाटमै उनको पनि दाहसंस्कार गरियो ! ❑

*(डा. राजेश गौतमको नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजापरिषदको भूमिका र भुवनलाल प्रधानको नेपालको जनक्रान्ति २००७ को आधारमा तयार पारिएको)*

❑

## शहीद दिवश र शुक्रराज जयन्तिको उपलक्ष्यमा

# हाम्रो पार्टीको र हाम्रो गुटको मुसा हात्ती जत्रो !

**– चन्द्रदेव नेपाली**

★ **रा**जाधानीमा एउटा कुनै वामपन्थी राजनैतिक पार्टी नजिकको एउटा पत्रिकाले यस्तो मुख्य समाचार लेख्यो, जसमा अर्को कुनै वामपन्थी पार्टीको हालैको कुनै कामको बारेमा सम्पूर्णतः भूठो रिपोर्टिङ्ग दिइएको थियो । त्यो भूठका आधारमा सो समाचारमा ठूला-ठूला टिप्पणी गरिएका, लाञ्छनाहरु लगाइएका एवं व्यापक विरोधहरू गरिएका थिए ।

★ एउटा पार्टीका नेताले आफ्नो कार्यकर्तालाई अर्को पार्टीविरुद्ध बताए- "त्यो पार्टीलाई लेनिनले हिजै 'बेठीक पार्टी' भनेर बताइसक्नु भएको थियो ।"

तर सत्य यो थियो कि "त्यो पार्टी" लेनिनको मृत्यु भएको चौबीस वर्षपछि मात्र खुलेको पार्टी थियो ।

★ केन्द्रीय स्तरमा पार्टीहरूबीच चुनावी एकता - वार्ता नै नगर्ने भनी पार्टीले टुंगो गरेको छ तर त्यही पार्टीका केन्द्रीय नेता नै जिल्लामा गएर बोल्छन्- "एकताको बारेमा केन्द्रले आपसी वार्ता गर्दैछ । तपाईहरूको जिल्लास्तरको कमिटीले एकता गर्ने प्रयत्न गर्नु जरूरी छैन ।"

★ एउटा पार्टीमा रहेका उत्ति नै औपचारिक शिक्षास्तर पूरा गरेका एक नेताको बारेमा उत्ति नै औपचारिक शिक्षास्तर पूरा गरेका अर्का नेताले आफ्नो गुटका कार्यकर्तालाई बताइरहेका हुन्छन्- त्यो फलानु त "नेता नै हैन, खतरनाक बुद्धिजीवी" हो ।

★ चुनावअघि पल्लो पार्टीका मानिसहरूको वा पार्टी-असंलग्न मानिसहरूको ठूलो चाकडी नै गरी उनीहरूलाई "महत्वपूर्ण, महान" आदि विशेषण दिई आफ्नो चुनावमा सहयोगी बनाएर चुनाव जितेको भोलिपल्टै विजयी नेता कुर्लिए -"यो जीत हाम्रो आफ्नो पार्टीको एकलौटी जीत हो, यसमा अन्य राजनैतिक पक्षको पनि योगदान छ भन्नु हास्यास्पद कुरा हो ।"

★ एमालेका क.सी.पी. मैनालीको विचारका पक्षधर एक जना प्रतिभाशाली नेताका बारेमा भर्खरै एमालेमा पसेका एक जना "बहुदलीय जनवादी" कार्यकर्ताले खुला भेलामा बताए- त्यो नेता ? त्यो एक नम्बरको गफाडी र अल्छी नेता हो, त्यसले पार्टीलाई डुबाउँछ ।"

यो कुरा उनलाई पार्टीभित्रको उनको गुटको एक नेताले बताएका, सिकाएका रहेछन् ।

★ एउटा वामपन्थी पार्टीको आयोजनामा एउटा हलमा ६० जनाका बीच एक महत्वपूर्ण विषयमा सेमिनार सम्पन्न गरियो । भोलिपल्ट त्यो पार्टीभन्दा अलि ठूलो वामपन्थी पार्टीको अखबारले लेख्यो- "३०/३५ जनाको दयनीय भेलामा सो पार्टीले सभा सम्पन्न गऱ्यो । यसबाट बुझिन्छ- व्यापक जनसहभागिता त्यस पार्टीमा छैन ।"

★ वर्षौंदेखि ठूलो मिहेनत गरेर कुनै साहित्यिक समूहले साहित्यिक पत्रिका निकालेर र नियमित साहित्य-भेला गरेर साहित्य क्षेत्रमा योगदान पुऱ्याएको इतिहासलाई पूरै ढाकेर अर्को साहित्यिक समूहको नेताले आफ्ना नयाँ अनुयायीहरूलाई बताए- "अँ, तिनीहरू पनि अलि अलि काम गर्दैछन् तर त्यो खास उल्लेखनीय छैन ।"

★ २०३८ सालदेखि ने.म.कि.पा.ले र २०४३ देखि क. निर्मल लामाको नेतृत्वको ने.क.पा. चौ.म. ले ठूलो र खुला राजनैतिक बहसहरू चलाएर तात्कालीन पञ्चायती व्यवस्था ढलाउन पञ्चायती चुनावमा उम्मेदवारी दिएर 'चुनाव उपयोग' को नीति अपनाएका थिए । तर केही समयअघि मात्रै एक जना एमाले नेताले खुलामञ्चमा भाषण गरे- "पञ्चायती चुनावको उपयोग गर्नुपर्छ भन्ने नीति हाम्रै पार्टीले सर्वप्रथम अगाडि ल्यायो ।"

★ गाउँमा प्रजातान्त्रिक राजनैतिक चेतनाको विकासका शुरु-शुरुका कठिनाइ, प्रतिक्रियावादी ताडना र अन्धकारहरूसंग समेत लड्दै भिड्दै, समाजसेवा गर्दै, राजनैतिक काम गर्दै हालसम्म सक्रिय कुनै स्थानीय राजनैतिक नेतालाई कुनै पार्टीले खुला चौरमा सम्पन्न आमसभामा मञ्चमा यसरी बोलायो- "अब यसै गाउँ निवासी श्री फलानालाई मञ्चमा आएर बसीदिन अनुरोध गर्दछु ।"

सोही व्यक्तिले शिक्षित गरेको र मुलुकमा "सजिलो स्थिति" आएपछि मात्र वापमन्थी राजनीतिमा पसेको अर्कै कुनै "चैते कार्यकर्ता" लाई भने यसो भनेर मञ्चमा बोलाइयो- "अब यस गाउँका सशक्त, जुझारु एवं क्रान्तिकारी, प्रशिद्ध युवा नेता श्री ढिस्कानुलाई म मञ्चमा आई आसन ग्रहण गरिदिनु हुन विनम्रतापूर्वक हार्दिक अनुरोध गर्दछु ।"

यहाँनेर उल्लेख नगरे पनि बुझिने कुरा हो कि उक्त 'फलाना' व्यक्ति आयोजक पार्टीमा संलग्न थिएनन्, तर 'ढिस्काना' चाहिँ आयोजक पार्टीका पार्टी-सदस्य थिए ।"

> "हाम्रो देशको जो भएको उन्नत आन्दोलन भनेकै वाम आन्दोलन हो । यसलाई मात्र कोट्याउनुले यसप्रति जनतामा वितृष्णा फैलँदैन ? किन हामीले यसप्रति वितृष्णा फैलाउने ?"

**य**स्ता अरू विद्यमान घटनाहरूलाई पनि यहाँ उदाहरणका निम्ति प्रस्तुत गर्न नसकिने हैन । हाम्रो आन्दोलनमा थुप्रै पाइन्छन् यस्ता 'भूठको खेती' गर्ने प्रवृत्तिबाट जन्मिएर आकार लिएका घटनाहरू । अरूलाई 'न्यून' स्वरूपमा प्रस्तुत गर्ने वा हियाउने नियत राख्ने यस प्रवृत्तिले 'आफू' लाई मात्र बढाइचढाई गरी प्रशंसा गर्ने गर्छ । फलतः हाम्रो आन्दोलनमा यी भूठहरूले ठूला-ठूला भ्रम र अन्यौलहरू पनि जन्माएका छन् । यत्ति मात्र हैन, यसले हाम्रो समाजमा ठूला ठूला अन्यायहरू पनि गरेको छ । "जसरी पनि" आफूलाई 'ठूलो मान्ने, ठूलो ठान्ने र ठूलो भनाउने यो प्रवृत्ति बोक्नेहरू हाम्रो वामपन्थी आन्दोलनका प्रायः सबै धाराहरूमा विद्यमान छन् । फरक यत्ति हो कि कसैमा यसको मात्रा ज्यादा छ, कसैमा कम छ । तर छनलाइ सबैमा छ ।

## 'चैते प्रवृत्ति' जत्तिकै खतरनाक प्रवृत्ति- 'काइते प्रवृत्ति'

एक जना मित्रसंग मैले यी कुराहरूबारे छलफल गर्न खोज्दा उहाँले मलाई बताउनुभयो- "यस्तो प्रवृत्ति त प्रतिक्रियावादी खेमामा नै ज्यादा छ नि । सामन्ती संस्कृतिमा हुर्केको हाम्रो समाजमा छ्यास छयास्ती छ नि ! तर किन तपाइ यो कुरा वापमन्थी आन्दोलनको सन्दर्भमा मात्र उठाउनु हुन्छ ? हाम्रो देशको जो भएको उन्नत आन्दोलन भनेकै वाम आन्दोलन हो । यसलाई मात्र कोट्याउनुले यसप्रति जनतामा वितृष्णा फैलँदैन ? किन हामीले यसप्रति वितृष्णा फैलाउने ?"

वास्तवमा, हाम्रा यी कमजोरीहरूबारे कुरा उठाउनुले हामीलाई आफ्ना कमजोरीहरू खोज्न र तिनको निराकरण गर्न नै मद्दत गर्ला र गरोस् भन्ने मेरो धारणा छ । यथार्थ नलुकाउनु नै जाति हुन्छ । यसले जनतामा वितृष्णा फैलँदैन । हामीले आफूले आफूलाई सच्याउँदैनौं भने चाहिँ कुरा नउठाउनुले वा छोपछाप पार्नुले मात्र जनतामा हाम्रो आन्दोलनको छवि 'उज्ज्वल' रहिरहने छैन । यसले त बरू 'घृणा' पो पैदा गर्ने सम्भावना छ ।

साथै, के कुरा साँचो हो भने- यी गलत प्रवृत्तिहरू प्रतिक्रियावादी खेमामा ज्यादा विद्यमान छन् । हो, हामीले तिनको पनि प्रशस्त चिरफार र भण्डाफोर गर्नैपर्छ । तर के कुरा निश्चित छ भने- यसका निम्ति पनि हामी आफैंले आफूभित्रै काम शुरु गरेको हुनु जरूरी छ । हामी आफूले धुम्रपान गरेकोमा आफू पछुतो गर्न थालेका छौं र हामीले यसलाई पूरै त्याग गरिसक्नु बाँकी भए पनि धुम्रपानको लत त्याग्न हाम्रो संघर्ष चाहिँ शुरु भएको छ भने मात्र अरूको यो लतबारे हामीले औंलो ठड्याउनु ठीक र नैतिक हुन्छ । त्यसैले हाम्रो वाम आन्दोलनमा यो "भूठोको खेती" को प्रवृत्तिबारे कुरा उठाउनु यहाँ सान्दर्भिक छ भन्ने कुरा म ती मेरा मित्र तथा तमाम पाठक वर्गमा निवेदन गर्न चाहन्छु ।

पुनः माथिकै प्रसंगमा जाऔं ।

यहाँ के कुरा प्रष्ट गर्नु जरुरी छ भने विचारको आधारमा गरिने निकटताको कुरा यहाँ उठाइँदै छैन । तपाई आफूले सही ठानेको विचारलाई राम्रो मान्नुस् ! त्यो विचार लिनेलाई निकट ठान्नुस् । यसमा कुनै आपत्ति छैन । प्रतिक्रियावादी वा गलत

विचारका विरुद्ध त हामीले पक्षपात मात्र हैन, विरोध नै पनि, सम्झौताहीन संघर्ष नै पनि गर्नुपर्छ नै । तर तपाईकै विचारको सानो वा ठूलो घेरोभित्रै पर्नेहरूलाई नै पनि जब तपाई कुनै संकुचित गूटस्वार्थ वा व्यक्तिगत स्वार्थको आधारमा टाढा सोच्ने, अपमान गर्ने वा पक्षपात गर्ने वा उचित स्थान नदिने वा लाञ्छना वा तिरस्कार गर्ने गर्नु हुन्छ र यसका लागि झूठको सहारा लिनु हुन्छ भने चाहिँ त्यो आपत्तिजनक कुरो हो ।

माथि शुरुमा दिइएका केही व्यवहारिक उदाहरणहरूमा व्यक्त भएको प्रवृत्तिलाई यही मान्यता अनुसार यहाँ गलत किटान गरिएको हो ।

हामीमा रहेको यो गलत प्रवृत्तिको कारणले गर्दा हामी कति 'मित्र' हरूलाई 'पराई' सोच्ने गल्ती गर्छौं । 'अहं' को टक्कर बढ्दै जाँदा कुनै-कुनै बेला हामी यति अन्ध र उन्मादी पनि हुन पुग्छौं, कि हामी बरु शत्रु खेमाको मान-संमान र बढाई-चढाई गर्न पुग्छौं, मित्र खेमाको भने निन्दा र उपेक्षा गर्न पुग्छौं । यसबाट अन्ततः फाइदा वर्ग-शत्रुलाई हुने कुरा घाम जत्तिकै प्रष्ट छ ।

हामी के कुरामा प्रष्ट हुनुपर्छ भने विचारमा भएका मतभेदहरूलाई बैचारिक संघर्षकै माध्यमबाट हल गर्नु जरुरी छ । यो कुरा प्रष्टतापूर्वक नै गर्न सकिन्छ । हामी कतिपयमा यस कुरामा ठूलो भ्रम रहेको छ । हामीसँग सत्यलाई स्वीकार्ने मार्क्सवादी दृष्टिकोण विद्यमान छ भने हामी आफ्नो मत वा विचारलाई त्यसमा रहेको हामीलाई लागेको सहीपनाको वकालत गरेरै हामी 'श्रेष्ठ' वा 'ठूलो' ठहरिन सक्छौं । अरूको विचारमा 'सहीपन' देखिएमा विनापूर्वाग्रह त्यसलाई स्वीकारेर हामी सत्यनिष्ठ भएरै झन् 'श्रेष्ठ' वा 'ठूलो' बन्न सक्छौं । यसका लागि अर्को पार्टीको बारेमा हुदै नभएका झुठहरूलाई "पर्यवेक्षकहरूले यस्तो अनुमान गरेका छन्" भन्ने जस्ता गैर-जिम्मेवार बांकाले ढाकेर आफ्नो पत्रिकामा प्रस्तुत गर्नु गलत हो । प्रगतिशील नैतिकताको त कुरै छाडौं, यो त सामान्य पत्रकारिताको नैतिकताभन्दा पनि बाहिरको कुरा हो । यसै गरी, अर्को पार्टी गलत छ भने त्यसको विचार, नीति-व्यवहारकै कारणले 'गलत' छ भनेर हामीले सावित गरे पुग्छ । यसका निम्ति सोझा र असचेत आफ्ना कार्यकर्तालाई त्यस पार्टीलाई मारिसकेका लेनिनले पनि 'गलत' भनेका थिए भन्ने जस्ता सरासर असत्यहरू बोलेर भ्रममा डुबाउनु बेठीक हो । सक्नु हुन्छ र एकताको नीतिलाई ठीक नीति मान्नु हुन्न भने जनता र कार्यकर्तालाई चुनावी वाम-एकता जरूरी नै छैन भन्ने आफ्नो पार्टीको नीति नै सम्झाएर बुझाउनु होस् । एकताप्रेमीहरूको सामना गर्न नसकेर "केन्द्रले एकता गर्दैछ" भन्ने झूठ कार्यकर्ता र जनतालाई नपिलाउनुस् । तपाईको पार्टीको तपाईकै स्तरको अर्को नेतालाई उसको अन्य गुण-दोषको आधारमा आधिकारिक रूपले आलोचना गर्नु होस्, कार्यकर्तालाई सांही कुरा भन्नु होस् तर तपाईले पढेको कुरा चाहिँ "सर्वहारा नेतामा हुनुपर्ने गुण" र उत्ति नै पठाइ अर्कोले पढेको चाहिँ "खतरनाक बुद्धिजीवीमा हुने गुण" को रूपमा अपव्याख्या गरी भ्रमको खेती नगर्नु होस् । यसै गरी, अरू कोही मित्रहरूको बहुमूल्य चुनावी सहयोग वा अन्य सहयोग लिइसकेपछि त्यस सहयोगलाई 'हास्यास्पद दावी' भनी प्रचार गर्ने जस्ता काम गरी आफूलाई 'नाफाखोर बजारिया दलाल'को स्तरमा नझार्नु होस् । ती दलालहरूले पनि फेरि फेरि पनि काम लिनुपर्छ भन्ने स्वार्थ बुझेर यस्तो कृतघ्नता अप्नाउदैनन् । तपाई समाज परिवर्तनको महान लक्ष लिएर साँच्चै हिँड्नु भएको हो भने तपाईले यसो गर्नु त कृतघ्नता मात्र हैन, मुर्ख्याईपूर्ण आत्मघात नै पनि हो । सी.पी. मैनाली वा मदन मण्डारी वा मोहनचन्द्र अधिकारी जो कोहीको विचारसँग नजिक आफ्नो पार्टीभित्रका नेताहरूलाई पार्टी भित्रको गूट-उगपूटको संकुचित आँखाले हेरी वित्थामा "गफाडी" वा "अल्छी" को रूपमा प्रस्तुत गरी "चैते" कार्यकर्ताहरूका माझ उहाँहरूको गलत 'छवि' बनाइदिने काम गर्नु भन्दा सोझै भन्नु जाति हुन्छ- "नेता ठीकै हुन्, तर हाम्रो विचार फरक छ ।"

> सी.पी. मैनाली वा मदन मण्डारी वा मोहनचन्द्र अधिकारी जो कोहीको विचारसँग नजिक आफ्नो पार्टीभित्रका नेताहरूलाई पार्टी भित्रको गूट-उगपूटको संकुचित आँखाले हेरी वित्थामा "गफाडी" वा "अल्छी" को रूपमा प्रस्तुत गर्नु कत्तिको ठीक छ ?

कुनै पनि सेमिनारमा आम सभामा जस्तो धेरै मानिसहरू हैन, "छानिएका तर थोरै" मानिसहरू नै हुन्छन् भन्ने सत्यलाई नै बंग्याएर, त्यसमाथि पनि ६० लाई ३०/३५ मा झारेर समेत समाचार छाप्ने 'पार्टी पत्रकार' हरूले आफ्नो पार्टीको पक्ष लिनै खोज्ने हो भने पनि यति तल झर्नु जरुरी नै थिएन । सेमिनारको विषय र त्यसमा आएका प्रस्तुतिहरू गलत थिए भने, त्यसको आलोचना लेखेर पत्रिकामा छापे भइहाल्थ्यो । अर्को साहित्य-समूहको साहित्यिक प्रवृत्ति गलत छ भने त्यसलाई केलाएर देखाइदिए हुनेमा "खास उल्लेखनीय नभएको" भनी त्यसप्रति अनाकर्षण पैदा गराउने कायर-प्रयत्न गर्नु किन जरुरी थियो र ?

इतिहास इतिहास नै हुन्छ । अर्को पार्टीहरूले वा अन्य व्यक्तिहरूले नै शुरु गरेका चुनाव उपयोग जस्ता कुनै पनि कामहरूलाई उनीहरूकै नामसँग जोड्नु नैतिकतापूर्ण हुन्छ । त्यसमा 'आफ्नो पक्ष'लाई नै अगाडि देखाएर बोलिएका जस्ता झूठहरू बेठीक छन् र ती धेरै समय टिक्दैनन् पनि । गाउँ, टोल, क्षेत्र वा मोर्चाहरूमा ठूलो योगदान गरेकाहरूलाई 'न्यून' मूल्यांकन गरी कम योगदान हुने "आफन्त" हरूको ज्यादा मूल्यांकन गर्नु के अन्याय हैन ? न्यायको स्थापना र अन्यायको निर्मूल गर्ने अभियानमा लागेका हामीहरूबाटै यसरी अन्याय गर्ने काम हुन्छ भने अरूबाट के आशा राख्न सकिन्छ र ?

'आफ्नो पार्टीको वा गूटको मुसा हात्ती जत्रो छ" भनी प्रचार गर्ने यो आत्म-प्रसंशक प्रवृत्ति अथवा "अरूको पार्टीको वा गूटको हात्ती पनि मुसा जत्रो छ" भनी प्रचार गर्ने यो परनिन्दक प्रवृत्तिले हामीलाई बस्तुलाई बस्तुकै रूपमा हेर्न हैन, हाम्रो पूर्वाग्रहको कालो खोलले ढाकेर मात्र हेर्न सिकाउँछ ।

अर्को गूटको हुन नपाई निकै राम्रा जनपक्षीय कलाकारहरू या साहित्यकारहरूलाई पनि कलाकार वा साहित्यकार नै नगन्ने, अर्को गूटको जनपक्षीय विद्वानलाई 'झारपात' सरह ठान्ने, अर्को गूटको वा आफ्नो गूटको नभएको पत्रपत्रिका, मञ्च, गोष्ठी, आदि आफ्नो लागि पनि अति उपयोगी हुने भए पनि त्यसलाई 'पराई' व्यवहार गर्ने, त्यसविरुद्ध असहयोग वा षड्यन्त्र गर्ने वा भाँडभैलो मच्चाइदिने, आफूसँग जुन दुर्गण छ, त्यसलाई स्वाभाविक र साह्रै सानो मान्ने, त्यही दुर्गुण अरूमा देखेमा ज्यादै अस्वाभाविक, र ठूलो दुर्गुण भनी प्रचार गर्दै हिँड्ने, आफूसँग भएको "पाँच राम्रोपन" लाई "नब्बे राम्रो पन" भनी प्रचार गर्ने, मित्रको "पचास राम्रोपन'" लाई भने "तीन राम्रोपन" मात्रको रूपमा प्रचार गर्ने आदि स्वार्थी र प्रभुत्ववादी पूर्वाग्रही बानी व्यहोराहरू यसैका उपज हुन् ।

जसरी पनि आफूलाई ठूलो मान्ने संकुचितापूर्ण, तर बाठो, यो 'काइते प्रवृत्ति' साँच्चैमा भन्ने हो भने आन्दोलनमा पसेको अवसरवादी 'चैते' प्रवृत्ति जत्तिकै खतरनाक छ । फरक कति छ भने 'चैते' प्रवृत्ति नयाँ हुन्छ, देख्न र खुट्याउन एवं त्यसमाथि अरूले शंका गर्न सकिने खालको हुन्छ तर 'काइते' प्रवृत्ति भने आन्दोलनमा संगठन र गूटहरू कब्जा गरेर लामो समयदेखि बसेको हुन पनि सक्छ, "पुरानो, र अनुभवी" हुनुको दावीको जामाभित्र यो प्रवृत्ति हर-कोहीमा जमेर रहेको हुन पनि सक्छ । रकमी कुराहरू गर्ने, मित्रहरू बीचमा पनि जाल र कुटनीति खेल्ने एवं धूत्याई र चाप्लुसीलाई नै 'सक्षमता' मान्ने काम यो काइते प्रवृत्तिले गर्ने गर्छ । मार्क्सवादलाई जीवन-दर्शन हैन, फगत एउटा पाखण्डी गोटी-चाल र लफ्फाजीको रूपमा मात्र यस प्रवृत्तिले लिने गर्छ । आन्दोलनमा लागेका गम्भीर र इमान्दार जोकोहीले पनि यसलाई चिन्नु जरूरी छ र यससँग लड्नु जरुरी छ ।

यो प्रवृत्तिको मूल जरो, फेरि पनि, हामीभित्र रहेको व्यक्तिवाद वा सामूहिक व्यक्तिवाद वा अन्ध गूट-मानिसकतामा नै निहित रहेको छ । यसबाट माथि उठ्ने हाम्रो आ-आफ्नो व्यक्तिगत र सामूहिक प्रयत्नमा नै यो प्रवृत्ति हामीभित्र घट्दै जान्छ कि बढ्दै जान्छ भन्ने कुरा निहित छ । तर यहाँनेर एउटा अर्को पक्षतर्फ पनि हाम्रो ध्यानाकर्षण हुनु जरूरी छ- त्यो हो- हामीभित्र विद्यमान वैचारिक अस्पष्टता !

मान्छे आन्दोलनप्रति इमान्दार छ, यसैका निम्ति जीवन नै अर्पेर हिँडेको छ, लामो समय काम गरिसकेको छ र पनि व्यक्ति यो "झूठको खेती गर्ने काइते" को हदभन्दा माथि उठेको छैन । यस्ता पनि कतिपय उदाहरणहरू भेटिन्छन् । जानेर वा साँच्चै आफ्नो साँघुरो स्वार्थमा डुब्छु भनेर हैन, हामी नजानीकनै पनि यस्तो "काइते" भएका तब हुन सक्छौं, जब हामीलाई हाम्रो आन्दोलनको वृहत्तर भलाई भनेको के हो भन्ने कुरा नै स्पष्ट हुँदैन । आफ्नो विशिष्ट लक्ष र अरूसँग पनि मिल्ने साझा-खालका आम लक्षहरू के-के हुन्, हाम्रो मित्र र शत्रु कुन-कुन हदसम्मको हो र व्यवहारमा विरोध गर्नुपर्ने खास कुरा के हो, समर्थन वा प्रोत्साहन गर्नुपर्ने खास कुरा के हो भन्नेबारेमा विचार-स्पष्टता हासिल नभएमा पनि हामी 'अनुचित' काम गरिरहेका धेरै छौं- सो अनुचितलाई 'उचित' नै हो भन्ने ठानेर ! ❑ ❑

# मनोरोगी मनोरञ्जन

## चर्चित हिन्दी फिल्म "डर"



नायक: शाहरुख खान

**का**ठमाडौंका रञ्जना हलमा भिडका साथ गत पुस महिनामा एउटा हिन्दी फिल्म प्रदर्शित भयो, जुन फिल्मले गत साल भारतको सर्वश्रेष्ठ "सम्पूर्ण मनोरञ्जन" को नेशनल एवार्ड पाएको थियो । संसारमा फिल्म विधाको शुरुवात भएको १०० औं वर्ष पुगेको उपलक्षमा यही पुस २६ गतेदेखि विशेष तयारी र रकम लगानी गरी बम्बईमा जुन २६ औं अन्तर्राष्ट्रिय "फिल्म महोत्सव" मनाइयो, त्यस महोत्सवमा प्रदर्शनका लागि छानिएका "मुख्य धाराका फिल्महरू" मध्ये पनि यो फिल्म अग्रपंक्तिमा रहेको थियो । यो फिल्म हो- "डर" ।

'नकारात्मक भूमिका'मा अभिनय गर्न चर्चित नवोदित अभिनेता शाहरुख खानको अभिनय कौशलको भरपुर उपयोग यो फिल्ममा गरिएको छ । निर्देशक यश चोपडाले जुही चावला, सन्नी देवल, अनुपम खेर आदिको कला क्षमतालाई पनि कुशलतापूर्वक यसमा प्रयोग गरेका छन् ।

यस फिल्मलाई हिन्दी फिल्मी क्षेत्रको आजको प्रवृत्तिको एउटा उल्लेखनीय 'प्रतिनिधि रचना, मान्न सकिन्छ, जसमा मारमुंग्री, गीत, नृत्य, उत्तेजक हाउभाउ आदि सबै व्यवसायिक मसलाका अतिरिक्त वर्तमानको युवा पुस्तामा छाएको मानसिक कुण्ठा र विकृतिको चित्रण पनि छ र यसमा छ- अत्यन्त कुशलतापूर्वक स्थापित गर्न खोजिएको अराजक र खतरनाक प्रभाव ।

मानवीय विवेक र निस्वार्थ सद्भावनाले ओतप्रोत मानिसहरूको हातमा हैन, आज पूँजीको खेल खेल्नेहरूको हातमा संसारभरका आम जनताको दिमाग निर्माण गर्ने कामको लगाम पुगेको छ । संसारमा पूँजीवादी प्रजातन्त्रका पक्षधरहरूमा स्वतन्त्रता, समानता र भातृत्व जस्ता नाराहरू हिजो नाम मात्रकै भए पनि केही जिउँदा थिएँ । पछि समाजवादी अभियानले तीव्र गति लिएपछि र एउटा सशक्त समाजवादी शिविर नै विश्वमा स्थापित भएपछि त्यसमा मानवताका थुप्रै राम्रा पक्षहरू सोहरिए । सामूहिकता, सद्भावना, जगदेखिकै स्वतन्त्रता र समानता, विश्वभरिका श्रमजीवीहरूबीच एकताको भावना, श्रमको कदर आदि मान्छेको जीवनका सुनौला पक्षहरूले सम्मान पाउने क्रम बढ्यो, संकुचित व्यक्ति-स्वार्थ, असमानता, भेदभाव, शोषण, साम्प्रदायिक फुट, लुटतन्त्र आदि भनेका "नराम्रा कुरा हुन्" भन्ने मान्यता स्थापित हुने क्रम बढ्यो, यिनीहरूलाई निन्दा गरिने र यिनलाई नामेट पार्ने क्रम बढ्यो । यो भनेको वास्तवमा सचेत र विवेकवान मानिसहरूले चाहेको कुरा थियो, युगौंदेखि संसारलाई राम्रो बनाउन लागि परेका इमान्दार सन्त, दार्शनिक वैज्ञानिक-प्राविधिक र तमाम खाले सृजनशील व्यक्तिहरूले चाहेको कुरा थियो ।

तर जब समाजवादी शिविरभित्र यी गुणहरूको सचेत विकासमा चाहिएभन्दा कम ध्यान जान थाल्यो वा यसबारे तिनमा ध्यान नै हट्यो र पछि जब हिजोको बलियो समाजवादी शिविर ढल्न पुग्यो, तब संसारमा पूँजीको खेल खेल्नेहरूकै विगविगी शुरु भयो । पूँजीको बलमा थप पूँजी सोहर्ने, जसरी पनि नाफा खाने, नाफा खाएर अरूलाई चुस्ने, फुटाउने, मार्ने र आफू मात्र मोटाउने, जुट्ने र बाँच्ने । यो प्रवृत्ति बोक्ने नाफाखोरहरूले हिजोका पूँजीवादीहरूले शुरुमा बोकेका स्वतन्त्रता, समानता र भातृत्वका नाराहरू पनि सबै ठाडै त्यागीदिए । यसरी उनीहरू देशभित्र नांगा सामन्त र नांगा दलाल पूँजीपति बनेर देश लुट्न थालेका छन् र देश बाहिर चाहिँ साम्राज्यवादी, नवसाम्राज्यवादी भएर अन्य देशलाई लुट्न थालेका छन् । ठीक यसैबेला, विज्ञानले ठूलो प्रगति गरिरहेको छ । विज्ञानको यो प्रगतिलाई यिनै लुटेराहरूले एकलौटी गरेका छन् । अत्याधुनिक विज्ञानलाई हतियार बनाएर अघि बढेकाले उनीहरूको धाक-रबाफ धेरै बढेको छ । 'लुटतन्त्र' फैलिँदै गइरहेको छ ।

अब यो "लुटतन्त्र" जोगाउनको निम्ति नाफाखोरहरू एकै साथ दुई कामहरू गरिरहेका छन् ।

**काम एक** : निर्धा जनता वा देशहरूलाई "मैले जम्मा गरेको पूँजी वा मैले उत्पादन गरेको सामान वा मैले बेचेको सामान तैंले लिनै पर्छ र यसरी तैंले मलाई र मलाई-मात्र नाफा खान दिनैपर्छ" भनी आर्थिक-राजनैतिक प्रभुत्व लाद्ने काम । देशभित्रका एकाधिकारी दलाल पूँजीपतिहरूका चालवाजी र प्रभुत्व एवं देशबाहिर अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्वबैंक वा ग्याट-सम्झौताहरू, साना र समाजवादी देशहरूविरुद्धका आर्थिक नाकाबन्दीहरू आदि यसका उदाहरणहरू हुन् । यतिले नपुगेर यिनीहरू विभिन्न बाहाना बनाएर ठाडै सेना प्रयोग पनि गर्ने गर्छन् । ग्रेनेडा, इराक, हाइटी, सोमालिया, चेच्न्या आदि देशमा भएका सैनिक हस्तक्षेपहरू यसका ताजा उदाहरणहरू हुन् ।

**काम दुई** : आर्थिक, राजनैतिक, सैनिक हस्तक्षेप मात्रले काम नबन्ने हुनाले यी लुटेराहरू थप अर्को एक काम पनि गरिरहेका छन् । त्यो हो- आम जनतामा आफ्नो नाफाको स्वार्थलाई टेवादिने खालको मानसिकता बनाउने काम । उनीहरू चाहन्छन्- संसारमा उनीहरूको बदमाशीको विरुद्ध कोही कसैले सोच्दै नसोचोस्, सोच्नै नसकोस् । आम जनता सबै बढीभन्दा बढी खान रुचि गरुन्, किनभने धेरैथरि खाने कुराहरू उनीहरूलाई बेच्नु छ र जति यी खानाहरू बिके, उति उनीहरूलाई नाफा बढी हुन्छ । यसै गरी, आम जनता सबै सुन्न, सुघ्न, लगाउन, फेसन गर्न, आदि आदि सबै क्षेत्रमा रुचि गरुन् । यो रुचि एकदमै बढोस् । अर्थात् उनीहरू चाहन्छन्- ससारभर उनीहरूका सामानहरू उपभोग गर्ने उपभोक्ताहरू थप जन्मियून्, भएका उपभोक्ताहरूले पनि झन्-झन् बढी उपभोग गर्ने लत आफूमा बसालुन् । यसका लागि यी नाफाखोरहरूले प्रचार-प्रसार र विज्ञापनका विभिन्न माध्यमहरू एवं कलाका विविध विधाहरूलाई उपयोग गरिरहेछन् । टी.भी., रेडियो, फिल्म जस्ता अत्याधुनिक सञ्चार-साधनहरू मार्फत उनीहरू प्रभावशाली ढंगले भनिरहेछन्- "खाऊ, पिऊ, लगाऊ, फेसन गर, बढीभन्दा बढी र महंगा सामानहरू प्रयोग गर । जसले हाम्रो पेय पिउँछ, त्यो व्यक्ति सभ्य हो, जसले हाम्रो चुरोट



राजधानीमा ...डर फिल्मको पोष्टर टाँसिएको भित्ता

खान्छ, त्यो पुरुषार्थी हो, जसले हाम्रो प्रशाधन प्रयोग गर्छ, त्यो परी हो। जिन्दगीमा मजा लिनुपर्छ, जिन्दगी मजा लिनको लागि हो आदि आदि। समानता, स्वतन्त्रता, भातृत्वका कुराहरू अब ढले, समाजको भलो सोच्ने समाजवाद असफल भयो। अब खाऊ, जम्मा गर, मोज गर। यही नै ठूलो कुरो हो। फलानी अभिनेत्री पनि यसै भन्छे, फलानो खेलाडी पनि यसै भन्छ, तिमीहरू सबै यी कुराहरूको पछि लाग, जीवन सार्थक पार, शहीद र महामानवहरूका कुरा गर्न छोड, तिनलाई चिन्नै छोडे पनि हुन्छ, तर हाम्रो सामानको विज्ञापन र प्रचार गर्ने मोडेलको रुपमा नांगै प्रस्तुत हुन तयार "विश्वसुन्दरी" लाई भने चिनीराख !" आदि आदि।

यसरी यी नाफाखोरहरूले मानवीय मूल्य र मान्यताहरूलाई पाखा लगाएर यसका सट्टामा मानिसलाई केवल "उपभोगकर्ता" को रूपमा निर्माण गर्न फैलाएको यो जुन उपभोक्तावादी संस्कृति छ, वास्तवमा यसै उपभोक्तावादी संस्कृतिको जालोमा आजको नयाँ पुस्ता नराम्ररी फस्दै गइरहेको छ। यसले वर्तमान समाजलाई गम्भीर रुपले प्रभावित पारिरहेको छ। शिक्षित वा अशिक्षित दुवै



थरि असचेत व्यक्तिहरू यसको शिकार भएका छन्। उनीहरूमा "खाऊँ-लाऊँ" मात्रको डरलाग्दो महत्वकांक्षा हलक्कै बढेको छ। खाए-लाएकै मात्र भरमा मान्छेहरू 'ठूला' र 'सभ्य' कहलिएका देखिएका छन्। त्यसैले त्यसतर्फ उनीहरूको लालच बढेको छ।

तर अर्कातिर भने, तिनै आम जनताको आर्थिक स्तर दिन-पर-दिन खराबभन्दा खराब हुँदै गइरहेछ। मुठ्ठीभर व्यक्तिहरू झन्-झन् धनी बनेका छन्, बहुसंख्यक जनता झन्-झन् गरीब बन्दैछन्।

जब यो बढ्दो महत्वकांक्षा र लालच एकाएक अभावको चिसो वास्तविकसँग ठोकिन पुग्छ, तब नयाँ पुस्ताको मोह भंग हुन्छ। यसकारण, यो पुस्ता कुण्ठाहरूले पुरिन्छ, विकृतिहरूले झेलिन्छ र ऊ सपनामा बाँच्ने जीव बन्न पुग्छ, अराजकता नै उसको दर्शन बन्न पुग्छ। जे चिजलाई आफ्[illegible] लो कुरो मानेको छ, त्यो नपाउँदा र

## अहिले यो कुण्ठामा, मनोविकृतिमा र सपनामा बाँच्ने अराजक नयाँ पुस्ता साँच्चै कसरी बाँचिरहेछ त ? ठीक यही कुराको एउटा जवाफ हो- हिन्दी फिल्म- 'डर'

पाउनेहरूलाई टी.भी. र फिल्म आदि प्रभावकारी मिडियाहरूमा देख्दा असचेत मानिसहरूले आफूमा हिनताबोध अनुभव गर्नु स्वाभाविक छ। यो हिनताबोधबाट पार पाउन उनीहरू चाहन्छन्। लालयित हुन्छन्, कल्पन्छन्। तर उपाय देख्दैनन्। तब हात लाग्छ- मनोविकार, कुण्ठा, हत्या, बलात्कार जस्ता अराजक र अपराधपूर्ण अन्ध उन्माद !

अहिले यो कुण्ठामा, मनोविकृतिमा र सपनामा बाँच्ने अराजक नयाँ पुस्ता साँच्चै कसरी बाँचिरहेछ त ?

ठीक, यही कुराको एउटा जवाफ हो- हिन्दी फिल्म- 'डर'।

यो फिल्मसँग मिल्दा-जुल्दा प्रवृत्ति भएका हिन्दी फिल्महरू आज थुप्रै निर्माण भइरहेका छन् र तिनीहरू लोकप्रिय र त्यसकारण, व्यवसायिक रूपले 'सफल' पनि भइरहेका छन्।

### फिल्म 'डर' कस्तो छ त ?

आउनु होस्- यसबारे एक छिन चर्चा गरौं।

किरण नामकी एक युवती र उसको प्रेमी सुनिललाई अर्को युवक राहुलले सधैं पछ्याइ रहन्छ। कारण, राहुल किरणलाई एकदमै मन पराउँछ, चाहन्छ। सुनीलसँग किरणको विहे हुने पक्का भएको कुराले राहुल झन् छटपटिन्छ। ऊ लुकेर, छिपेर, झुक्याएर पनि किरणलाई हेर्न, छुन खोजिरहन्छ। एक्लै कोठामा बस्दा पनि किरणकै सम्झना गरेर ऊ बस्छ। कोठाभरि किरणको फोटो टाँगेर, आफूले लुकेर खिचेका उसको तस्विरको स्लाइड हेरेर वा किरणले आफ्नो प्रेमी सुनीलसँग गाएका प्रेम-गीतको रेकर्ड सुनेर, त्यो गीतमा सुनीलको ठाउँमा आफूलाई राखेर किरणसँग प्रेमलापहरू गरेको कल्पना गर्छ, सपना देख्छ। हुँदा हुँदा त ऊ यति पागलपन आफूमा ल्याउँछ कि ऊ अठार वर्षअघि मरेकी आफ्नी आमालाई फोन गरिरहन्छ र भनिरहन्छ- "आमा ! ऊ कुनै केटी हैन, ऊ त तिम्रो आशिर्वाद हो।"

ऊ किरणलाई "प्रेम गर्छु" भनी फोन गरिरहन्छ, नाच्ने टोलीको मान्छे भएर वा फागु खेल्ने भिडको कुनै रसिक मान्छे भएर आदि विभिन्न निहुँमा ऊ किरणको नजिक हुन खोजिरहन्छ। तर किरणलाई यो कुराको पत्तै हुँदैन। उसलाई कोही अपरिचित युवकले पछ्याइरहेको छ र उसको निम्ति सो युवक अपहत्ते गरिरहेछ भन्ने थाहा पाएर किरण, सुनील वा परिवारहरू अत्यन्त "हैरान" हुन्छन्। तर ऊ भने खुला रूपमा प्रकट हुने साहस गर्दैन। एकतर्फी प्रेम गरिरहन्छ- तर लुकेर। किरण र सुनीलको विहे भई गोप्य रूपमा उनीहरू स्वीट्जरल्याण्ड



भागेको कुरा थाहा पाएर राहुल उहीं पनि पुग्छ। सुनील, जो नौसेनाअन्तर्गत जलसेना कमाण्डर थियो, उसले राहुललाई आफ्नो हाकिम क्याप्टेन मेहराको छोरोको रूपमा मात्र चिनेको थियो। स्वीट्जरल्याण्डमा पोल खुल्यो- किरणको पिछा गर्ने व्यक्ति राहुल नै रहेछ।

आखिर ठूलो मारमुंग्री र सनसनीपूर्ण, चमत्कारिक फिल्मी "फाइट" पछि राहुल सुनीलको हातबाट मारिन्छ। सुनील र किरणहरू खुशी साथ आफ्नो देशमा फर्कन्छन्।

'डर' को कथासार यही नै हो।

राहुलको बाबुले एक प्रसंगमा बोलेको संवादअनुसार राहुल सानै उमेरदेखि नै एक्लो र संकोची व्यक्ति थियो। आर्थिक हैसियतको हिसाबले चाहिँ सम्पन्न परिवारकै सदस्यको रूपमा उसलाई देखाइएको छ, त्यसकारण ऊ कुनै "असामान्य चरित्रको व्यक्ति" थियो भन्ने छनक फिल्मले दिन खोज्छ। तर शिक्षित र आधुनिक हुँदाहुँदै पनि उसको जुन अन्तरमुखी स्वभाव छ, जुन कुण्ठा र लालचमा ऊ बाँचेको छ, त्यसले देखाउँछ- ऊ मनोविकारयुक्त बढ्दो संख्याको वर्तमान युवा पुस्ताको प्रतिनिधि पात्र हो। युवती किरण चाहिँ यो पुस्ताको मनभित्र पैदा भएको विकृत भोग-लिप्सा र महत्वकांक्षा वा सपना हो। "राहुल" रुपी वर्तमान युवा पुस्ता "किरण" रुपी सुख मृग-मरिचिकाको पछि-पछि दौडिरहेछ, कल्पिएर। तर ऊ आफूलाई यत्ति 'हीन' महशुस गर्छ कि ऊ प्रकटमा आउने साहस भने गर्दैन। बरू लुकेर त्यस सुख-प्राप्तिको खातिर ऊ निर्दोष पुलिस वा निर्दोष साथी विक्की आदिलाई मार्छ, निर्दोष सुनिललाई पनि मार्न खोज्छ। आखिर निर्दयतापूर्वक ऊ आफैं मारिन्छ।

"किरण ! मेरो जिन्दगी तेरो प्रेममा शुरु भएर तेरो प्रेममा नै अन्त हुन्छ, म तेरो शुभचिन्तक हुँ, मलाई तँ घृणा नगर, म तलाई प्रेम गर्छु।" - मर्ने बेलामा राहुलले गरेको यो याचना सुनेर फिल्मका दर्शकहरूको मन पग्लिन्छ। ऊ सहानुभूतिको पात्र बन्छ।

उता राहुललाई मारेपछि सुनील र किरणहरू कतैबाट पनि दण्डित हुँदैनन्, खुशीसाथ घर फर्किन्छन्। फिल्मले यस्तो प्रभाव छाड्छ- उनीहरूको खुशीमा दर्शकहरू पनि खुशी मान्छन्।

यसरी फिल्मले विचित्रको स्थिति पैदा गर्छ- 'राहुल'माथि पनि सहानुभूति, राहुललाई मार्नेहरूमाथि पनि सहानुभूति।

यसरी मनोरोगी वर्तमान पुस्ताको एक हदसम्म चित्रण गर्ने यस फिल्मले सामाजिक मूल्यहीनता वा सामाजिक मूल्य प्रणालीमा छाएको अराजकतालाई बडो चतुर्याईपूर्वक स्थापना गर्ने काम पनि साथसाथै गरेको छ।

'देख्दैमा प्राणभन्दा प्यारो' लाग्ने 'प्रेम' सम्बन्धी चालू, तर अनौठो मान्यतालाई थप बल दिने काम पनि यसमा गरिएको छ। अमर-प्रेम कहानीहरूका नाममा धेरैअघिदेखि नै पुराना कथा, नाटक र फिल्महरूले बलजफ्ती स्थापना गर्दै आइरहेको यो मान्यतामा थप यो फिल्मले आखिरमा

## कोरा सपना देख्न पनि ठीक, स्वप्नद्रष्टाको अकाल मृत्यु पनि ठीक ! ?

राहुल निर्ममतापूर्वक मारिएको देखाएर कोरा कल्पनामा बग्नेहरूलाई जुन झापड दिएको छ, त्यसबाट चाहिँ केही सकारात्मक शिक्षा प्राप्त गर्न सकिने देखिन्छ। तर पनि एकैसाथ 'राहुल' प्रवृत्तिप्रति सहानुभूति र उसको मृत्युप्रति 'खुशी' पनि पैदा गर्ने यसको जुन मूल धेय छ, यसले भने उपभोक्तावादी महत्वाकांक्षामा डुबेको, अति भावुक, सिद्धान्तहीन, असचेत आम-जनतालाई समस्याको सही समाधानको बोटोतिर डोऱ्याउँदैन।

कोरा सपना देख्नु पनि ठीक, स्वप्न द्रष्टाको अकाल मत्यु पनि ठीक! दुवै कुराप्रति सन्तोष पैदा गर्ने काम नै यसले ज्यादा गरेको छ। यो भनेको वर्तमान उपभोक्तावादी सांस्कृतिक यथास्थितिलाई चतुरतापूर्वक जोगाइराख्ने चालवाजी हो।

> एकैसाथ 'राहुल' प्रवृत्तिप्रति सहानुभूति र उसको मृत्युप्रति 'खुशी' पनि पैदा गर्ने यसको जुन मूल धेय छ, यसले भने उपभोक्तावादी महत्वाकांक्षामा डुबेको, अति भावुक, सिद्धान्तहीन, असचेत आम-जनतालाई समस्याको सही समाधानको बोटोतिर डोऱ्याउँदैन।

भारतमा क. विनोद मिश्रको नेतृत्वको भाकपा (माले) को पाक्षिक सांस्कृतिक पत्रिका "समकालीन जनमत" को अंक ९।१३, १९९४ मे मा चन्द्रभूषणले यसै फिल्म 'डर' लाई आधार बनाएर भारतीय दर्शकहरूको वर्तमान बदलिँदो अभिरुचि र त्यसको सामाजिक-आर्थिक सन्दर्भबारे लेख्नुभएको एक समीक्षात्मक टिप्पणीमा उहाँ भन्नु हुन्छ- "जब 'डर' फिल्मलाई भारतको सर्वश्रेष्ठ "सम्पूर्ण मनोरञ्जन" वाला फिल्मको नेशनल एवार्ड मिल्यो, यो देखेर दिमाग चक्करायो। यो मामला एक मनोरोगी मनोरञ्जनलाई राष्ट्रिय मान्यता प्रदान गरिएको मामला हुन गएको छ।"

यसको मूल कथा एउटा हलिउड फिल्मबाट चोरिएको आरोप लगाउँदै उहाँ चर्चा गर्नुहुन्छ- "यो चर्चा फगत एउटा फिल्ममाथिको चर्चाको कुरा मात्र हैन। एउटा फिल्म मात्रको कुरा थियो भने त चर्चा गर्नु जरुरी पनि थिएन। गत दुई-तीन वर्षदेखि समग्रमा यहाँ एउटा सिलसिला कायम भएको छ- नकारात्मक चरित्रहरूमाथि आधारित फिल्महरूको, जस्तो कि- "खलनायक", "खलनायिका", "बाजीगर'", "डर'" र केही हदसम्म "कभी हाँ, कभी ना" र हालसालै "अन्जाम"। यसले यस कुरातर्फ संकेत गर्छ कि दर्शकहरूको अभिरुचिमा केही स्थायी परिवर्तन आएको छ।"

"'डर' मा एकतर्फी प्रेमको सनक छ भने, 'बाजीगर' मा बदलाको सनक छ। 'बाजीगर' मा नायक बदलाको सनकमा साह्रै ठण्डा दिमागले काम गर्दै आफ्ना प्रेमिकाहरूसम्मको हत्या गरिदिन्छ र दर्शकहरूबाट 'डर' जत्तिकै, अझ त्यसभन्दा बढी नै प्रेम र स्यावासी पाउँछ।"

यस्ता प्रवृत्ति बोकेका फिल्महरू आज हिन्दी फिल्मी क्षेत्रमा किन ज्यादा 'हिट' हुँदैछन्? दर्शकहरू किन यस्ता फिल्मतिर ज्यादा आकर्षित भएका छन्? दर्शकको रुचिमा आएको यो परिवर्तनको कारण के हो?

यो प्रश्नको जवाफ खोज्ने क्रममा चन्द्रभूषण यसका पछाडि सामाजिक कारण रहेको दावी गर्नु हुन्छ। भारतमा गत १९८५, १९८६ र १९८७ गरी तीन वर्षमा जनताको आकांक्षा र मान्यतालाई बदल्न "एक्काइसौं शताब्दीतिर" भन्ने नाराका साथ पूरै देशलाई बजार-अर्थतन्त्रको मान्यतामा बदल्न टी.भी. को व्यापक प्रचार-प्रसार र आक्रामक विज्ञापन एवं तडकभडकको माध्यमबाट ठूलो प्रयास गरियो। जनतामा "अब चाहिँ के के न होला" भन्ने भ्रम दिइयो। तर तीन वर्षमै थाहा भयो- भारतमा सरकार बाहेक अरू केही पनि बदलिएन। जनताको आकांक्षा बढ्यो, तर सामर्थ्य बढेन। त्यसैले, "उच्च आकांक्षाहरू र निम्न प्राप्तिहरू" ले युवा वर्गमा एउटा मनोरोगी निराशा पैदा गऱ्यो। जनतामा आफूभित्र भएको यही मनोरोगी हतासाकै कारण 'डर' जस्ता फिल्मी प्रवृत्तिहरू ज्यादा लोकप्रिय बन्न पुगेको ठहर चन्द्रभूषणले गर्नुभएको छ।

निश्चय नै यी फिल्मी प्रवृत्तिहरूले समाजमा असल-खराब वा ठीक-बेठीकको समझदारीलाई धुमिल गराएर अराजकसनक नै सबथोक हो र उचित हो भन्ने मान्यता स्थापना गर्ने प्रयत्न गर्नेछन्। यिनै प्रवृत्तिहरू आम-दर्शकहरूको रुचीको विषय बन्न पुग्नुले उठाएको प्रश्न हाम्रै समाजको सन्दर्भमा पनि सोचनीय प्रश्न बनेको छ।

'डर' को नायक राहुल सुनीललाई चक्कूले हान्दै भन्छ- "मित्र! तिमीसँग समस्या नै यो रहेको थियो कि तिमी साह्रै असल मान्छे थियौं।"

यसलाई संकेत गर्दै चन्द्रभूषण "यो वाक्य व्यर्थता र हतासाले ग्रस्त युवा समुदायको एक हिस्साको लागि सनकी र निर्मम हुने सूत्र वाक्य बन्न सक्छ" भन्ने धारणा राख्न हुन्छ।

**– हरिगोविन्द लुइटेल**

## देउमाईको किनारमा प्रिमियर शो सम्पन्न

# वाम आन्दोलनको पहिलो चलचित्र



**श**हीद रत्नकुमार बान्तवाको जीवनीमा आधारित भिडियो-फिल्म "देउमाईको किनारमा" को प्रिमियर-शो गत माघ ११ गते काठमाडौंमा सम्पन्न भयो।

क. रत्नकुमार बान्तवाको बाल्य जीवनदेखि लिएर उहाँलाई पञ्चायती निरंकुश-तन्त्रका प्रहरीहरूले खोज्दै र खेद्दै गएर गोली हानी मारेको विवरणसम्मले भरिएको यो फिल्म नेपाली वाम आन्दोलनको एक पाटोको झलकलाई लिएर तयार भएको पहिलो प्रगतिशील चलचित्र भएको छ।

मार्क्सवाद, लेनिनवाद र माओविचारधारामा आस्था राख्दै वर्ग-संघर्ष र जन-संघर्षमा होमिएर देश र जनताको निम्ति जीवन अर्पण गर्ने रत्नकुमार बान्तवा जस्ता सपुतहरूको सम्झनालाई चीरस्थायी पार्न यस्ता चलचित्रहरूको योगदान महत्वपूर्ण हुने कुरा प्रष्ट नै छ। शहीदहरुका उच्च मनोबलहरू र महान जीवन आदर्शहरूलाई नयाँ पुस्तामा सम्प्रेषित गर्नमा पनि यस्ता फिल्महरूको भूमिका महत्वपूर्ण हुने हुन्छ। यसर्थ, यो फिल्मको निर्माणलाई यस दिशामा चालिएको एउटा महत्वपूर्ण पाइला मान्न सकिन्छ।

जैतुन प्रोडक्सनले गत चार वर्षको समयावधि लगाएर बनाएको यो फिल्मका निर्माता प्रेम सेर्मा "माङ्जाबुङे" हुनुहुन्छ। निर्देशन उहाँ र सुरेन्द्र सेर्माले गर्नुभएको छ। यसमा केही बाहेक प्रायः कलाकारहरू नयाँ हुनुहुन्छ।

गत ११ गतेको प्रिमियर शोमा मन्त्रीहरू सुवास नेवाङ्ग, प्रदीप नेपाल, अशोक राई आदिका अतिरिक्त क. सुशीला श्रेष्ठको पनि उपस्थिति थियो, जो क. रत्नकुमारको हत्या हुँदा सोही स्थलमा नै हुनुहुन्थ्यो र जो स्वयं प्रहरीको पञ्जाबाट भागेर उम्किनु भएको थियो।

शो-को शुभारम्भ कार्यक्रममा क. प्रदीप नेपालले संजय थापाको नाममा आफूले लेखेको उपन्यासबाट निर्मित यस फिल्ममा आफ्नै सञ्चार मन्त्रालयले केही ठाउँमा सेन्सर गर्नु परेको 'बाध्यता' पनि व्यक्त गर्नुभएको थियो। ❑



# गोविन्द वर्तमानका दुई कविताहरू

*करिब डेढ दशकभन्दा अघिदेखि कविता सृजनामा सक्रिय प्रगतिशील युवा कवि गोविन्द वर्तमानका दुई कविताहरू यस पटक हामीले पाठकहरू सामु प्रस्तुत गरेका छौं । कविले यी कविताहरू यसै वर्ष रचना गर्नु भएको हो ।*

– मूल्यांकन

## पार्टीको मानिस

निष्कपट मानिसहरुको निम्ति
शुभदिनको निमन्त्रणा लिएर आइरहेका
निष्कपट मानिसहरुको हत्यापछि
उनीहरुकै लाशमाथि टेकेर
न्याय र अन्यायको कुरा गर्न आउँछ
शान्ति र शिष्टाचारको कुरा गर्न आउँछ
विकास र निर्माणको कुरा गर्न आउँछ
मुसुमुसु हाँस्दै आउँछ
प्रजातन्त्रको गीत गाउँछ
त्यसै त्यसै एक्लै रमाउँछ
पार्टीको मानिस

कहिले पश्चिमको कुरा गर्छ
कहिले मध्यपूर्वको कुरा गर्छ
खाडी र अरब देशहरु
चन्द्रिका कुमारातुङ्गा
क्लिन्टन र सद्दाम हुसैन
नरसिम्ह राव र गिरिजाप्रसाद कोइराला
क्युवा र कोरिया
मानौं, सबै उसका कार्यक्षेत्रहरु हुन्
आउँछ र एकनाशले कुरा गर्छ
पार्टीको मानिस

शीत युद्धको समाप्ती
र, परिवर्तित विश्व व्यवस्था
रुवाण्डाका नदीहरुमा
ढाडिएका काला लाशहरू
घरदेखि सडकसम्म
र टाउकोदेखि जिब्रोसम्म
सर्वत्र बसिरहेको संसद र हल्लाहरु
मियो बनाएर ग्लोबलाई
दाईको गोरु झैं घुमाउँछ
र, बिस्तारै बिस्तारै
उसको खप्परमा रहेको निजत्व
गलामा सग्बगाइरहेको स्वर लहरी
पाब्लो एस्कोबार
याकुब मेमन
चार्ल्स शोभराज
संजय दत्त
र अमग्लामा हुँदै
विकास गुरुङ र १५ मिटर अग्लो पर्खालमा
ठक्कर खान्छ र कालो हुँदै जान्छ

मतदाता नम्बर
र मतपत्रको नमूनासहित
निर्वाचनका संघारहरुबाट
बिना अनुमति घर घर छिर्छ र नमस्कार गर्छ
कहिल्यै नसोधेको संचो सुबिस्ता सोध्छ
लामखुट्टेका पखेटाहरु सापटी लिएर
भुन्भुनाउँदै नेताहरुको पछि पछि
राजधानीको रछ्यानतिर डुल्छ
र हामीलाई
उसको चाहना मुताविक
निश्चित मितिहरुमा
स्वस्तिक चिन्हको ठप्पा लगाउने
बलिया दाँतहरु भएको
रोमन साम्राज्यकालीन दास ठान्छ
त्यसैले भेटमा हाँस्छ र हात मिलाउँछ
हत्याराहरुको भोजबाट
भर्खरै चुठेर आएको
पार्टीको मानिस

("अनुराग" पूर्णांक ७ बाट)

## समय-साक्षात्कार

मौद्रिक समयको आहालबाट उठेर
टक्टक्याउँदै रंगीन भ्रमका पानीहरु
निस्पन्द मानिसहरुको भीड समक्ष
शब्दका आँसुहरु खसालेर घण्टौंसम्म
जब आएँ शहरमा
मेरो प्रतिवाद निभे शहरका बत्तीहरु
मुस्कान मऱ्यो मित्रहरुका ओठबाट
आफ्नै इच्छाहरुबाट थाकेर
मनका गोडाहरु गले
जब मसंग मेरो शरीर सिवाय थिएन
यसरी प्रस्तुत भयो
म समक्ष
मेरो राजनैतिक स्वतन्त्रता ।

दिनहरुको आयतनभरि
हल्लिन थाले "हरर मुभी" का दृष्यहरु
बालुवाको पहाडबाट
मानिसको रगत सुरेली खेल्दै सुक्यो
हिसाब दुरुस्त गर्न नाफा नोक्सानको
खप्परभित्र मानिसहरु
गिदी झिकेर भर्न थाले क्याल्कुलेटरहरु
सम्बन्धहरुको सामीप्य
र नाताहरुको निकटता
कम्प्युटरको सूचनामा आधारित भयो
नोटहरुले दिन थाले
सफलताको प्रमाण
जब मसंग मेरो शरीर सिवाय थिएन
यसरी प्रस्तुत भयो
म समक्ष
मेरो राजनैतिक स्वतन्त्रता ।

यन्त्रनदी बेगसँग बग्न थाल्यो राजमार्गमा
सँगसँगै दौडिनथाले चुनावका नाराहरु
भोकको अनुहार प्रफुल्ल भयो
रातको आकाशमा टाँगिन थाले
काला सर्पका राता जिब्राहरु
टुथब्रसको भाउ एक्कासी बढ्यो
र हाम्रा दाँतहरु पहेला भए
आयातीत बन्दूक विरुद्ध
यथावत् छन् लामा नङहरु हामीसित
तिनै भए हाम्रा हतियारहरु
यसरी यो भयावह भुईमा
हाम्रा सपनाका भग्नावशेषहरु
प्रजातन्त्रका गहनाहरु भए
जब मसंग मेरो शरीर सिवाय थिएन
यसरी प्रस्तुत भयो
म समक्ष
मैले पाएको राजनैतिक स्वतन्त्रता ।

दिनको उज्यालोमा न्यायको लास बोकेर
केही ठालूहरु विदेशतिर गए
दिनको उज्यालोमा मैनबत्ती बालेर
केही नागरिकहरु अदालततिर गए
जब सबै बाटो छेकियो मेरो निम्ति
हातको कलम लिएर म आएँ मेरो शहरमा
जब आएँ शहरमा
मतिर आए केही साहूजीका प्रश्नहरु
केही हाकिमका प्रश्नहरु
केही पुलिसका प्रश्नहरु
केही पार्टीका प्रश्नहरु
केही संविधानका प्रश्नहरु
प्रश्नहरुको माझमा जब मैले
गोड्न खोजें स्वाभिमानका गराहरु
मृत अवस्थामा प्रस्तुत भयो
मैले पाएको राजनीतिक स्वतन्त्रता ।

("कलम" पूर्णांक ६ बाट)

# सोशलिस्ट यूनिटी सेन्टर अफ इण्डिया (SUCI) को नजरमा भाकपा (मार्क्सवादी) र यसको नेतृत्वको वाममोर्चा सरकार

धेरै समय अगाडि नै कमरेड शिवदास घोषले भा.क.पा र भाकपा (मार्क्सवादी) जस्ता पार्टीहरूको राजनिति, कार्यक्रम र वर्गीय चरित्रका बारेमा विश्लेषण गर्नु भएको थियो । आफ्नो विश्लेषणमा उहाँले त्यस्ता पार्टीहरूको 'प्रगतिशील' र 'क्रान्तिकारी' शव्दावलीहरू सिर्फ लम्फाजीपूर्ण भएको र तिनीहरू वास्तविक रूपमा सोशल डेमोक्रेटिक पार्टीमा रूपान्तरित भैसकेको ठोकुवा गर्नु भएको थियो ।

ती सोशल डेमोक्रेटिक पार्टीहरूले व्यवहारमा श्रम र पूँजीबीच संझौता-समन्वय गराउने शक्तिको रूपमा आफूलाई स्थापित गर्दै शोषणकारी चरित्र भएको पूँजीवादलाई रक्षा गर्ने र यही पूँजीवादको हातलाई मजवूत पार्ने काम आफ्ना 'क्रान्तिकारी' लम्फाजीहरू र देखावटी संघर्षहरूमार्फत गरिरहेका छन् भन्ने उहाँको ठम्याई थियो ।

कमरेड शिवदास घोषले हामीलाई स्तालिनका गंभीर शिक्षाहरू पटक-पटक संझाउनु भएको थियो कि सर्वप्रथमतः शोसल डेमोक्रेटिज्मलाई विस्थापित



स्व. शिवदास घोष



क. नीहार मुखर्जी

## सी.पी. आई (एम) कस्तो कम्युनिष्ट पार्टी ?

**– क. शिवदास घोष,**

*सोशलिष्ट युनिटी सेन्टर अफ ईण्डिया (SUCI) पार्टीका संस्थापक महामन्त्री*

- निहित स्वार्थ भएकाहरू र जमीन्दारहरूका विरूद्व लडाईका जतिसुकै ठूला ठूला कुराहरू मानिसहरूले गरे पनि, उनीहरूप्रति भारतीय शासकको रबैया, ठूला ठूला नोकरशाहहरू एवं ठूला पूँजिपतिहरूका साथै, खास गरेर, बृटिश पूँजीपतिहरूको मुखपत्र *Guardian* द्वारा यस पार्टीका नेता ज्योति बसुको तारिफ, केरलामा जव यस पटीको सरकार थियो, तब त्यस सरकारप्रति बिडलाको रबैया र आज पश्चिम बंगालमा यस पार्टीको हातमा श्रम-विभाग हुँदा हुँदै वर्तमान संयुक्त सरकार (१९६९ मा स्थापित पश्चिम बंगालको दोस्रो संयुक्त मोर्चा सरकारको बारेमा संकेत गरिएको हो । - मू.) प्रति ठूला-ठूला पूँजीपतिहरूको रबैया, यसभन्दा अघिको संयुक्त मोर्चा सरकारको समयदेखि नै अति नरम हुनु । खासगरी, बिडलजीद्वारा यसको गुणगान- यी सबै चीजहरूलाई आँखा खोलेर हेर्ने हो भने कुनै पनि इमान्दार मानिस, खासगरी, मार्क्सवाद लेनिनवादबाट लैश कुनै पनि कार्यकर्तालाई यो कुरा जान्न- बुझ्न कुनै कठिनाई हुने छैन कि यिनीहरू आज साँच्चै कस्तो खालको कम्युनिष्ट पार्टी बनाउँन जाँदैछन् । ❑

० १८ मार्च, १९६९, जलपाईगुडी, प. बंगाल

## वामपन्थी पार्टी क्रान्तिअघि नै सरकारमा पुग्यो भने उसको कार्यदिशा र दृष्टिकोण के हुनुपर्छ ?

*एउटा असली वामपन्थी पार्टीलाई के थाहा हुन्छ भने, चुसाहा पूँजीवादी राज्यतन्त्रलाई क्रान्तिकारी ढंगबाट नफालीकन जनताको जीवनसँग सबन्धित आधारभूत समस्याहरू समाधान गर्न सकिन्न । त्यसैले, उसको पूँजीवादी सरकारमा जानुको मुख्य ध्येय र उद्देश्य यस्तो गर्ने अवसर हातमा पार्नु हुन्छ र अन्तिम लडाइँका लागि उत्पीडित जनतालाई तीव्रताका साथ संगठित गर्दै र तयार पार्दै क्रान्तिको प्रक्रियालाई अरू गतिवान पार्नु हुन्छ । त्यसको लागि यसले निम्न कार्य गर्नु पर्छ ।*

*१) यसले प्रहरी हस्तक्षेपबाट न्यायपूर्ण प्रजातान्त्रिक आन्दोलनहरू र बर्ग-संघर्षहरूलाई मुक्त राखेर तिनलाई मद्दत गर्नु पर्छ र प्रोत्साहित गर्नु पर्छ ।*

*२) यसले प्रहरी नोकरशाहीतन्त्रको बेठीक र अवैध गतिविधिहरूलाई साहसका साथ प्रतिरोध गर्नुपर्छ ।*

*३) यसले त्यस्ता सुधारका कदमहरू चाल्न प्रयत्न गर्नुपर्छ र उत्पीडित जनतालाई यस प्रकार राहत पुऱ्याउने प्रयत्न गर्नुपर्छ कि यसले जनतालाई केही राहत पुऱ्याउनुको साथ साथै उनीहरूको न्यायपूर्ण, प्रजातान्त्रिक आन्दोलनहरू र वर्ग-संघर्षहरूलाई मजवूत पार्न मद्दत पुगोस् ।*

*४) यसले भ्रष्टाचारबाट मुक्त तटस्थ र इमान्दार प्रशासन स्थापना गर्न प्रयत्न गर्नु पर्छ, यसले आफ्नो आचार र व्यवहारद्वारा र जीवन संवन्धी उच्च नियमहरू र तथा आचार संहिताको अनुशरणद्वारा उत्पीडित जनताको सामुन्ने उच्चतर नैतिक स्तर प्रदर्शित गर्ने जमर्को गर्नुपर्छ ।*

*५. यसले सधैं जनतालाई सबै किसिमको पूँजीवादी संसदीय भ्रमहरूबाट मुक्त राख्ने प्रयत्न गर्नु पर्छ ।* ***SUCI* पार्टीको प्रस्ताव १९६२**

# वाम सरकारले शिक्षातर्फ के गर्‍यो ?

विशेषाधिकार नहोस् । महिलाहरूको एउटा ठूलो हिस्सा कृषि मजदूरहरूका रूपमा छ । कृषि मजदूरहरूको ज्याला पनि पश्चिम बंगालमा पुरुष र महिला दुवैको लागि समान गरिएको छ । यही कुरा अन्यत्र पाइँदैन । थुप्रै महिलाहरू अनुसूचित जातिका छन् । उनीहरू माछा मार्छन्, दाउरा जम्मा गर्छन् । उनीहरूको निम्ति हाम्रो सरकारले यथासंभव समान अधिकारको व्यवस्था गरेको छ । शिक्षकहरूमध्ये महिलाहरूको अनुपात पूरै भारतमा पश्चिम बंगालमा बेसी छ, केरलालाई अपवादका रूपमा छोडेर ।

यस प्रकार, पश्चिम बंगालमा महिलाहरूको स्थिति जम्मा जम्मीमा अन्यत्रभन्दा उच्च छ । हो यहाँ पनि बलात्कार, छेडछाडका दुर्भाग्यपूर्ण घटनाहरू हुने गरेका छन् । तर त्यस्तो घटनाको अनुपात भने यहाँ अन्यत्रभन्दा निकै कम छ ।

**शिक्षालाई सर्व सुलभ बनाउनु नै हाम्रो पहिलो काम भएको छ । जनताको शिक्षा प्राप्त गर्ने प्रजातान्त्रिक अधिकार पनि यहीं वेसी छ ।**

❑ *तपाईहरूको सरकार आएयता राज्यमा बलात्कारको घटनामा वृद्धि भएको छ भन्ने तथ्यांकबारे तपाई के भन्नु हुन्छ ?*

- हरेक वर्ष प्रहरी-अपराध-रेकर्ड-ब्यूरोले तथ्यांक प्रकाशित गर्छ । त्यसअनुसार बलात्कारको रेकर्ड सबैभन्दा धेरै दिल्लीमा देखिएको छ । त्यसपछि उत्तर प्रदेश, बिहार र मध्यप्रदेश आउँछन् । गत वर्षको रेकर्ड-ब्यूरोको तथ्यांकअनुसार पश्चिम बंगालमा महिलासम्बन्धी अपराध राष्ट्रिय लेभलभन्दा धेरै कम छ भनिएको छ ।

❑ *वाम मोर्चाको सरकारले पश्चिम बंगालमा खुलेआम वेश्यावृत्ति किन रोक्न सक्दैन ?*

- यो असंभव छ । वाम मोर्चाको सरकार समाजवादी सरकार हैन । वेश्यावृत्ति पूँजीवादको उपज हो । मानिसहरू विभिन्न राज्यबाट आउँछन् । हामी तिनीहरूको गतिशीलतालाई रोक्न सक्दैनौं । हामी मानिसको मनलाई रूपान्तर गर्न सक्दैनौं । हामी यस्तोमा महिलामाथि हुने अपराध न्यूनतम मात्र पार्न सक्छौं । अपराधीलाई कडा सजाय मात्र दिलाउन सक्छौं । जनचेतना जागृत गर्ने काम मात्र गर्न सक्छौं ।



❑ *तपाई त शिक्षा मन्त्री, शिक्षा क्षेत्रमा पश्चिम बंगालमा के त्यस्ता कामहरू भएका छन् जुन अरू राज्यमा भन्दा प्रगतिशील र भिन्न छन् ?*

- शिक्षालाई सर्वसुलभ बनाउनु नै हाम्रो पहिलो काम भएको छ ता कि प्रत्येक नागरिकका छोराछोरीले शिक्षाको अवसरबाट बञ्चित हुन नपरोस् । १९७७ देखि १९९४ सम्ममा शिक्षासम्बन्धी बजेटमा १८ प्रतिशत होइन, १८ गुना नै वृद्धि भएको छ । संसारको कुनै पनि मुलुकमा यति छोटो अवधिमा यति धेरै शिक्षा-बजेटमा वृद्धि कतै पनि पाइन्न । हामीले सत्तामा आएपछि १० हजार वटाभन्दा बेसी प्राइमरी स्कूल खोलिसकेका छौं । थुप्रै माध्यमिक स्कूल र कलेज खोलिसकेका छौं ।

प्राथमिक र माध्यमिक विद्यालयका शिक्षकहरूको तलब सम्पूर्ण भारतकै हिसाब गर्दा पनि पश्चिम बंगालमा सबभन्दा बेसी छ । कलेजका प्राध्यापकहरूको तलब भने देशभरि उही छ । आर्थिक सुविधाहरू पनि शिक्षकहरूको सबैभन्दा बेसी छ, पश्चिम बंगालमा ।

शिक्षाको पाठ्यपुस्तक, पाठ्यक्रम र शिक्षक प्रशासनको मामलामा पनि पश्चिम बंगालमा जुन प्रजातान्त्रिक प्रणाली छ, त्यो भारतभरिमा छैन । प्राथमिक र माध्यमिक शिक्षासम्बन्धी जुन बोर्ड छ पश्चिम बंगालमा, त्यो देशको एक मात्र निर्वाचित बोर्ड हो । यसका केही पदाधिकारी सरकारद्वारा चुनिन्छन् । अधिकांश पदाधिकारीहरू शिक्षकहरूबाटै निर्वाचित हुन्छन् । सरकारी कलेज र युनिभर्सिटी-कमिटीका अधिकांश सदस्यहरू पनि सम्बन्धित शिक्षकहरू र विभागीय सदस्यहरूबाटै निर्वाचित हुन्छन् । यसरी विद्यालय, कलेज र विश्व विद्यालयमा निर्वाचित प्रशासन पश्चिम बंगालमा मात्रै छ । जनताको शिक्षा प्राप्त गर्ने प्रजातान्त्रिक अधिकार पनि यहीं बेसी छ ।

❑ *पश्चिम बंगालमा शिक्षालाई अत्यधिक निजीकरण गरिएको छ भनिन्छ नि ? प्राइभेट स्कूलमा पढाइको स्तर निकै उच्च छ र सरकारी स्कूलमा स्तर खत्तम छ र खालि गरीबका छोराछोरी मात्र त्यहाँ पढ्छन् भनिन्छ नि ?*

- केरला भन्छ- मेरो स्कूलको शिक्षा स्तर उच्च छ, हरियाणा भन्छ- मेरै उच्च छ । यस्तो आत्मगत धारणा हटाउन मैले केन्द्र सरकारसित एउटा प्रस्ताव राखेको थिएँ- स्कूल तहमा पाँच वटा मुख्य विषयमा एउटै प्रश्न सोधिने गरी भारतव्यापी एउटा परीक्षाको व्यवस्था गरियोस् । त्यस्तो जाँच पनि गरियो । त्यसको रिपोर्टमा सार्वजनिक रूपमा स्वीकार गरिएको छ- पश्चिम बंगालको शिक्षाको स्तर सबभन्दा उच्च छ । दोस्रो, प्राइभेट स्कूल शहरमा केन्द्रित छन्, गाउँमा त छैनन् । तर त्यो रिपोर्टमा उल्लेख छ- शिक्षाको स्तर सबभन्दा उच्च पश्चिम बंगालको मोफसल स्कूलमा देखियो, जुन गाउँमा पर्छ ।

❑ *सांस्कृतिक क्षेत्रमा तपाईहरूले के उपलब्धि हासिल गर्नुभएको छ ?*

- यस्तो फिल्म हेर, यस्तो नहेर- यसो भनेर जनताको सांस्कृतिक स्तर उठाउन सकिन्न । सांस्कृतिक आन्दोलन जनताको मानसिकता नै परिवर्तन गर्ने आन्दोलन हो । त्यसैले, हामीले दुइटा कुरालाई साथसाथै लग्यौं ।

हामीले एकातिर जनतालाई विकृत संस्कृतिविरुद्ध आन्दोलन छेड्न प्रोत्साहित गर्‍यौं । अर्कोतिर, जनमुखी र प्रजातान्त्रिक संस्कृतिलाई जनताबीच, गाउँले जनताबीच लैजाने कोशिश गर्‍यौं । गाउँको लोक संस्कृतिको विकासको लागि प्रशस्त लगानी र प्रोत्साहित गरियो । उनीहरुलाई आफ्नो संस्कृति प्रदर्शन गर्न, र अन्य राज्यमा जान प्रोत्साहित गरियो ।

❑ *तर १७ वर्षे तपाईहरूको राजमा नै सारा विकृत संस्कृतिहरू बंगालमा घुसे, नत्र १९७७ अघि बंगालमा सामूहिक बलात्कारको घटना, अश्लील साहित्य र नग्न फिल्म भनेको छँदै थिएन भनिन्छ नि त ?*

- यो सही होइन । गैर सामाजिक तत्वहरू, बलात्कारीहरू जहाँ पनि छन्

**विद्यालय कलेज र विश्व विद्यालयमा निर्वाचित प्रशासन पं. बंगालमा मात्रै छ**

## नेपालको वाम सरकार लाई तपाईको सुझाव

र बंगालमा पनि छन् । यसको लागि जिम्मेवार हामी होइनौं, केन्द्रीय सरकार हो । केन्द्रीय सरकारद्वारा सञ्चालित टी.भी.ले यौन-स्वेच्छाचारिता जागृत गर्ने काम गरिरहेछ । हामी त्यसमा के गर्न सक्छौं ?

*० तपाईहरूले यसमा विरोध त गर्न सक्नुहुन्थ्यो नि ?*

- हामीले विरोध त गरेका छौं । विधान सभामा पटक-पटक प्रस्ताव नै पारित भएको छ । म आफैं एक पटक संस्कृति मन्त्री थिएँ । त्यतिखेर केन्द्रमा स्मृतिपत्र नै पठाइएको छ । लोक सभा र राज्य सभा दुवै सदनमा हाम्रा सांसदहरूले आवाज उठाउनु भएको छ । खास गरी, राजीव गान्धीको पालामा यस खालको विकृत संस्कृति निकै फस्टाएको थियो । बढी राजस्व, बढी पैसा हात लगाउन अहिले त त्यस्तो संस्कृतिलाई फुक्काफाल छोडिएको छ ।

❑ *तपाईहरू अश्लील साहित्यहरू किन प्रतिबन्धित गर्न सक्नु हुन्न ?*

- तिनीहरू कहिले खोसिएका छन्, कहिले पुलीसहरूले यस्तो बेच्नेलाई पक्राउ पनि गरेका छन् । तर फेरि अरू राज्यबाट यो प्रवेश गर्छ । त्यसैले यो रोक्न असंभव देखिएको छ । पश्चिम बंगाल कुनै समाजवादी राज्य होइन । पूँजीवादी राज्य व्यवस्थाको यो अभिन्न अंग हो । यस्तो अंगले यो कार्य गर्न सक्दोरहेनछ ।

फिल्म सेन्सर बोर्ड केन्द्रीय सरकरको अधीनमा छ । उसले सेन्सर गरेर स्वीकृति दिएको फिल्मलाई हामी रोक्न सक्दैनौं । नांगा र अश्लील हिन्दी फिल्महरूलाई केन्द्रीय सरकारले स्वीकृति दिइरहेछ । राज्य सरकारले यसको प्रदर्शन रोक्न सक्दैन ।

❑ *तपाईहरू प्रगतिशील निर्देशक, लेखक, कलाकारहरूलाई उत्प्रेरित गरेर जनचेतना जागृत गर्ने फिल्महरू किन बनाउन सक्नु हुन्न ?*

- हामीले त्यस्ता फिल्महरू बनाएका छौं । त्यस्ता फिल्महरू अन्तर्राष्ट्रिय फिल्म समारोहहरूमा पुरस्कृत पनि भएका छन् ।

❑ *प्रति व्यक्ति आय कसरी बढ्दैछ पश्चिम बंगालमा ?*

- भारतभरिमा प्रतिव्यक्ति आयमा पश्चिम बंगाल सबभन्दा माथि छ । न्यूनतम आवश्यकताका वस्तुहरूको मूल्यमा पश्चिम बंगाल सबभन्दा तल छ ।

❑ *अनि गरीब जनताको क्रय क्षमताको मामलामा नि ?*

- १९७७ मा पश्चिम बंगालमा गाउँमा त्यस्ता थुप्रै मानिस हुन्थे, जसको एक छाक खाने हैसियतसमेत हुँदैनथ्यो । अहिले पश्चिम बंगालमा कुनै त्यस्तो गाउँ छैन- जहाँ विनाखाना कुनै परिवारको दिन गुज्रन्छ ।

❑ *हामीले त कलकत्तामा थुप्रै मगन्तेहरू देख्यौं त । यी के हुन नि ?*

- ती बिहारबाट आएका हुन् । तपाई बंगाली मगन्ते पाउन सक्नु हुन्न । अमूर्त सेन भन्ने एक जना प्रख्यात अर्थशास्त्री छन्- हार्वर्ड विश्वविद्यालयका उनी कट्टर कम्युनिष्ट विरोधी हुन् । कम्युनिष्टलाई आलोचना नगरी उनको घाँटीमा विहानको चियाको पहिलो घुट्को नै छिर्दैन । उनलेसमेत लेखेका छन्- भारतमा पश्चिम बंगाल मात्रै यस्तो राज्य हो, जहाँ एक छाक खान नपाउने परिवार नै छैनन् ।

❑ *अनि ती बेरोजागार मानिसहरूले एक छाक खान पाएका छन्, जो ४५ लाख छन् भनेर तपाई खुदैले भन्नुभयो ?*

- उनीहरू तीन वर्षसम्म बेरोजगार भत्ता पाउँछन् । महिनाको भा.रू. ३०० पाउँछन् । सबै ४५ लाख नै बेरोजगारले त यो पाउँदैनन्, तर अधिकांशले यो पाउँछन् । तीन वर्षपछि यो टुट्छ ।

**केन्द्रीय सरकार द्वारा सञ्चालित टी.भी. ले यौन स्वेच्छाचारिता जागृत गर्ने काम गरिरहे छ, हामी त्यसमा के गर्न सक्छौं !**

❑ *मान्छेद्वारा नांगै खुट्टाले हिँडेर तान्ने रिक्साहरू कलकत्ता शहरमा देखिए । यो किन रोक्न नसकिएको ?*

- हामीले यो प्रयत्न गर्‍यौं । तर हामी असफल भयौं । यी रिक्सा तान्नेहरू बिहारबाट आएका छन्, अक्सरतया । हामीले यसलाई रोक्न खोज्दा पायौं कि ५० हजार मानिसहरू यसो गर्दा बेरोजगार हुने रहेछन् । वैकल्पिक पेशा नदिइकन यो रोक्न असंभव देखियो । अर्को, कलकत्तामा थुप्रै साँघुरा गल्लीहरू छन् । त्यहाँ अर्को रिक्सा चलाउँदा दुर्घटना हुने संभावना पनि निकै देखियो । यी दुवै कारणले यो रिक्सा बन्द गर्न सकिएन ।

❑ *स्वास्थ्यको क्षेत्रमा तपाईहरूको १७ वर्षे शासनको ठोस उपलब्धि के ठान्नु हुन्छ ?*

- स्वास्थ्य क्षेत्र मुख्य रूपले केन्द्रीय सरकारको मातहतमा पर्छ । हाम्रो प्रयत्न यही रहेको छ कि मानिसहरू अस्पताल नै जान नपारोस् । खाना, सरसफाइ, खोपको प्रवन्ध यसरी गर्न सकियोस् कि मानिसलाई अस्पताल नै धाउन नपरोस् । हाम्रो उद्देश्य यही रहिआएको छ । त्यसैले हामीले पहिलो प्राथमिकता यिनै कुरा उपलब्ध गराउनुलाई दिएका छौं । जुन देशमा ५० प्रतिशत मानिसहरु गरीबीको रेखामुनि बाँच्छन्, त्यहाँ रोगीहरू त हुन्छन् नै । र, सरकारी अस्पतालले मात्र ती सबै रोगीलाई सेवा दिन सक्दैन । त्यसैले समस्याहरू त छन् नै । तथापि गाउँ-गाउँमा हेल्थ सेन्टरहरू छन् । जिल्ला-जिल्लामा अस्पतालहरू छन् ।

❑ *ओखतीको बील कसले तिर्छ- सरकाले कि विरामीले ?*

- ओखती त विरामीले नै किन्नुपर्छ । GATT ले गर्दा ओखतीको भाउ महँगो हुँदैछ । त्यसले विरामीहरूलाई प्रत्यक्ष प्रभाव पार्दैछ । तर के गर्ने, यसको नीति निर्णय त केन्द्रबाटै हुनेगर्छ ।

❑ *नेपालको वाम सरकारलाई तपाईको केही भन्नु छ कि ?*

- विश्वमा पहिलो चोटी पूँजीवादी चुनावद्धारा एउटा कम्युनिष्ट शक्ति सरकारमा आएको छ । जब संसारभरि नै हल्ला फिँजाइँदैछ कि साम्यवाद ढल्यो, त्यतिखेर विश्वको धारको विपरीत नेपालमा कम्युनिष्ट सरकार चुनावद्वारा सत्तामा आएको छ । जनताले यस्तो बेलामा पनि कम्युनिष्ट पार्टीमाथि नै आफ्नो विश्वास दर्शाएका छन् । यो विश्वभरिका कम्युनिष्टहरूको लागि एउटा महान, अद्वितीय उपलब्धि हो । आर्थिक रूपले निकै पछौटे छ नेपाल । यसका सामुन्ने थुप्रै समस्याहरू छन् । देश भूपरिवेष्ठित छ । यी सबै समस्याहरूका बाबजूद, नेपालको वाम सरकाले त्यस्ता कामहरू गर्नेछ भन्ने हाम्रो आशा छ, जसले विश्व सामुन्ने उदाहरणको काम गरोस् ।

विश्वका ५ अरब ४० लाख जनसंख्याले नेपालको वाम सरकारको कामलाई होशियारीसाथ हेरिरहेछ- यसले आफ्नो नेतृत्वमा देशको विकास कसरी गर्ने छ ? विश्वका अधिकांश मानिसहरू नेपाललाई चिन्दैनथे । यो घटनाले नेपाललाई विश्वभरि नै राम्ररी चिनाएको छ । हामी आशा गर्छौं- नेपालको सरकारले त्यस्ता कामहरू, गर्नेछ जसले यो चिनारीलाई अरू चीरस्थायी बनाउने छ र जनताको आशा पूरा गर्नेछ । //



यो वाम-उभार्न कहाँ कहाँबाट के के सिक्ने ?

## नेपालको वाम सरकाले पं. बगालबाट

(पेज ९ को बाँकी)

संस्कृतिले निकै ठूलो आक्रमण थालिसकेको छ। खासगरी टि.भी. र फिल्महरूले तथा अश्लील साहित्यहरूले सांस्कृतिक विकृतिका कीटाणुहरू बंगाली समाजमा सारिरहेका देखिन्छन्। वाम सरकारले यसमा रोक लगाउन सशक्त भूमिका खेल्न सक्थ्यो, तर खेलिरहेको छैन। फलतः बलात्कारका घटना भनेको अत्यन्त कम सुनिने पश्चिम बंगालमा अहिले त्यो छ्याप्छ्याप्ती हुन थालेको देखिन्छ। वाम सरकारको शासन समयमा राजधानी कलकत्तामै खुला चौरमै वेश्याबृत्तिका खुलेआम दृश्य देख्न पाइन्छ। समाजमा गुण्डागर्दी, हत्या, ठगी निकै बढ्न थालेको छ।

**उल्लेखनीय**

वाम-मोर्चाको सरकारले गरेको उल्लेखीय काम-शिक्षकहरूको तलब र सेवा सुरक्षामा बृद्धि र महिलहरूलाई पनि मोहियानी हक र वितरित जग्गाको अर्ध-स्वामित्वको व्यवस्था हो। यी दुबै कुरा नेपालका लागि शिक्षप्रद अनुभवहरू हुन्। स्थनीय निकायहरूमा ३३ प्रतिशत सीट महिलाहरूको लागि आरक्षण पनि अर्को शिक्षाप्रद अनुभव हो। राज्यभरि पुस्तकालयहरूको व्यापक विस्तार पश्चिम बंगालको त्यो अनुभव हो, जुन नेपालको लागि अनुकरणीय छ।

**पाठहरू**

जम्माजम्मीमा पश्चिम बंगालको १७ वर्षे वाम-मोर्चाको शासनको अनुभव नेपालको पहिलो वाम सरकारको लागि निकै शिक्षाप्रद छ। पश्चिम बंगाल हाम्रो लागि केही कुरामा सकारात्मक र आधारभूत रुपमा नकारात्मक गुरु हो।

मजदूर वर्गको प्रतिनिधित्व गर्दै संसदीय चुनावद्वारा सरकारमा आएको एउटा वामपन्थी शक्ति पुँजीवादी राज्यसत्ताभित्र पसेर काम गर्दा कसरी पूँजीपति वर्गकै प्रनिनिधित्व गर्ने सामाजिक जनवादी शक्तिको रुपमा बदलिन्छ र किन बदलिन्छ ? त्यसको प्रत्यक्ष उदाहरण पश्चिम बंगालको वाम-मोर्चाको सरकार हो।

कुनै वामपन्थी पा. भित्र वर्ग-चेतना र वर्ग-प्रतिबद्धता जागृत र विकसित पारिराख्न निरन्तर सजगता र विचारधारात्मक संघर्षको प्रक्रिया छैन भने विस्तारै एउटा मजदूर वर्गको पार्टी पूँजीपति वर्गको पार्टीको रुपमा, उत्पीडित वर्गको पार्टी उत्पीडक वर्गको पार्टीको रुपमा रुपान्तरण हुन सक्छ। यो पश्चिम बंगालको अनुभवले राम्ररी देखाएको छ।

अझ, पूँजीवादी राज्य सत्ताभित्र पसेर काम गर्नेहरूमा त प्रलोभन र अवसरको गुरुत्वाकर्षणले क्षण-क्षणमा प्रष्ट पार्ने संभावना हुन्छ। त्यसैले त्यहाँ काम गर्नेहरूबीच विचारधारात्मक संघर्ष र आलोचनात्मक सजगता अरु धेरै सूक्ष्म र तीव्र पार्नु जरुरी हुन्छ। नेपालको पहिलो वाम सरकार गठन गर्ने वामपन्थी पार्टीको लागि यो एउटा निकै बहुमूल्य अनुभव हो।

पूँजीवादी राज्यसत्तामा अवसरका त हज्जारौं ढोकाहरू हुन्छन्। त्यहाँ जानेहरूमा पदलिप्सा छ, अवसरलिप्सा छ र व्यक्तिवाद छ भने, र त्यसका विरुद्ध साम्यवादी संस्कृतिका आधारमा विचारधारात्मक संघर्ष गर्ने प्रक्रिया आफूसित र पार्टीसित छैन भने, प्रत्येक अवसर एउटा राम्रो मानिसलाई भ्रष्ट मानिसमा बदल्ने साधन हुन सक्छ, एउटा राम्रो वामपन्थी नेता खुंखार तानाशाहमा बदल्ने साधन हुन सक्छ। नेपालको वामपन्थी शक्तिले यसबारे विशेष ध्यान दिनु पर्छ। ❑

# पिपुल्स वार ग्रुपका नेता क. सीतारम्मैया रिहा



क. सीतारमैया

**भा**रतको प्रतिबन्धित नक्सलवादी कम्युनिष्ट पार्टी संगठन पिपुल्स वार ग्रुपका संस्थापक तथा नेता क. कोण्डापल्ली सीतारम्मैयालाई आन्ध्र प्रदेशको नव निर्वाचित तेलगू देशम् सरकारले यही माघ १४ गते रिहा गरेको छ।

दुई वर्ष अगाडि भूमिगत अवस्थाबाटै गिरफ्तार गरिएका क. सीतारम्मैयाको रिहाईले तेलगू देशम् सरकारले अब आफ्नो चुनावी वाचाअनुसार पिपुल्स वार ग्रुपमाथिको प्रतिबन्धलाई पनि हटाउने र त्यस ग्रुपका अन्य बन्दी नेता एवं कार्यकर्ताको रिहाई एवं उनीहरूमाथि लगाइएका झूठा मुद्दाहरू खारेज गर्ने संकेत पनि दिएको छ।

# आफ्नो ब्लड ग्रुप थाहा पाइ राख्नु राम्रो

**विज्ञान प्रविधि**

**कु**नै शारीरिक रोग विशेष लागेको अथवा गम्भीर दुर्घटनामा परेको व्यक्तिलाई मृत्युको मुखबाट तत्काल वचाउने अभिप्रायले केही व्यक्तिहरुले स्वेच्छापूर्वक आफ्नो शरीरबाट रगतको केही मात्रा उपलव्ध गराउने गर्दछन्, जसलाई रक्तदान भनिन्छ। रक्तदानको अवस्था कुनै पनि व्यक्तिलाई कुनै पनि वेला आइ पर्न सक्ने र रक्तदान अन्तर्गत रगत लिने र दिने दुवै व्यक्तिको रक्त समूह मिल्नु पर्ने भएकोले प्रत्येक व्यक्तिले आफ्नो रक्त समूहको जानकारी राख्नु पर्ने हुन्छ। तर दुःखको कुरा के छ भने, कतिपय व्यक्तिहरुले आफ्नो रक्त समूहको जानकारी राख्ने गरेका हुँदैनन्, जसले गर्दा रोगीको अमूल्य जीवन वचाउने कार्यमा कहिलेकाहीं अत्यन्त गम्भीर अड्चन आइपर्दछ।

प्रत्येक स्वस्थ व्यक्तिको शरीरमा रगतको मात्रा चारदेखि पाँच लिटरसम्म रहेको हुन्छ। रगत ठोस रुप र तरल रुप गरी जम्मा दुई भागमा वाँडिएको हुन्छ, जस अनुसार ठोस भाग लाल रक्तकण, श्वेत रक्तकण र प्लेटलेट्स गरी तीन वटा कणहरुवाट बनेको हुन्छ भने तरल भागमा चाहिं ९५ प्रतिशत भन्दा वढी भाग पानी नै रहेको हुन्छ। लाल रक्तकणमा "एन्टीजेन्स" नामक एउटा पदार्थ रहेको हुन्छ, जसले वाह्य जीवाणुहरुवाट आक्रमण गर्दा शरीरमा एक किसिमको प्रतिरोधात्मक शक्ति निर्माण गरी शरीरलाई बिभिन्न जीवाणुयुक्त रोगहरुबाट सुरक्षित राख्दछ। सो एन्टीजेन्स पनि दुई प्रकारको हुन्छ, जसलाई "ए" र "वि" भनी नामाकरण गरिएको छ। यस अनुसार रगतमा "ए" प्रकारको एन्टीजेन्स हुने व्यक्तिको रक्त समूह "ए" हुन्छ भने "वी" प्रकारको एन्टीजेन्स हुने व्यक्तिको रक्त समूह "वी" हुन्छ। त्यस्तै कुनै व्यक्तिको रगतमा यदि "ए" र "वी" दुवै छ भने यसको रक्त समूह ए-वी हुन्छ तर यदि कुनै व्यक्तिको रगतमा "ए" र "वी" दुवै छैन भने उसको रक्त समूह "ओ" हुन्छ।

रक्तदान अन्तर्गत लिने र दिने दुवै व्यक्तिको रक्त समूह मिल्नु पर्दछ। यदि एउटा व्यक्तिको रगतमा भएको एन्टीजेन्स अर्को व्यक्तिको रगतमा छैन भने रक्तदान गर्न मिल्दैन। अर्थात "ए" ब्लड ग्रुपको व्यक्तिलाई "वी" अथवा "ए-वी" ग्रुपको रगत दिन मिल्दैन। तर "ए-वी" रक्त समूहको व्यक्तिलाई कुनै पनि प्रकारको रगत दिन सकिन्छ। त्यसैले "ए-वी" रक्त समूहको व्यक्तिलाई Universal Recepient र "ओ" रक्त समूहको व्यक्तिलाई Universal Donor पनि भन्ने गरिन्छ। - राजेश के.सी./विज्ञान लेखमालाबाट

# चेचेन्याको संघर्षको वास्तविक कारण तेलको स्वार्थ हो

## अमेरिकी कम्युनिष्ट पार्टीका अध्यक्ष क. गेस हलको विश्लेषण

*रुसका नवजार-येल्तसीनद्वारा रुसी गणतन्त्रबाट छुट्टिएको घोषणा गर्ने चेचेन्यामाथि सैनिक दमन भइरहेको छ । रुसी राष्ट्रपति येल्तसीनले हालै चेचेन्यालाई रुसी गणराज्यबाट छुट्ट्याउने षडयन्त्र गरेको आरोपमा चेचेन्याका स्वघोषित राष्ट्रपति जोखार दुदायेभ र उनका सहयोगीहरूलाई बन्दी बनाई मुद्दा चलाउने घोषणा गरिरहेको यस बेला चेचेन्या संघर्षमाथि प्रकाश पार्नका लागि अमेरिकी कम्युनिष्ट पार्टीका अध्यक्ष क. गेस हलको विश्लेषणको एक अंश यहाँ दिइएको छ ।*

चेचेन्या कुनै गणराज्य होइन, न त त्यो अलग्गै कुनै देश वा राष्ट्र नै हो, न त त्यहाँ कुनै एउटै एकजुट राष्ट्रियता नै छ ।

दुदायेभ



त्यहाँ सशस्त्र संघर्ष "यो जेहाद हो, यो एउटा धर्म युद्ध हो" भन्ने नाराको आधारमा शुरु गरिएको छ, त्यसैले, मुसलमानहरूलाई आफ्ना चेचेन भाइहरूलाई मद्दत दिन अगाडि आउनका लागि आह्वान गरिएको छ ।

जेहोस्, यसलाई एउटा धर्मयुद्ध भन्नु पनि वास्तविक कारणलाई ढाकछोप गर्नु साबित हुनेछ । यस संघर्षको साँचो कारण हो- तेल !

यो क्षेत्र भूतपूर्व सोभियत संघको सबैभन्दा बढी तेल उत्पादन गर्ने क्षेत्रको रुपमा रहिआएको छ । यस क्षेत्रमा एउटा अति महत्वपूर्ण पाइप लाइन छ, जुन पाइप लाइन चेचेन्या हुँदै क्यास्पियन सागरको बन्दरगाहसम्म गएको छ ।

चेचेन्यासँग केबल तेलको भण्डार मात्रै भएको होइन, अझ पाइप लाइनहरूमाथि पनि त्यसको नियन्त्रण छ, र यही चीज त हो- अहिले दाउमा परिरहेको स्वार्थ !

यही क्षेत्र हो, जहाँ सबैभन्दा पुरानो येल्तसीन समर्थकहरूको आधिक्यता छ । यहाँका नेताहरू भ्रष्ट र अवसरवादी छन्, जो पूँजीवादको बाटोबाट हिंड्ने येल्तसीनको निजीकरणको योजनाको सामु समाजवादलाई समर्पण गरेर, सिर्फ आफ्नो खल्ती भर्नमा मात्र रुचि राख्छन् । चेचेन्याका यस्तै नेताहरूमध्ये एक हुन्- जोखार दुयायेभ ! जो स्वयंभू राष्ट्रपति बनिरहेका छन् । उनी पनि येल्तसिनकै सन्तान हुन् । उनले यस क्षेत्रलाई स्वतन्त्र घोषित गरे । उनले अफगानिस्तान र अन्य क्षेत्रका भाडाका सिपाहीहरूलाई भर्ती गरे, एवं एउटा पृथकतावादी सेना खडा गरे- रुसी दमनको विरुद्ध जेहाद छेड्नका लागि !

समाजवादलाई नष्ट गर्ने प्रमुख कारकहरूमध्ये एक कारक हो- राजनीतिक भ्रष्टाचार ! र, तेलको कारणले यस क्षेत्रमा भ्रष्टाचार अरु बढी ठूलो कारक भइदिएको छ । वास्तवमा अमेरिका तथा विश्व साम्राज्यवादलाई तेल बेचेर ठूलो नाफा कुम्ल्याउने लालचले ठूला-ठूला कम्युनिष्ट नेताहरूलाई समेत भड्काई दियो ।

तेलको कुरा उठ्दा, हामीले एक्सोन, स्ट्याण्डर्ड आयल र सैलको भूमिकालाई पनि राम्ररी हेर्नु पर्दछ, जसले यस स्थितिमा निर्वाह गरिरहेका छन् । जेहोस्, तेल निजीकरण र भ्रष्टाचारको साँठगाँठ यथावत चलिरहेकै छ । तेल कम्पनीहरूको साँठगाँठ यसमा गहिरो रुपमा सामेल छ ।

त्यसैले, चेचेन्याको पृथकतालाई रुसी फेडेरेशनलाई छिन्नभिन्न पार्ने प्रक्रियाको लागि उठाइएको एउटा पाईलाको रुपमा लिइनु पर्दछ र पूँजीवाद एवं निजीकरणको प्रक्रियालाई अरु तेज गर्ने दिशातिर जानको लागि उठाइएको पाईलाको रुपमा लिइनु पर्दछ ।

यो घटनाको विकास येल्तसीनकै नीतिहरूको परिणाम हो । पहिले गोर्वाचोभ र पछि येल्तसीन कै कारणले भ्रष्टाचार मौलाइरहेको छ । र, जनतामा (अन्ध) राष्ट्रवादको भावना र पृथकताको भावना बढिरहेको छ । शताब्दीयौं पुरानो पछौटेपन, (अन्ध) राष्ट्रवाद र धार्मिक उग्रवाद बढेको छ । समाजवादी विचारधाराबिना यसलाई काबुमा राख्न सकिदैन । ❑

*("लोक लहर"बाट)*



### दक्षिण अफ्रिकी कम्युनिष्ट नेता

# क. स्लोभोको मृत्युले गर्दा वामपन्थी आन्दोलन शोकाकूल

कैयौं दशकसम्मको लामो सशस्त्र संघर्ष र टेबुल संघर्षपछि संसदीय निर्वाचनद्वारा सत्तासीन भएको अफ्रिकी नेशनल कंग्रेस (ANC) र दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टीका अग्रिम पंक्तिका नेता क. जोए स्लोभोको केही दिन अघि क्यान्सर रोगको कारणले भएको मृत्युले विश्वकै वामपन्थी आन्दोलनलाई शोकाकूल बनाएको छ ।

दक्षिण अफ्रिकाको उज्वल वामपन्थी आन्दोलन र राष्ट्रिय मुक्ति आन्दोलनका नायक क. स्लोभोले घृणित रंगभेदी शासनको विरुद्धको लामो र कठोर संघर्षको क्रममा ए.एन.सी. को सशस्त्र संगठन उम्खोंतो के सिज्वे (राष्ट्रको भाला) को सफलतापूर्वक नेतृत्व गर्नुभएको थियो । ए.एन.सी. र दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टी (SACP) को पार्टी संगठन र सशस्त्र संघर्षको निर्माणमा देशभित्रै भूमिगत रूपमा र देश बाहिर निर्वासित भएर पनि उहाँ अथक रूपमा क्रियाशील रहेको तथ्य स्मरणीय देखिन्छ । यही क्रियाशीलतादेखि भयभीत भएको रंगभेदवादी, नस्लभेदवादी एवं जातिवादी गोरा सरकारले दक्षिण अफ्रिकी नस्लवादी खुफिया सेवाको सहयोगमा पार्सल वम पठाएर उहाँलाई मार्ने दुस्प्रयास पनि गरेको थियो । पटक-पटकको हत्या प्रयासबाट बच्नुभएका क. स्लोभो त्यस हत्या प्रयासबाट त बच्नुभयो, तर उहाँकी पत्नीले भने बम आक्रमणमा परी शहादत प्राप्त गर्नुभएको थियो ।

नस्लवादी शासकहरूको हरेक षडयन्त्रको मुकाविला गर्दै आउनुभएका क. स्लोभोले दक्षिण अफ्रिकाको वामपन्थी आन्दोलनको अत्यन्त कठीन कालमा कम्युनिष्ट पार्टीको नेतृत्व सम्हालेर आफ्नो सांगठनिक कुशलता र क्षमता प्रदर्शन गर्नुभएको थियो । लामो समयसम्म कम्युनिष्ट पार्टीको महासचिव भई काम गर्नुभएका क. स्लोभोले अन्तिम कालमा अध्यक्षको पदभार ग्रहण गरी वाम आन्दोलनलाई नेतृत्व दिनुभएको थियो । विद्यमान विश्वकै कलंकको रूपमा कुख्यात दक्षिण अफ्रिकाको रंगभेदवादी नीतिको अन्तको लागि, गोराहरूको एकाधिकारी शासन व्यवस्थाको अन्तको लागि भएको टेबुल र सडक संघर्षमा उहाँ सहभागी भई क. क्रिश हनीसँगै शान्तिपूर्ण संक्रमणको बाटो खोल्न अति नै क्रियाशील हुनुभएको थियो । त्यस टेबुल संघर्षमा केन्द्रीय भूमिका खेल्नु भएका क. स्लोभो शान्तिपूर्ण संक्रमणपछि भएको चुनावबाट स्थापित अन्तरिम सरकारमा आवास मन्त्रीको रूपमा कार्यरत हुनुहुन्थ्यो ।

कैयौं वर्ष अगाडिदेखि नै क्यान्सर रोगले पीडित क. स्लोभोको असामयिक निधनले १५ वर्षको उमेरदेखि कम्युनिष्ट पार्टीमा समाहित उहाँको लामो कम्युनिष्ट जीवनको त अन्त गरेको छ नै, यसका साथै यसबाट दक्षिण अफ्रिका, दक्षिण अफ्रिकी जनता, दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टी, अफ्रिकी राष्ट्रिय काँग्रेस र अन्तरिम सरकारलाई मात्रै होइन, विश्वकै न्यायप्रेमी जनतालाई ठूलो हानी भएको छ । ❑

## दलित जातीय मुक्ति समाजको सम्मेलन

# "रेडियो, टि.भी. ले जागृतिमूलक कार्यक्रम दिनु पर्छ"

## - पद्मलाल विश्वकर्मा

देशभरीका उत्पीडित दलित जातिहरू एक होऔं भन्ने नाराका साथ यही फागुन १, २ र ३ गते बुटवलमा नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजको एकता राष्ट्रिय सम्मेलन हुँदैछ ।

जातको आधारमा छुवाछुत जस्ता घोर अप्रजातान्त्रिक र अमानवीय भेदभाव विद्यमान भएको हाम्रो समाजमा आज यस भेदभावका विरूद्ध संबन्धित जातिका मानिसहरू स्वयं जुर्मुराइरहेका छन् । यो जुर्मुराहटलाई नेतृत्व प्रदान गरिरहेको यस समाजका केन्द्रीय अध्यक्ष पद्मलाल विश्वकर्मासँग हामीले गरेको कुराकनीको एक अंश यहा प्रस्तुत गरिएको छ । श्री विश्वकर्मा मानव अधिकार संरक्षण मञ्चका राष्ट्रिय पार्षद हुनुका साथै त्रि.वि. शिक्षा संकायका अंग्रेजी विषयका उप-प्राध्यापक पनि हुनुहुन्छ ।

*– मूल्यांकन*

*० जातिको आधारमा हुने उत्पीडनहरू र भेदभावहरू विरूद्ध निकै कामहरू भए, तिनीहरू कत्तिको प्रभावकारी भएको तपाईँले पाउनु भएको छ ?*

- यी उत्पीडनहरू र भेदभावहरू विरूद्ध उत्पीडित जातिहरू संघर्षमा उत्रिनु मात्रैले पनि आम जनमानसमा एउटा प्रभाव पैदा गर्दारहेछ । कानूनसंमत ढंगले सार्वजनिक स्थलमा समान हकभोगका निम्ति हामीले कदम चाल्दा कतिपय पार्टीहरू, संघ-संस्थाहरू र व्यक्तिहरूले साथ र समर्थन दिँदै आएको स्थितिले जातीय कट्टरताका पक्षधरहरू एक्लिदै उदाङ्गिदै गएका छन् र कतिपय स्थानमा मिल्न वाध्य भएका छन् । उदाहरणार्थ, डेरी-डिपोमा उत्पीडितहरूलाई समान रूपले दुध बेच्न बाधा गर्नेहरू हाम्रो संघर्षको कारण झुकेका छन् । हामीलाई कुवा छुन नदिनेहरू सिन्धुपाल्चोकमा कुवा छोडेर अन्यत्रैको पानीले निर्वाह गर्न थाले, तर हाम्रो समुदायलाई हक प्राप्त भएको छ । मन्दिर प्रवेशको सफलता पश्चात भने पूजारी, जोगी, धूपौरेगण र सरकारी ओहदावालाहरूले समेत पुन: मन्दिर प्रवेश गर्न दिइरहेका छैनन् । देशका अधिकांश मन्दिर र शक्ति पीठमा भने हामीलाई प्रवेश दिने दिलाउने बारेमा स्थानीय जनता, दलहरू र स्वयम् सरकार पनि तयार देखिदैनन् । तर जायज संघर्ष गर्दा जस-जसले छेकथुन गरे पनि उत्पीडितहरू आफ्नो अधिकारको लागि अझ जुर्मुराएर उठ्दारहेछन् ।

*० हाल तपाईँहरूको आन्दोलनमा रहेको प्रमुख समस्या के हो ?*

- उत्पीडित जातिहरूको (अधिकांशको) नाजूक आर्थिक स्थिति नै हाम्रो आन्दोलनकै प्रमुख समस्याको रूपमा रहेको छ । जातपात एवं छुवाछुत प्रथा अन्यायपूर्ण शोषण-दमन हो भन्ने कुरा नबुझ्ने उत्पीडित कोही छैन । तर समानताको आन्दोलनमा लागेवापत सिधासोझालाई ठालूहरूले सबै प्रकारका मजदूरीहरूमा नाकावन्दी गरिदिने, बास उठ्ठा गरिदिने, सदा दिन काम नगर्दा उपाय नचल्ने भएकोले सभा एवं आन्दोलनमा उपस्थितिको मौका नमिल्ने, साधारण सदस्य बन्नेसम्म औकात नहुने समस्या एकातिर छन् । अर्कातिर, केही शिक्षित युवाहरू बेरोजगारको अवस्थामा हुनाले जागीरका लागि दौडधुप गर्नुपर्ने कारणले आन्दोलनतर्फ समय दिन नसक्ने, कार्यकर्ताहरू पूर्णकालिक भएर लाग्न नसक्ने, नेतृत्व पंक्तिमा रहेकाहरूले पनि गुजाराका कारणले आवश्यक जति समय र लगानी गर्न नसक्ने स्थिति छ ।



*० जातीय उत्पीडन र भेदभावका अन्तका लागि जनमत तयार गर्ने काम कम भएको हामीलाई लागेको छ । एमाले सरकारले यस दिशामा केही गरोस् भन्नेतर्फ तपाईँहरू किन लाग्नु हुन्न ?*

विगतको ने.का. को सरकारलाई समेत यस दिशामा पहल गर्न हामीले निकै घचघच्यायौं तर उपलब्धी भएन । ने.क.पा. (एमाले) को सरकार हालै सत्तासीन भएको छ । हालै हामीले प्रधानमन्त्रीसमक्ष जातीय उत्पीडन र भेदभाव अन्त गर्न गराउन १६ सूत्रीय माग पेश गरेका छौं । रेडियो-टेलिभिजन जस्ता माध्यमबाट समानताको लहर पैदा गर्ने गरी जागृतिमूलक कार्यक्रम सञ्चालन गर्न सरकारलाई अनुरोध गर्दैं छौं । शिक्षा मंत्रीले यसमा सकारात्मकता देखाउनु भएको छ । रूढीग्रस्त विचार र कुरीतिको अन्त्य गर्न वार्ता, चिन्तन-मनन् जस्ता कार्यक्रम व्यापक रूपमा सरकारले प्रचार-प्रसार गरोस । विविध स्थानमा जनजागृति पैदा गर्दै सभा, गोष्ठी, सह-भोज जस्ता राष्ट्रिय अभियान नै सरकारले चलाउनु पर्छ भनेर हामी यस सरकारसंग जोडदार माग गर्दैछौं ।

*० उत्पीडित जातिहरूको आन्दोलनलाई अरू मजवूत, अरू एकीकृत गर्न तपाईँहरूको आगामी राष्ट्रिय सम्मेलनले कुनै ठोस कार्यक्रम तय गर्छ कि गर्दैन ? तपाईँहरूको यसबारे के ठोस प्रस्ताव रहन्छ ?*

- जातीय मुक्ति आन्दोलन प्रजातन्त्र एवं मानव अधिकार वहालीको आन्दोलन भन्दा भिन्नै अगाडि बढ्दैन । हामी उत्पीडित जातिहरूकै बीचमा बाँकी रहेको जातीय विभेदलाई पूर्णत: अन्त्य गर्ने र माथिल्लो भनिने जातिहरूसंग बराबरीको स्तरमा पुग्न आपसी सद्भाव, हार्दिकतापूर्ण छलफल, खुशीसाथ उठवस-खानपीन, विहेवारी गर्ने जस्ता कामहरू सन्तुलित एवं दीर्घकालीन ढंगले अघि बढाउनु युगकै माग हो । हाम्रो आन्दोलनमा जातीय भेदभाव र छुवाछुतको मारमा पर्ने तमाम उत्पीडित जातिहरू एकीकृत हुनै पर्छ र कम्तिमा पनि सबै नेपालीको एउटै जात, समान मर्यादा र व्यवहारका पक्षधर हामी कुनै जात, जाति एवं जनजातिको विरूद्धमा छैनौं । जातिवाद र छुवाछुत जस्तो कुप्रथाको विरुद्धमा छौं । तसर्थ स्वतन्त्र वा विविध राजनैतिक दल विशेषमा आवद्ध संपूर्ण उत्पीडित जातिहरू आ-आफ्ना आस्थालाई यथास्थानमा राख्दै जातीय साझा सवालको समाधान गर्नै पर्ने शर्तमा एउटै संगठनभित्र आवद्ध गर्दै हाम्रा आगामी संघर्षमा जातीय भेदभावविरोधी सबै न्यायप्रेमी जनता, संघ-संस्था तथा राजनैतिक दलहरूको समेत व्यापक सहयोग र समर्थन प्राप्त गर्ने किसिमका ठोस प्रस्तावहरू आगामी एकता राष्ट्रिय सम्मेलनमा रहने छन् । ❑

# प्रगतिशील लेखक संघको सक्रियता

प्रगतिशील लेखक संघले आगामी वर्ष ६ थरी गोष्ठीहरू गर्ने निर्णय गरी आफ्नो सक्रियतालाई वढाउने टुंगो गरेको छ । गत माघ ७ गते बसेको यसको राष्ट्रिय परिषद्को बैठकले यो निर्णय गरेको हो । आगामी चैत्रमा "मार्क्सवादी साहित्य चिन्तनमा सौन्दर्य" विषयमा झापामा, "लेखकीय प्रतिबद्धता र स्वतन्त्रता" विषयमा जेठमा पोखरामा, बहुभाषिक कवि गोष्ठी भाद्रमा काभ्रेमा, बाल साहित्य गोष्ठी, काठमाडौंमा, "जन-आन्दोलनपछिको प्रगतिवादी साहित्यको अवस्था" विषयमा, कार्तिकमा दाङमा र "कलाको रुपान्तरणकारी भूमिका" विषयमा चितवनमा गोष्ठीहरू गरिने भएका छन् । यस बाहेक, सृजनात्मक कार्यमा बढावा दिने उपयुक्त भेला गर्न र महिला साहित्यकार भेला आयोजना गर्न पनि यसले आयोजक समिति बनाएको छ ।

संगठन विस्तारको विस्तृत योजना पनि तयार गरेर अघि बढेको यस संघले केही समयअघि मात्र नव गठित एमाले सरकारलाई प्रजातान्त्रिक, जनपक्षीय र वैज्ञानिक संस्कृति निर्माणमा लाग्न आह्वान गर्दै एक ज्ञापन-पत्र दिने काम पनि गरेको थियो ।

गत पुस २२ र २३ गते यस संघद्वारा सुर्खेतमा आयोजित कार्यक्रम नेपालको पश्चिमी भेकमा पहिलो ठूलो प्रगतिशील साहित्य-भेला सावित भयो । "जन-साहित्यमा सरलता र स्तरीयता" वारे विचार गोष्ठी र साथमा साहित्य गोष्ठीसमेत भएको यस कार्यक्रममा गीत संगीत र कलाकार कुलमान सिंह भण्डारीको एक व्यक्ति चित्रकला प्रदर्शनीले पनि थप आकर्षण पैदा गरेका थिए ।

प्रगतिशील लेखक संघको सक्रियता बढ्नु प्रतिगामी र प्रतिक्रियावादी संस्कृतिको बोलवाला भएको वर्तमान समयमा अत्यन्त उत्साहजनक कुरा हो । प्रगतिशील साहित्य सृजनालाई स्तरीयता र निरन्तरता दिन एवं जनतामाझ लोकप्रिय गराउन यसको भूमिका अरू बढ्नु जरूरी छ भन्ने हामीलाई लाग्दछ । ❀

# ने.क.पा. एकता केन्द्र (भिन्न मत) को तर्फबाट क. दीपक शर्माको जवाफ

*तपाईहरू नेकपा मसाल र नेकपा एकता केन्द्र (भिन्नमत समूह) बीच नयाँ जनवादी क्रान्तिलाई रणनीतिक लक्ष मान्ने, सशस्त्र क्रान्तिलाई स्वीकार गर्ने, माओ विचारधारा मान्ने, तत्कालीक्र जनसंघर्षलाई प्रधान मान्ने, संसदीय चुनावलाई कार्यनीतिक मान्ने आदि सवालमा दुवै पार्टीमा एकरूपता हुँदाहुँदै पनि किन पार्टी एकता हुन सकिरहेको छैन ? अथवा रणनैतिक संयुक्त-मोर्चा किन हुन सकिरहेको छैन ? रणनैतिक संयुक्त-मोर्चा बन्नका लागि के कस्ता बाध्यात्मक समस्याहरू छन् ? स्पष्ट पारिदिनु हुन हामी हार्दिक अनुरोध गर्दछौं ।*

- मूल्यांकनका नियमित पाठकहरू
तेजबहादुर खत्री, प्रकाश ढकाल,
इन्द्र श्रेष्ठ, विराटनगर

❑ हामीले ने.क.पा. मसाललाई यसका कैयन कमी कमजोरीहरुका बाबजूद दक्षिणपन्थी संशोधनवाद तथा वामपन्थी अवसरवादको विरुद्ध संघर्ष गर्दै अघि बढिरहेको क्रान्तिकारी धारमा अवस्थित एक नजीकको मित्र-शक्तिको रुपमा लिएका छौं ।

तर जहाँसम्म पार्टी एकताको प्रश्न छ, त्यसलाई हचुवा र हलुका तरीकाले लिने पक्षमा हामी छैनौं । हामीहरुबीच वैचारिक, सैद्धान्तिक, राजनैतिक सवालहरुमा पर्याप्त छलफलको आवश्यकता छ । अहिलेकै रुपमा पनि हामीहरुबीच प्रधान अन्तरविरोध जस्तो अहं सवालमा नै मतभेद रहेको छ ।

त्यस्तै, मसालका कामरेडहरुले हाम्रो पार्टीको कतिपय धारणा, विश्लेषण, व्याख्यालाई बुझ्ने प्रयत्न नै नगरी पहिले कुनै समयमा वहांहरुले बनाउनु भएका धारणाहरुलाई नै के कारणले हो, दोहोऱ्याउने गरिरहनु भएको समेत देखिन्छ ।

यस अवस्थामा हाम्रा समानता के हुन् र असमानता के हुन् भन्नेबारेमा छलफल, बहस हुन जरुरी छ । त्यस्तै, लामो समयसम्म अलग-अलग काम गरिरहेका पार्टीहरु भएकाले एक अर्कालाई नजिकबाट बुझ्न सह-कार्यको आवश्यकता छ ।

त्यसैले हामीले पार्टी एकतालाई नै तात्कालीक कार्य सूचीमा नराखेर न्यूनतम साझा कार्यक्रमहरुमा आधारित एक प्रकारको कार्यनैतिक संयुक्त-मोर्चा बनाएर जाने सोच राखेका छौं । यसबारेमा कुराकानी पनि अघि बढिरहेको छ । त्यस्तो मोर्चामा हुने सह-कार्यले एकातिर प्रतिकृयावाद-अवसरवादविरोधी आन्दोलनलाई सशक्त पार्न सकिने छ भने अर्कोतिर, एक अर्काको वास्तविक सैद्धान्तिक, राजनैतिक समझदारीहरु बुझ्ने, छलफल गर्ने र एक अर्कासँग नजिक हुने अनुकूल स्थिति पैदा हुने छ । यसरी अघि बढेमा यसले पार्टी एकताका आधारहरु पनि तयार गर्ने छ भन्नेमा आशावादी हुन सकिन्छ । ❑


शहीद राजन रायमाझीको प्रतिमा स्थापना सहयोगार्थ

**रक्तिम सांस्कृतिक अभियानद्वारा प्रस्तुत गीति नाटक**

## ठूली

यही माघ २२ गतेदेखि प्रज्ञा भवन, कमलादीमा प्रदर्शन हुँदैछ ।
समय : २ देखि ५ बजेसम्म
टिकट पाइने स्थान : पुस्तक तथा पत्रपत्रिका बिक्री वितरण केन्द्र, डिल्लीबजार/न्यु सिद्धार्थ गेस्ट हाउस, बागबजार, फोन.नं २२०८१९



उत्तमस्वाद................ भरपूर सन्तुष्टी

राजहंस
न्यू
राजहंस
तेल


## क. दीननाथ शर्मा, प्रवक्ता ने.क.पा. मसाललाई प्रश्न

*हामी तपाईहरुको पार्टीको सिद्धान्तनिष्ठता र व्यवहारिक लचिलोपनाको प्रसंशा गर्ने तपाईहरुका शुभेच्छुकहरु हौं । हामी हाल देशमा वामपन्थी पार्टी कार्यकर्ताहरुको बौद्धिक-वैचारिक स्तर जरुरत अनुसारको हुन नसकेको देखिरहेका छौं । समाजवाद मऱ्यो भनी शत्रुहरुले हल्ला पिटिरहेको समेत अवस्थाको वर्तमान स्थितिमा वैचारिक उन्नतिका निम्ति नेता-कार्यकर्ताको ध्यान नतानिएको हामीले पायौं । तपाईहरुको पार्टीले यसबारे ध्यान दिएको छ कि छैन, ध्यान दिनु जरुरी छ कि छैन ? कृपया जवाफ दिनुहुन नम्रतापूर्वक अनुरोध गर्दछौं ।*

- रविन्द्र थापा र भरत "अकेला" काभ्रे, हाल : काठमाडौं ।

# क. दीनानाथ शर्माको जवाफ

❑नेपालको कम्युनिष्ट आन्दोलन-भित्र सैद्धान्तिक, राजनैतिक र वैचारिक दुर्बलता खड्किदो अवस्थामा छ । वस्तु, घटना वा वियषको उपरी, सतही र औपचारिक अध्ययन वा अवलोकनसम्म सीमित रहनु ज्ञानलाई इन्द्रीयग्राह्य चरणको परिधिभित्र सीमित गर्नु हो । ज्ञानको यो चरण अपरिपक्क, अधकल्चो र छिपछिपे मात्र हुन्छ । विषय बस्तुलाई दरोसंग पक्डन नसक्दा वा सारतत्व बुझ्न नसक्दा विचारमा विचलन पैदा हुन्छ । अहिले कम्युनिष्ट आन्दोलनमा संलग्न ठूलो हिस्सा इन्द्रीयग्राह्य ज्ञानको सीमाभन्दा माथि उठ्न नसकेकोले नै सिद्धान्त तथा विचारमा विचलन र क्रान्तिबाट पलायनको स्थिति उत्पन्न भएको छ । विश्वको अहिलेको उपरी र बाहिरी पूँजीवादी तथा साम्राज्यवादी संरचनामा अल्मल्लिने वा क्षणिक र तात्कालीन फाइदाका लागि दक्षिणपन्थी संशोधनवादीहरूका पछाडि दगुर्ने सोच पनि मार्क्सवादको अन्तर-वस्तु र परिवर्तनको विज्ञानसम्मत नियमलाई ठीकसित बुझ्न नसक्नु नै हो ।

दुनियाँका कम्युनिस्टविरोधी तत्वहरुले कम्युनिज्म मऱ्यो भन्ने हल्ला चलाएको र विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक स्थितिमा रहेको वर्तमान सन्दर्भमा सबै प्रकारका भ्रमहरुलाई चिरेर अगाडि बढ्ने एक मात्र हतियार मार्क्सवादको अध्ययन, अध्यापन र व्यवहारिक अभ्यास नै हो भन्ने कुरामा दुइ मत छैन ।

हामीले पार्टीको सैद्धान्तिक, राजनैतिक र वैचारिक स्तर उठाउनका लागि दुई प्रकारका कार्यक्रम अगाडि बढाउँदै आएका छौं । एक, सैद्धान्तिक अध्ययन र अध्यापन, दुई, व्यवहारिक अभ्यासको प्रयत्न ।

तर हाम्रो प्रयत्न पर्याप्त छैन । त्यसलाई जोड दिनुपर्छ भन्नेबारे विगतको हाम्रो पार्टीको छैठौं महाधिवेशनमा व्यापक छलफल चलेको थियो र पार्टी स्कूल संचालन गर्ने निर्णय भएअनुसार हामी त्यसको तयारीमा लागेका छौं ।

अहिले नेपालको कम्युनिस्ट आन्दोलनभित्रको गंभीर संकट सिद्धान्त र व्यवहार बीचको डरलाग्दो खाडल नै हो । क्रान्तिकारी पार्टी वर्ग-संघर्षको व्यवहारिक अभ्यासमा जुट्नु र "व्यवहार, ज्ञान, फेरि व्यवहार, फेरि ज्ञान" को बारम्बारको अभ्यासबाट मात्रै सार तत्वमा पुग्न सकिन्छ भन्ने माओको भनाइलाई इमान्दारीपूर्वक ग्रहण गर्दै अगाडि बढ्नु पर्छ भन्ने कुरामा हाम्रो पार्टीले ध्यान दिने अठोट गरेको छ । ❑

## क्यूबाको बाँकी

पूरा हुने देखिदैन, किनकि त्यस क्षेत्रका अधिकांश राष्ट्र र जनता क्यूबाविरुद्ध लगाइएको आर्थिक नाकाबन्दी हटाउने पक्षमा छन् भन्ने कुरा जग जाहेर नै छ ।

ती देशहरुको समेत कृयाशील सहभागितामा भएका संयुक्त राष्ट्रसंघीय साधारण सभाका बैठकहरूले अमेरिकी आर्थिक नाकाबन्दी हटाउन तीन-तीन पटक मतदान र सिफारिश गरिसकेका छन् । क्यूबाको मामिलामा ती क्षेत्रका देश र जनता मात्रै हैन, विश्वभरका जनता क्यूबाको पक्षमा छन् भन्ने कुरा यस सोलिडेरिटी सम्मेलनले पनि स्पष्ट शब्दमा घोषणा गरिसकेको छ - "हामी क्यूबाको पक्षमा छौं !"

यस स्थितिमा क्यूबाको पक्ष लिनु सिर्फ साम्राज्यवादको विपक्षमा लाग्नु र साम्राज्यवादको विरोधमा संघर्षरत एउटा सानो देशको पक्ष लिनु मात्रै होइन, युद्धपिपाशु साम्राज्यवादी शक्तिहरुद्वारा चलाउँदै आइरहेको युद्धको बिभीषिकाबाट संकटग्रस्त बनेको मानवजातिकै पक्षमा लाग्नु हो, संसारभरकै मुक्ति, शान्ति, मानवता र समाजवादको पक्ष लिनु हो । यसको लागि विश्वव्यापी रुपमा शान्ति र मुक्तिकामी, प्रजातान्त्रिक वामपन्थी सोच राख्ने शक्तिहरुको एउटा साम्राज्यवादविरोधी जुझारु आन्दोलनको जरुरतलाई यस सम्मेलनले अझ बढी महशूस गराएको छ । ❑



## दक्षिण एशियाली कम्युनिष्ट आन्दोलनबारे

नेपालको वाम आन्दोलनमा देखिएका डाडा-भाटा, फूट-विभाजन र विखण्डनलाई विचार-अन्तरक्रियामार्फत अघि बढाउने प्रयत्न मूल्यांकन मासिकले केही वर्ष अघिदेखि गर्दैआएको छ। यस मासिक पत्रिकासँग सम्बद्ध भई साम्राज्यवाद, सामन्तवाद, पूँजीवादको शोषण थिचोमिचोबाट आम नेपाली जनतालाई सामाजिक मुक्ति दिलाउन र बैचारिक रूपले सचेत पार्न प्रयत्नशील बौद्धिक जमातको यो प्रयासलाई नेपाली पाठकले प्रशंसा नगरी बस्न सक्तैनन्।

नेपाली जनताको क्रयशक्ति, नेपाली जनताको आर्थिक अवस्था एकातिर जटील छ भने अर्कातिर स्तरयुक्त बौद्धिक खुराक पुऱ्याएर पत्रिका प्रकाशन गर्नु पनि उत्तिकै कठीन छ। प्रेस, छपाई, पूँजीको लगानी, सामाग्री जुटाउन गरिनुपर्ने प्रयास आदिका कारण पनि स्वाभाविक रूपले पत्रिका महँगो हुन्छ नै, यसर्थ मूल्यांकनमा उपलब्ध सामाग्रीको दृष्टिले, यसले लिने गरेको मूल्य ज्यादै स्वाभाविक र व्यवहारिक पनि देखिएको छ।

हामी भारतीय उप-महाद्वीपभित्र छौं। हामीलाई भारत, पाकिस्तान, बंगलादेश, श्रीलंकामा घटेका घटनाले बढी असर पार्छन्। भारतमा कम्युनिष्ट पार्टीको नामले चिनिएका १६ समूहहरू छन्। यी सबै समूहले मार्क्सवाद, लेनिनवाद, माओत्सेतुङ्गको विचारधाराका विश्लेषण आफ्नै अवधारणाअनुसार गर्दै आएका छन्। भारतीय जनताको सामाजिक मुक्तिको लागि उनीहरूले गरेका संघर्ष उल्लेखनीय छन्। भारतीय जनताले गरेका संघर्ष र नेपाली जनताले गरेका संघर्षको स्वरूप र चरित्र भण्डै-भण्डै समान र मिल्दो-जुल्दो छ। वाम-आन्दोलनमा देखिएका फूट, विखण्डन, विभाजन र एकीकरणका समस्या करीब-करीब समान छन्। हाम्रा आधारभूत दुश्मन पनि समान छन्। दक्षिण एशियाली मुलुकहरू जातीय उत्पीडन, साम्राज्यवादी र पूँजीवादी शोषणको जाँतोमा पिल्सिएका छन्। यी मुलुकले भोगेका, खेपेका र अनुभूत गरेका समस्या र संघर्षबाट प्रत्यक्ष रूपले हामीले किन शिक्षा नलिने? नेपालको कम्युनिष्ट आन्दोलनभन्दा भारतीय कम्युनिष्ट आन्दोलन जेठो र अनुभवी छ। दक्षिण एशियाली कम्युनिष्ट आन्दोलनको बारेमा हामीले बढी समय खर्चिनु पर्छ। समग्रतामा दक्षिण एशियाली मुलुकमा कम्युनिष्ट आन्दोलन किन पछि पऱ्यो, यसको खोजी गम्भीरताका साथ गरिनुपर्छ।

युरोपीय देशहरूका कम्युनिष्ट आन्दोलनको अध्ययनमा मात्र जोड दिएर पर्याप्त नहुने हुनाले मूल्यांकन परिवारले यसतर्फ ध्यान देओस्।

*- राममणि पोखरेल, उदयपुर*

## एकै ठाउँमा अन्तरक्रिया होस्

अंक २४ सरसर्ती अध्ययन गर्दा यसमा समावेश सम्पूर्ण लेखहरू आ-आफ्नो स्थानमा महत्वपूर्ण छन्। आवरण-कथाअन्तर्गत प्रस्तुत विभिन्न कम्युनिष्ट पार्टीका शिर्षस्थ नेताहरूको अन्तर्वार्ता छोटै भए पनि ती पार्टीहरुले भर्खर सम्पन्न मध्यावधि निर्वाचनमा खेलेको भूमिका, जय, पराजयबारे जानकारी हासिल गर्न पाइयो। खास गरी नीति संस्कृतिअन्तर्गत "हाय: गुट मानसिकता" भन्ने लेख साह्रै घतलाग्दो र यथार्थसम्मत लाग्यो।

अबका अंकहरूमा विभिन्न कम्युनिष्ट पार्टीका शिर्षस्थ नेताहरूबीच एउटै थलोमा अन्तरक्रिया गराएर ती पार्टीले क्रान्ति सम्पन्न गर्ने बाटोबारेमा पाठकहरूलाई जानकारी गराएमा हाम्रो देशको भौगोलिक बनावटअनुसार र देशको परिस्थितिअनुसार कुन बाटो उपयुक्त हुन्छ भन्ने कुरा छुट्याउन सजिलो हुन्थ्यो।

*- विश्वप्रसाद दाहाल*
वास्डोल,- १ काभ्रे

## संशोधनवादी पार्टीहरूका कुरा ज्यादा आए

म यस पत्रिकाको नियमित ग्राहक हुँ। मूल्यांकन परिवारलाई धन्यवाद दिन चाहन्छु म। प्रत्येक अंकमा विशेष चाख दिएर स्वदेशी र विदेशी कम्युनिष्ट पार्टीहरूको बारेमा अध्ययन गर्ने गर्दछु। यी कुरा पढ्न पाउनु मूल्यांकन वामपन्थी पत्रिका भएकोले नै हो भन्ने मलाई लागेको छ।

यता केही समयदेखि विश्वका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूका बारेमा लेख तथा रचनाको कमी र संशोधनवादी कम्युनिष्ट पार्टीका बारेमा बढी लेख भएको अनुभव गरेको छु। यो हुनुमा शायद प्रत्येक अंकमा किटान नगरी मात्र कम्युनिष्ट पार्टी लेखेको हुनाले पनि हुन सक्छ। पेरु कमयुनिष्ट पार्टी (साइनिङ पाथ) को बारेमा आजभोलि पत्रिका मौन देखिन्छ।

नेपालको क्रान्तिकारी पार्टी नेकपा (एकता केन्द्र) को बारेमा कुनै लेख पढ्न नपाउँदा म दुःखित छु।

*- ईश्वरीप्रसाद चालिसे*
(हिमचन्द्र) गोला गाविस, जोधिपुर- २, बर्दिया

## "नीति संस्कृति" सम्बन्धमा

मूल्यांकनका हरेक अंकहरूमा "नीति संस्कृति" स्तम्भअन्तर्गत प्रकाशित लेखहरूले पाठक वर्गलाई विशेष रूपले प्रभावित पारेको छ। मानवमुक्तिको कामना बोकेर जीवनको अप्ठ्यारो बाटैमा हिँडेको जो कोही व्यक्तिलाई पनि आफ्नो दृष्टिकोण फराकिलो पार्न यो स्तम्भ अति उपयोगी छ। विशेष गरी चन्द्रदेव नेपालीका रचनाहरूले मात्र स्थान पाएकोले कतै यो स्तम्भ वहाँलाई नै विशेष रूपले जिम्मा दिएको पो छ कि?- सन्देहका सूत्रहरू देखापर्न थालेका छन्। म जस्ता हजारौं शुभचिन्तक पाठकहरूको चाहना के हो भने, राष्ट्रिय स्तरमा स्थापित प्रगतिवादी साहित्यका सर्जक तथा चिन्तकहरूका रचना पनि आलोपालो गरेर छापिनुपऱ्यो। यसो भयो भने विविध सर्जकका सिर्जनाहरूको रसास्वादन गर्नुको साथै विविध व्यक्तित्वहरूका सोच र दृष्टिकोणहरू थाहा पाइने थियो। त्यसबाट हामीमा पनि नवीन मूल्य बोध र आलोचनात्मक चेतको विकास हुँदै जान्थ्यो। समग्रमा भन्ने हो भने साम्यवादका पक्षधरहरूले वाम आन्दोलनभित्रका असंगति विसंगतिहरूलाई चिनेर सुसंगतिको मार्ग पहिल्याउन यो स्तम्भले रामवाणको काम गर्नेछ।

*- उत्तम कोर्काली*
सुनकोशी गढतिर, ताम्लिछा, उदयपुर

## क. मोहनचन्द्र अधिकारी एमालेमा फर्कनुहोस्!

अहिलेको स्थितिमा संयुक्त जनमोर्चा, मसाल र नेपाल मजदूर किसान पार्टीले एमाले सरकारलाई सक्दो मद्दत गर्नुपर्छ।

कम्युनिष्ट विचार सक्दो रूपमा अघि बढ्न नसकेकोमा अत्यन्त दुःखी छौं।

मोहनचन्द्र अधिकारी जस्तो महान नेतालाई पार्टीले तुरुन्त राजीनामा स्वीकृत गऱ्यो। यसमा पार्टीको भूल छ।

यसललाई बिर्सेर क. मोहनचन्द्र अधिकारीलाई सम्मान र स्वागत साथ फर्काएमा हामी पार्टीप्रति माया र आशा राख्नेलाई सन्तोष हुन्थ्यो।

*- हरिमाया पहारी, देवी तिमिल्सिना,*
*टीकादेवी तिमिल्सिना,*
*विष्णुमाया तिमिल्सिना*
(एमाले कार्यकर्ताहरू)कास्की कालिका गाविस-२ धुवाखोला

## क. मोहनचन्द्र एमालेमा नफर्कनोस्!

एमालेमा संस्थापक सदस्य भएर धेरै दशकसम्म काम गर्नुभएका क्रान्तिकारी नेता क. मोहनचन्द्रले हालै एमाले परित्याग गर्नु भएको खबरले क्रान्तिकारी कम्युनिष्ट कार्यकर्ताहरूलाई ज्यादै हर्ष लागेको छ। वास्तवमा वहाँ जस्तो विगतमा १७ वर्षसम्म पञ्चायती कालकोठरीमा बसी निरन्तर संघर्ष गर्नुभएको व्यक्तित्व हालको एमालेमा बसिरहनु उचित थिएन। धेरै अगाडि नै वहाँले एमाले त्यागेर क्रान्तिकारीहरूको नेतृत्व गर्नुभएको भए ज्यादै राम्रो हुन्थ्यो। एमालेको वर्तमान नेतृत्व वर्गसँग वहाँको सनोतिनो मतभेद थिएन। सन् १९५६ पछिको रुसी र चिनियाँ कम्युनिष्ट पार्टीको 'महान विवाद' भन्दा पनि ठूलो मतभेद थियो त्यहाँ। तर यति हुँदाहुँदै पनि वहाँ आफ्नो पार्टी अनुशासन तोडेर जथाभावी बोल्दै हिँड्नु भएन, बरू निरन्तर संघर्ष गरिरहनु भयो। हालको नेकपा एमाले अब पूर्णतः पूँजीवादी पार्टीमा परिणत भइसकेकोले धनसम्पत्ति वा पदको लोभमा अझै पनि त्यहीं पार्टीमा बसिरहनु वहाँको लागि उचित थिएन।

*- रमेश खनाल, झापाली*
शिनश्चर- ९, झापा, हाल : घोपा, धरान

## एमाले सरकारलाई सहयोग

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको बारेमा बढी जानकारी पाउन सकिने हुनाले 'मूल्यांकन' हामी जस्ता दुर्गम ठाउँमा बस्नेहरूलाई पनि उत्तिकै लोकप्रिय बनेको छ। नेपालमा विभाजित र संकीर्ण मानसिकतामा रुमल्लिरहेका विभिन्न वाम पार्टीहरूबीच न्यूनतम सवालहरूमा सहमतिमा ल्याउने काममा यसले सफलता हासिल गरेको छ। विश्व कम्युनिष्ट आन्दोलनमा थप ऊर्जा प्रदान हुने गरी नेपालमा प्रथम पटक ऐतिहासिक रूपमा कम्युनिष्ट पार्टी सरकारमा आएको छ। यद्यपि यसले तुरुन्त आमूल परिवर्तन गर्ने कुरा असंभव छ। तर उद्देश्यमा पुग्नको लागि कम्युनिष्टहरूलाई सुनौलो मौका मिलेको छ। यस्तो अवस्थामा कोही पार्टीले राजा, काँग्रेस र एमालेमा भिन्नता नभएको प्रतिक्रिया व्यक्त गरेको हुनाले आन्दोलनलाई हानी हुने धोकापूर्ण प्रयास नहोला भन्न सकिन्न। मूल्यांकन मासिकले सो सरकारलाई सहयोग गर्न र कुनै वाम समर्थकहरूले पनि यो सरकारलाई विनापूर्वाग्रह हरतरहले सहयोग र सुझाव दिँदै गलत प्रवित्तिको आलोचना गरी सही मार्गतिर लगाई नेपालमा सधैं वामपन्थीको सत्ता कायम राख्न सघाउ पुऱ्याउनका लागि म यही पत्रिका मार्फत सबैमा अनुरोध गर्न चाहन्छु।

*- सुरेन्द्र घले*
डादी, लमजुङ


## पढ्नु होस्

**साप्ताहिक :** दृष्टि, प्रकाश, जनादेश, छलफल, हॉक र पृष्ठभूमि

**साहित्यिक :** लहर, कलम, र वेदना

**दैनिक :** विश्वभूमि

# नेबिको

नयाँ

आवश्यकता

बिस्कुटहरु

तपाईको स्वास्थ्य, वचत र सम्मान प्रति जत्तिको होसियार छ त्यत्तिकै आफ्नो गुणस्तर प्रति छ।




**नेबिको प्रा. लि.**
काठमाडौं, नेपाल

---

पञ्चकन्या नै किन...?

*गुणस्तरले धेरै फरक पार्छ*



प्रयोग गरी हेर्नुहोस्, फरक बुझ्न गाह्रो पर्दैन
अतुलनीय शक्ति र मजबुत पकड क्षमताको अपूर्व संगम
घर तपाईको प्रतिष्ठा हो, त्यसमा सम्झौता किन ?

## पञ्चकन्या ४ आर टी फलामे छड

उपभोक्ताको सुरक्षा र सन्तुष्टीको लागि हाम्रो नयाँ प्रस्तुती
गुणस्तर प्रमाण चिन्ह र तौल ट्याग सहितको एक भरपर्दो छड

*...सदैव विश्वासिलो*

**पञ्चकन्या** आइरन इण्डष्ट्रिज प्रा. लि.
कोटिहवा, भैरहवा, फोन २०३६८, २०५७२
मुख्य कार्यालय : पो. ब. नं. २७४३, कृष्ण गल्ली, पुल्चोक, ललितपुर, फोन : ५२६५५१, ५२५१७२

---



Mark of Quality Leather Wings
for real walking pleasure

## डाक्ट्रीन

(खुद्रा मूल्य रू. ८३९।९९)

युवा तथा युवती दुवैलाई हुने अत्याधुनिक TPR सोल राखी तयार गरिएको **डाक्ट्रीन** नामको जुत्ता कारखानाका शो रूमहरूमा उपलब्ध छ । स्टक सीमित छ, मौकाको फाइदा उठाउनु होला ।

## लेदर विङ्गस प्रा. (लि.)

बाँसबारी, काठमाडौं- ३, पो.व. नं. ७२४०, फोन नं. ४११-७२०

**कृपया लोगो हेरी खरिद गर्नु होस्**

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५०/५१

Announcing

The only non-stop flight to

# KATHMANDU

FROM

## BOMBAY

EVERY MONDAY & FRIDAY




| RA 201 | FLIGHT NUMBER | RA 202 |
|---|---|---|
| B757 | TYPE OF AIRCRAFT | B757 |
| MON, FRI | DAYS OF OPERATION | MON, FRI |
| 1400 ↓ 1620 | DEP KATHMANDU ARR<br>ARR BOMBAY DEP | 2030 ↑ 1740 |

**Royal Nepal Airlines**

Bombay
Tel: 2181-431/440, 232438

Delhi
Tel: 332-1572/1164/0817

Calcutta
Tel: 298634

Kathmandu
Tel: 220757 214640